# प्रथम अध्याय

# अनुसन्धान परिचय

## १. परिचय (Introduction)

विश्वसभ्यतामा नेपालको इतिहास निकै प्राचीन मानिन्छ । यस नेपाल भूमिमा मानव विकासक्रमका धेरै अवशेषहरू पाइएका छन् । नेपालको शिवालिक क्षेत्रमा करिव आठ देखि चौध लाख वर्षपूर्वका घुमन्ते मानवका अवशेषहरू पाइएका छन् (Hutt,1994:1) । नेपालमा पौराणिककालमा विपश्वी बुद्ध र भगवान् श्रीकृष्णको काठमाडौं उपत्यकाको आगमनलाई नेपाली संस्कृतिमा महत्वपूर्ण घटना मानिन्छ । श्रीकृष्णले काठमाडौं उपत्यकामा सर्वप्रथम मानववस्ती बसाउनुका साथै राजनीतिक परम्परासमेत बसालेको प्रसङ्ग पाइन्छ । गोपालवंशी नामका शासकहरू नै प्रथम शासकहरू हुन् । यसपछि महिषपालवंशी शासकहरू तथा किराँतवंशी शासकहरूले नेपालमा शासन गरेका थिए । नेपालको इतिहासमा प्रमाणिकरूपमा लिच्छविवंशीय शासकहरूको शासन निकै महत्वपूर्ण मानिन्छ ।

नेपालमा लिच्छवि शासनव्यवस्थापश्चात केही समय इतिहासमा अस्पष्टता भए तापनि चौधौं शताव्दिमा जयस्थिति मल्लको उदयपश्चात सांस्कृतिक पुनः-जागरण भएको पाइन्छ । नेपालमा पृथ्वीनारायण शाहको एकीकरणपश्चात केही हदसम्म राजनीतिक, सांस्कृतिक र सामाजिक एकता गराउने प्रयास भयो ।

नेपाल देशको एकीकरण गर्ने अभियान पृथ्वीनारायण शाहबाट थालिएको भए पनि राणाकालसम्ममा नेपालसम्म यहाँको भौगोलिक सीमाना विस्तार भएर गयो । विश्वको भौगोलिक परिवेशमा नेपाल दक्षिण-एसियामा अवस्थित रहेको छ । यसको भौगोलिक अक्षांश २६°२२' देखि ३०°२७' उत्तर र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको जम्मा क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ । यो क्षेत्रफल पृथ्वीको जम्मा क्षेत्रफलको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३० प्रतिशत पर्दछ । (श्री ५ को सरकार, २०६१:१) । नेपालको पूर्व मेची नदीको सिमाना र

पश्चिममा महाकाली नदीले सीमाना निर्धारण गरेको छ । पूर्व-पश्चिम लम्वाई ८८५ कि.मि. छ उत्तरमा तिव्वत-चीन र दक्षिणमा भारत रहेको छ । यसको सरदर चौडाई १९३ कि.मि. रहेको छ (श्री ५ को सरकार, २०६१:१) ।

विश्वमानचित्रमा नेपाल सानो भए तापनि ऐतिहासिक, सामाजिक, सांस्कृतिक र भौगोलिक दृष्टीकोणले विशिष्ट मानिन्छ । नेपालको सांस्कृतिक विविधता यहाँ समान रूपमा पाइन्छ । भौगोलिक र हावापानीको विविधताझैं नेपालको सांस्कृतिक विविधता पनि निर्धारण भएको छ । नेपालमा ६० आदिवासीहरू र अन्य विविध जातजातिहरू र तिनीहरूको सांस्कृतिक विविधताले नेपाललाई धनी बनाएको छ ।

पुरातात्विक सम्पदाहरूले नेपाली संस्कृतिमा विशिष्ट पहिचान गरिएका छन् । यहाँ बौद्ध र हिन्दू धर्मअन्तर्गत विभिन्न मूर्ति, मन्दिर, विहार, स्तूप, दरबार आदिले विश्व सभ्यतामा पहिचान गराएका छन् । नेपालका कतिपय सम्पदाहरू विश्वसम्पदा-सूचीमा पनि सूचीकृत भएका छन् । यी सम्पदाहरूका विशिष्ट कलाकारिताले नेपाली संस्कृतिमा अद्धितीय योगदान पुऱ्याएका छन् । नेपालका सांस्कृतिक सम्पदाहरूलाई महत्व दिदैं "एन एकाउण्ट अफ नेपलीज हिस्ट्री" मा  कर्कपेट्रिकले भनेका छन्:- "यहाँ जनताहरूभन्दा धेरै मूर्तिहरू र घरहरूभन्दा धेरै मन्दिरहरू छन् ।"

नेपाली इतिहास र संस्कृतिमा प्राचीन तथा मध्यकालीन विभिन्न स्थलहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता सम्पदाहरू नेपाली संस्कृति पहिचान गराउने महत्वपूर्ण स्रोतहरू हुन् । नेपालका पुरातात्विकस्थलहरू विश्वसम्पदासूचीमा पनि सूचिकृत भैसकेका छन् । विश्वसम्पदासूचीमा दशवटा सम्पदाहरूमा आठवटा सम्पदाहरू सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरू नै छन् । इतिहासको प्रारम्भिक समयदेखि नै सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण रहेको नेपालमा विभिन्न धर्मसँग सम्वन्धित स्थलहरू ज्यादै नै महत्वपूर्ण छन् । हिमालयको देश नेपालमा गौतम बुद्धको जन्मस्थल लुम्विनी, पशुपतिनाथ, चाँगुंनारायण, स्वयम्भू, बौद्धनाथ, जनकपुर, गोसाइकुण्ड आदि स्थलहरू नेपाली संस्कृतिका अनुपम भण्डारहरू हुन् । यी सांस्कृतिक महत्वका स्थलहरू हिन्दू र बौद्ध धर्म मूर्ति, मन्दिर, विहार, स्तुपहरू यत्रतत्र छरिएर

रहेका छन् । हिन्दू र बौद्धधर्मसँग सम्वन्धित स्मारकहरू एकै परिसरमा अवस्थित हुनुबाट नेपाल एक धार्मिक समन्वयको देशको रूपमा विश्वमानचित्रमा परिचित छ ।

काठमाडौं उपत्यकामा मात्र सातवटा पुरातात्विक स्थलहरू विश्वसम्पदासूचीमा सूचिकृत छन् । यी सम्पदाहरूमध्ये प्राचीन समयदेखि नै नेपालको इतिहास र सांस्कृतिको महत्व दर्शाउने पशुपतिनाथ, बौद्धनाथ र स्वयम्भूनाथ हिन्दू र बौद्धधर्मसँग सम्वन्धित स्थलहरू हुन् । हनुमानढोका दरबार, पाटन दरबार र भक्तपुर दरबार मध्यकालीन नेपालका मल्ल राजाहरूका दरबारहरू र दरवार परिसरमा रहेका अन्य पुरातात्विक स्मारकहरू रहेका छन् । प्राचीनकाल र मध्यकालमा काठमाडौं उपत्यकामा मानव सभ्यता र संस्कृतिको विकास सँगसँगै विभिन्न पुरातात्विकस्थलहरूको विकास भएको पाइन्छ । प्राचीनकालमा हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित नै धेरै मूर्तिहरू निर्माण भएका थिए । मूर्तिहरूको साथसाथै भवन दरबार, विहार निर्माण भएको प्रमाण विभिन्न लिच्छविकालीन शिलालेखहरूबाट थाहा पाउन सकिन्छ । मध्यकालमा पनि पुरातात्विक सम्पदाहरूको विकासमा महत्वपूर्ण योगदान पुगेको थियो । मध्यकालमा निर्माण भएका विभिन्न सम्पदाहरू हालसम्म पनि अस्तित्वमा रहेका छन् ।

नेपालमा विभिन्न भाषाभाषी जातजातिका मानिसहरू बासोवास गर्दछन् । उनीहरू आफ्नै रहनसहन चाडपर्व, भेषभूषा, संस्कृति, धर्म, रीतिरिवाज मान्ने गर्दछन् । त्यस्तै हिन्दूधर्ममा प्रचलित विभिन्न धर्महरू जस्तै बैष्णव, शाक्त, बौद्ध धर्म मध्ये शैव धर्म पनि एक हो जसको इतिहास निकै प्राचीन र महत्वपूर्ण छ । हिन्दूहरूको सम्पूर्ण धर्म संस्कृति र सभ्यताको उद्गम स्थल वेदलाई मानिन्छ । वेदमा शिवको रुद्ररूपको चर्चा गरिएको छ। वैदिक धर्म हिन्दू धर्मको मूल आधार हो । यो वहुदेववादी धर्म हो, जसमा देवताहरूलाई पृथ्वी, वायुमण्डल र स्वर्ग गरी तीन स्थानमा विभाजन गरिएको छ । यीमध्ये शिव वायुमण्डल स्थानमा पर्दछन् । यहाँ सवै देवताको समान महत्व देखिन्छ । फरक यतिमात्र छ कि कुनै देवताको वर्णन थोरै श्लोकमा गरिएको छ भने कुनै देवताको धेरै श्लोकमा गरिएको छ । शिवको अस्तित्व अग्नि जल, औषधि, बनस्पति सवै मानेर सम्पूर्ण देवताका मालिकको रूपमा “महादेव” नामले सम्वोधन गरियो । ऋग्वेदभन्दा पहिले प्रागऐतिहासिककालमा पनि शिवको पूजा उपासना भएको

कुरा सिन्धुघाँटीमा शिवलिङ्गका प्रतीक मूर्तिहरू पाइएबाट थाहा हुन्छ । ऋग्वेद, सामवेद र अर्थववेदमा शिवलाई विनाशकारी देवताको रूपमा वर्णन गरिएको छ । रामायण महाभारत महाकाव्यकालमा आएर शिव लोकप्रिय देवताको रूपमा प्रसिद्ध भए ।

प्राचीनकालदेखि नै नेपालले विश्वभरिमा  धार्मिकस्थलको रूपमा प्रसिद्धि कमाएको छ । नेपाल हिमालयको काखमा अवस्थित भएकोले यहाँ अनेक देवीदेवताहरूले वसोवास गर्दै आएका छन्, जसमध्ये भगवान् शिव पनि एक हुन् । पौराणिककालमा नै नेपालमा विभिन्न शिवलिङ्गहरू स्थापना भएको उल्लेख पाइन्छ । जस्तैः किराँतेश्वर, किलेश्वर, गोपालेश्वर र गोकर्णेश्वर आदि शैव स्थलहरू छन् । त्यसै क्रममा लिच्छविकाल देखि भने तिथिमितिसहित प्राप्त मूर्तिहरू र मन्दिरहरू बन्न थाले । जसमा वैष्णव धर्म, शैव धर्मसँग सम्वन्धित मूर्तिहरू पनि प्रशस्तमात्रमा बन्दै गए । मल्लकालमा पनि यस क्रमले निरन्तरता पाउँदै गयो । राणाकाल हुँदै शाहकाल र हालसम्म पनि यस्ता मन्दिर, मूर्ति, शिलालेख अभिलेखहरू निर्माण गर्न लगाउने चलन छदैंछ । कसैले ख्याति बढाउन, धर्म कमाउन, कसैले आफ्ना वीर पूर्खाको नाममा, कसैले आफू अमर हुन, कसैले स्वेच्छाले, निस्वार्थ  “सेवा नै परम धर्म” हो भन्ने भावले त कसैले आफूले जानेर वा अन्जानमा गरेको पापबाट मुक्ति पाउन पनि यस्ता मन्दिर, मूर्ति, सत्तल, पाटीपौवा, धर्मशाला, स्थापना गर्ने गर्दछन् ।

त्यही परम्परालाई निरन्तरता दिदै काठमाडौंको दक्षिणपट्टि पचलीभैरवदेखि ठीक मुनिपट्टि बमविरविकटेश्वर नामले प्रसिद्ध तीन देवल शिवालय रहेको छ । चार तहको पेटिकामाथि अष्टकोणाकार मण्डला शैलीमा शिव पाञ्चायन स्वरूपमा अवस्थित यो शिवालयमा एकै स्थानमा तीनवटा सँगसँगै उभिएको तले र शिखर शैलीको समिश्रणबाट निर्माण गरिएको मन्दिर हो । यस मन्दिरमा पनि पशुपति मन्दिरमा जस्तै वीचमा मुख्य देवताका रूपमा शिव मन्दिर पूर्वतर्फको शिखरको पूर्वमा इन्द्र, उत्तरमा इशान -शिव) र दक्षिणमा अग्नि मूर्तिहरू छन् । माफ्कको दक्षिणपट्टि देवलमा यमराज र उत्तरपट्टि दवलमा कुवेर मूर्तिहरू पाइन्छन् । त्यस्तै पश्चिमतर्फको शिखरको पश्चिममा वरुण, उत्तरमा वायु र दक्षिणमा नैरित्य मूर्तिहरू रहेका छन् । यसरी अष्ट दिक्पालका

मूर्तिहरू क्रमश पूर्व, आग्नेयकोण, दक्षिण, नैऋत्यकोण, पश्चिम, वायव्यकोण, उत्तर इशानकोण दिशामा गरेर क्रमश इन्द्र, अग्नी, यमराज, नैऋत्ति, बरुण, वायु, कुवेर र ईशान मूर्तिहरू तिनवटै शिखरहरूमा रहेका देखिन्छन् । यो मन्दिर राणा प्रधानमन्त्री जंगबहादुर बेलायत गएको बेला १९०७ मा सवै जिम्मा आफ्ना भाई बमबहादुर कुँवर राणालाई सुम्पेर गएका थिए । त्यसै समयमा बमबहादुर कुवर राणाज्यूले आफूले जंगबहादुरसँग मिली थुप्रै पर्वहरूमा सामेल भई नरसंहार गरेकोले र ती मृतात्माहरूको शान्तिको लागि यस स्थलमा आफ्नो नाममा बमविरकटेश्वर शिवालय स्थापना गर्न लगाए । उनले म अब आइन्दा कहिले पनि नरसंहार गर्दिन भनी श्री गुह्येश्वरी माई मन्दिर परिसर अगाडि ढुँगाको खम्वामाथि सुनको जोर सिंहले बोकेको सुनैको तरवारसहितको भव्य स्तम्भ बनाई चढाए बमविकटेश्वर शिवालयको निर्माण गर्नुका साथै वाग्मती नदी किनारमा श्री रामचन्द्र तथा हनुमानजीको मन्दिर निर्माण गरे र उक्त गुठीको संचालनका लागि काठमाडौं, भक्तपुर र ललितपुरमा गरी जम्मा ६७० रोपनी जग्गा खरिद गरी गुठी स्थापना गरेका थिए । उनले श्री भद्रकाली माईको मन्दिरमा सुनको जलप लगाएको झल्लर, तोरण चढाएको र उक्त झल्लर र तोरण बर्षको एक पटक फेर्ने, घोडे जात्राको दिन बोकाको वलि दिने परम्परा चलाएको तथा श्री गुह्येश्वरी माईको हरेक महिना शुक्लपक्ष अष्टमीमा वलि पूजा गर्ने व्यवस्था गरेका थिए । यस मन्दिरको गुठीअन्तर्गत विभिन्न मन्दिर एवम् सत्तलहरू रहेका छन् । त्यसैले पनि यो बमविकटेश्वरको धार्मिक एवम् सांस्कृतिक दृष्टिमा ठूलो महत्व रहिआएको छ ।

यो मन्दिरको तीरमा वारिपट्टि बमविकटेश्वर शिवालय र पारिपट्टि राजतीर्थघाट रहेको छ । यो मन्दिर वरिपरि विभिन्न मन्दिर एवम् सत्तलहरू रहेका छन् । आसपासमा रहेका मन्दिरहरूमध्ये इन्द्रभक्तेश्वर, जगन्नाथ, लक्ष्मीनारायण, पञ्चलिङ्ग महादेव, रामसीता, नरसिंह मन्दिर आदि प्रमुख छन् । त्यस्तै आसपासमा रहेका सत्तलहरूमध्ये इन्द्रभक्तेश्वर सत्तल, लक्ष्मीनारायण सत्तल र राधाकृष्ण सत्तल आदि मुख्य रहेका छन् । यहाँ बमवहादुर कुँवर राणाका सन्ततिको दाहसंस्कार र क्रिया हुने गर्दछ भने घरवारविहिन गरीव सामान्य स्तरका बुढाबूढी र अनाथहरूलाई आश्रय दिने जस्तो

महान पुण्यको काम हुँदै आएको छ । यहाँ आफ्ना मानिस मरेर क्रिया बस्ने ठाउँ नभएकाहरूले यही बमविकटेश्वर शिवालयमा क्रिया बस्न दिने महान कार्यसमेत हुँदै आएको छ । मठ मन्दिरहरूको नित्य पुजा, वर्षवन्धन तथा पर्वपूजाको पनि राम्रो व्यवस्था गरेको पाइन्छ । त्यसैले यस्तो धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक एवम् ं सामाजिक दृष्टिले महत्व राख्ने यस क्षेत्रको अध्ययन-अुनसन्धान गर्न आवश्यक भएकोले यस शोधपत्रमा यही मन्दिर र आसपासका विविध सांस्कृतिक पक्षहरूको अध्ययन गरिएको छ । बमबहादुरका तीन दाजुभाईको नामबाट यस मन्दिरको नाम “बमवीरविकटेश्वर” राखिएको हो । जेठाको नाम टेकबहादुर, माइला बमबहादुर र कान्छा यक्ष विक्रमको नाम समेटिएर राखिएको हो (श्रोतः बमविरविकटेश्वरका अध्यक्ष श्री राजविक्रम कुवर राणा) ।

## १.२ समस्या कथन (Statement of the Problem)

यस “बमविकटेश्वर शिवालय” को हालसम्म विस्तृत रूपमा कुनै अध्ययन अनुसन्धानकार्य भएको देखिदैन । यस स्थलको ऐतिहासिक, सांस्कृतिक र सामाजिक दृष्टिकोणले निकै महत्व रहेको छ । त्यस बमविकटेश्वर शिवालयको ऐतिहासिक सन्दर्भको साथसाथै यस स्थलको प्राङ्गणमा रहेका विभिन्न मूर्तिहरू, लिङ्गहरू शिलास्तम्भहरू र शिलालेखहरूले यस मन्दिरको कला र वास्तुकलाले अझ बढी महत्व झल्काउने गर्दछ । यस्तो स्थल हालसम्म अनुसन्धानबाट ओझेलमा परेकोले यस अध्ययनको मुख्य समस्या नै यस स्थलमा रहेका स्थलहरूको सांस्कृतिक, ऐतिहासिक र सामाजिक रूपमा प्रकाश पार्दै यस्ता स्थलको संरक्षण र सम्बर्द्धनमा जोड दिनु हो । यो स्थल वाग्मती नदीको किनारमा भएकोले यसै स्थलको सम्वन्धले यहाँको सांस्कृतिक अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्य (Objective)

कुनै पनि अध्ययनलाई पूर्णता दिनका लागि यसका खास उद्देश्यहरूलाई उल्लेख गर्नु महत्वपूर्ण हुन्छ । हाल सम्म बमविरविकटेश्वर शिवालयको अध्ययन नभएकोले यससम्बन्धी अध्ययन गर्नु यस शोधपत्रको मुख्य उद्देश्य हो । अन्य उद्देश्यहरू हुन् -

- यस बमविकटेश्वर शिवालयको सांस्कृतिक, सामाजिक र ऐतिहासिक महत्वको प्रकाश पार्नु ।
- यस मन्दिर परिसरमा रहेका अन्य सम्पदाहरूको प्रकाश पार्नु ।
- यस स्थलको कला र वास्तुकलाको चित्रण गर्नु ।
- यस मन्दिर परिसरमा रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धनमा सहयोग पुऱ्याउनु ।

## १.४ अध्ययनको महत्व (Significance)

नेपालमा विभिन्न धार्मिक सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण स्थलहरू यत्रतत्र छरिएर रहेका भए पनि ती सांस्कृतिक महत्वका स्थलको सुनियोजित ढंगबाट अध्ययन हुन सकेको छैन । यस्तै सांस्कृतिक महत्व बोकेका स्थलहरूमध्ये टेकु पचलीभैरव जाने बाटोमा अवस्थित बमविकटेश्वर शिवालय पनि एक हो । यो स्थल हालसम्म अध्ययन अनुसन्धानबाट ओझेल परेको हुनाले यस अध्ययनबाट यस स्थलको ऐतिहासिक र सांस्कृतिक रूपमा निकै महत्व हुन सक्नेछ । यस स्थलको सांस्कृतिक विश्लेषणबाट यहाँका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्नसमेत ठूलो सहयोग पग्ने देखिन्छ ।

## १.५ अध्ययनको सीमा र क्षेत्र (Scope and Limitation)

यस अध्ययनको क्षेत्र काठमाडौं जिल्ला अन्तर्गत टेकु वाग्मती नदीको किनारमा अवस्थित "बमविकटेश्वर शिवालय" र यस परिसरमा रहेका र वास्तुकलाको अध्ययन गरिएको छ । यसका अतिरिक्त अन्य विभिन्न सांस्कृतिक सम्पदाहरूको पनि अध्ययन गरिएको छ ।

## १.६ पूर्वकार्य समीक्षा (Literature Review )

अध्ययनसँग सम्बन्धित विभिन्न ग्रन्थहरू, शोधकार्यहरू र अभिलेखहरूको समीक्षा गर्नाले कुनै पनि अध्ययनलाई अझ बढी बैधता प्रदान गर्दछ । हालसम्म यस

स्थल अन्तर्गत कुनै पनि कार्यहरू नभए पनि यस स्थलजस्तै सम्वन्ध राख्ने केही शोधकार्यहरूले यस अध्ययनलाई सहयोग पुऱ्याउने छन् । यस अध्ययन अन्तर्गत निम्न कार्यहरूको समीक्षा गरिएको छ :-

❖ प्र.जगदीशचन्द्र रेग्मीद्वारा लिखित "शाहकालीन कला र वास्तुकला"(२०३३) ग्रन्थमा लेखक रेग्मीले शाहकालमा बनेका विभिन्न कला र वास्तुकलाहरूको चर्चा गरेका छन् । यस ग्रन्थमा लेखकले बमविकटेश्वर मन्दिरको अवस्थिति, वास्तुकला, वरपरका मूर्तिहरू, निर्माण सामग्री, निर्माण कर्ता, जनश्रुति आदिको बारेमा संक्षिप्त वर्णन गरेको हुनाले शोधपत्र तयार गर्ने क्रममा यो ग्रन्थ सहयोगी बन्न पुगेको छ ।

❖ मदन मोहन मिश्रद्वारा रचित "नेपाली संस्कृतिमा शिव महिमा"(२०४३) पुस्तकमा मिश्रले सम्पूर्ण पानाहरूमा शिवको महत्व एवम् महिमाको बारेमा वयान गरी समय खर्चेका छन् । यस पुस्तकमा शिवसँगसम्वन्ध राख्ने विभिन्न शैव मन्दिरहरू एवम् ६४ महादेव लिङ्ग यात्रा मध्ये श्री विकटेश्वरको अवस्थिति प्राप्ति र विकटेश्वरको सन्दर्भमा साँगाको अभिलेख समेत उल्लेख गरिएकाले यो पुस्तक शोधपत्रको लागि सान्दर्भिक हुने देखियो ।

❖ डा. वीणा पौड्यालद्वारा रचित यहाँ समीक्षित "सर्वेश्वर महादेव" (२०६०) नामक पुस्तक जम्मा सात अध्यायमा विभाजन गरेकी छन् । प्रथम अध्याय परिचय खण्डका रूपमा, दोश्रो शैव धर्म र प्रमुख सम्प्रदायहरू, तेस्रो शिवका प्यारा भक्तहरू नन्दी, जैगीषन्य, योगाचार्य, ऋषिगण, बालखिल्य, परशुराम, कुवेर, भृङ्गी, ऋषिहरू दधिची, मार्कण्डय, भागीरथ, पञ्चाक्षरी, शिवमन्त्र, शातरुद्रीयस्तोत्र, गंगापार्वती, त्रिशूल डमरु आदिको सुन्दर रूपमा चर्चा गरिएको छ । त्यस्तै चौथो अध्यायमा शिवलिङ्गका प्रकारहरूअन्तर्गत परिचय, पाँचौ अध्ययामा मन्दिरको कला र वास्तुकलाको चर्चा गर्ने क्रममा वास्तुशैली, शिवलिङ्ग, बिष्णु हारती,

मंगलामुखी उन्मत भएर उमामहेश्वर, कुवेर, सूर्य, हरिहर आदि वरिपरिका मूर्तिहरू आदिको बयान छ । छैटौ अध्यायमा मन्दिरको पूजा र प्रमुख पर्वहरूको चर्चा गर्ने क्रममा अक्षय तृतीय, जनै-पूर्णिमा, रुद्रीपाठ, शिवरात्रि, पञ्चवलि आदिको संक्षिप्त वयान छ । त्यस्तै सातौ अध्यायमा निष्कर्ष चित्र एवम् रेखाचित्रहरू समावेश गरिएको छ । यस ग्रन्थमा "बमविरविकटेश्र शिवालय" को उल्लेख नभए पनि यो ग्रन्थले शोधपत्र तयार गर्ने क्रममा मार्गदर्शन गर्ने पूर्ण विश्वास गरिन्छ ।

❖ चिरञ्जीवी शर्मा पोखरेलद्वारा अनुवादित कृति नेपाल माहात्म्य (२०४५) लाई जम्मा २९ अध्यायमा विभाजन गरी लेखकले नेपालको सांस्कृतिक महिमाको बोध गराएका छन् । यस कृतिमा ६४ लिङ्गको नाम, पशुपति, गुहेश्वरी, पीठको महत्व, आर्यघाटका अनेकौ तिर्थहरूको वर्णन, चार नारायण, चार गणेश, अष्ट भैरव, सप्तकाली, सप्तकोशी, सप्त गण्डकी, चार मच्छिन्द्र आदिको चर्चा गरेका छन् । आफ्ना देशमा रहेका देवस्थल, तीर्थस्थल, नदी पहाडको धार्मिक एवम् सांस्कृतिक महत्वबारे लेखकले राम्ररी उल्लेख गरेका छन् । यस कृतिमा सानेपा जाने बाटोछेउमा अवस्थित राजतीर्थ घाट को एतिहासिक महत्ववारे चर्चा गरिएको र बमविकटेश्वर मन्दिर पारी यो घाट रहेकोले यस क्षेत्रको अध्ययन गर्ने क्रममा यस शोधपत्रका लागि यो ग्रन्थ उपयोगी देखिन्छ ।

## १.७ अनुसन्धान विधि (Research Methodology)

कुनै पनि अध्ययन गर्नका लागि खास विधि अपनाउनु पर्ने हुनाले प्रस्तुत यस अध्ययनका लागि निम्न अनुसन्धान ढाँचा, तथ्याङ्क संकलन विधि र तथ्याङ्कहरूको विश्लेषण गरिएको छ :-

**७.१.१ अनुसन्धान ढाँचा :** यस शोधपत्र तयार पार्ने क्रममा बमविकटेश्वर र आसपास रहेका मन्दिर र सत्तलहरूका अतिरिक्त यहाँ रहेका विभिन्न पुरातात्विक

सम्पदाहरूको विश्लेषणात्मक र व्याख्यात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएकोछ ।

७.१.२ **तथ्याङ्क संकलन विधि** : खास रूपमा यस स्थलसम्वन्धी अध्ययन कार्यहरू नभएको हुनाले यस अध्ययनको उद्देश्य पूरा हुने गरी प्राथमिक तथ्याङ्क संकलन विधिलाई मुख्य रूपमा अपनाइएको छ भने प्राप्त प्राथमिक तथ्याङ्कहरूको बैधताका लागि द्वितीय तथ्याङ्क सङ्कलन विधि पनि अपनाइएको छ ।

७.१.३ **प्राथमिक तथ्याङ्क संकलन विधि** : शोधकर्ताको प्रत्यक्ष र परोक्ष संलग्नताबाट यस अध्ययनलाई प्रभावकारी ढंगले प्राथमिक तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको छ । यस शोधकार्यलाई तथ्याङ्क संकलन गर्नका लागि अवलोकन, अन्तरवार्ता र फोटोग्राफी विधिलाई अपनाइएको छ ।

७.१.३.१ **अवलोकन** : अध्ययन क्रममा शोधाथीको प्रत्यक्ष संलग्नताबाट यस क्षेत्रको सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । साथै अन्य स्थलसँग यस स्थलको तुलनात्मक अध्ययन अवलोकन गरी अध्ययनलाई सकेसम्म प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

७.१.३.२ **अन्तरवार्ता** : यस स्थलसँग जानकारी गराउने विभिन्न व्यक्तिहरूलाई संरचित र असंरचित अन्तरवार्ता लिइएको छ । तथ्याङ्क सङ्कलन गर्ने क्रममा करिव १५-२० जना व्यक्तिसँग अन्तरवार्ता लिइएको छ ।

७.१.३.३ **फोटोग्राफी तथ्याङ्क विधि** : प्राथमिक अध्ययन र विषयसँग सम्वन्धित विभिन्न सम्पदाहरूको शोधार्थीले फोटो संकलन गरी फोटोहरू सामेल गरिएको छ ।

७.१.३.४ **द्वितीय तथ्याङ्क संकलन विधि** : यस अध्ययनलाई थप सहयोग पुऱ्याउनका लागि द्वितीय तथ्याङ्क संकलनअन्तरर्गत पूर्व प्रकाशित, अप्रकाशित पुस्तकहरू, ग्रन्थहरू, शोधपत्र,

पत्रपत्रिकाहरू, लेखहरू आदिको अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । यस क्रममा विभिन्न पुस्तकालयहरू, संकलनकर्ताहरू र अनुसन्धान केन्द्रहरूमा सम्पर्क गरिएको छ ।

७.१.३.४ **तथ्याङ्क विश्लेषण :** प्राथमिक तथ्याङ्क संकलन र द्वितीय तथ्याङ्क संकलन विधिबाट प्राप्त तथ्याङ्कहरूलाई उद्देश्य अनुरूप अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कहरूको आवश्यकता अनुसार कोडिङ्ग गर्ने र तालिका बनाई तथ्याङ्कहरूको विश्लेषण गरिएको छ ।

## ८. अध्याय विभाजन (Chapter Division)

यस अध्ययनलाई मुख्य गरी निम्न सात अध्यायहरूमा विभाजन गरी अध्ययन गर्ने प्रयास गरिएको छ :-

१. प्रथम अध्याय : अनुसन्धान परिचय

२. द्वितीय अध्याय : अध्ययन क्षेत्रको परिचय

३. तृतीय अध्याय : मन्दिरको पूजाविधि, पर्वहरू र संचालन

४. चौथो अध्याय : मन्दिर, सत्तल र अन्य स्मारकहरूको कला र वास्तुकलाको अध्ययन

५. पाँचौ अध्याय : यस स्थलको संरक्षण, सम्वर्द्धन र विभिन्न निकायहरूको भूमिका

६. छैंठौ अध्याय : निष्कर्ष र सुझाव

# दोश्रो अध्याय

# विषय प्रवेश

## २.१ अध्ययन क्षेत्रको परिचय

नेपाल पृथ्वीको सबैभन्दा ठूलो महाद्वीप एसियाको मध्यभागमा अवस्थित छ । नेपालको भौगोलिक अक्षांश २६°२२ देखि ३०°२७ उत्तर र ८०°४ देखि ८८°१२' पूर्वी देशान्तर छ । पृथ्वीको जम्मा क्षेत्रफलको ०.०३% एसिया महादेश ०.३ % क्षेत्रफल रहेको नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि. मि. छ ।

नेपाल अधिराज्यको संक्षिप्त परिचय २०६फ नेपालको पूर्वी सिमाना मेची नदी देखि पश्चिम सीमाना महाकाली नदीसम्मको जम्मा लम्बाई ८८५ कि. मि. छ । नेपालको उत्तर दक्षिण भू-भाग एकनास नभए तापनि यसको सरदर चौडाई १९३ कि. मि. छ । पूर्वी हिमालयको दक्षिणी काखमा अवस्थित नेपाल झण्डै चतुर्भुजाकार रूपमा छ ।

नेपाललाई भौगोलिक रूपमा हिमाल, पहाड र तराई गरी जम्मा तीन भागमा विभाजन गरिएको छ । साथै नेपालको चुरे भू-बनोट महाभारत उपत्यका र विभिन्न हिम श्रृखलाबाट बनेको छ । हिमश्रृखलाबाट हिउँ पग्लिएर बनेका अनगिन्ती हिमनदीहरू पाईन्छन । यी हिमनदीहरू हिमाल, पहाड र तराई हुँदै बंगालको खाडीमा खस्दछन् । नेपालको कोशी गण्डकी र कर्णाली नदीहरू र अन्य नदीहरूले नेपालको भूगोललाई विभाजन गरेको छ । भौगोलिक अवस्थिति अनुसार नेपालमा विभिन्न प्रकारको हावापानी पाइन्छ ।

यसर्थ नेपालको भौगोलिक विविधताले गर्दा यहाँको प्राकृतिक र सांस्कृतिक सम्पदाहरूमा पनि विविधता पाईन्छ । नेपालका विभिन्न भू-भागहरूमा विभिन्न मूलका बासिन्दाहरू बसोबास गर्दै आएका छन् । उच्च हिमाली भू-भाग देखि तराईसम्म विभिन्न जनजातिहरू आपसमा मिलेर बसेका छन् । यी विभिन्न जातिहरूका रहन

सहन, धर्म, पर्वहरू, रीतिरिवाज आदिमा विविधता भए पनि एक आपसमा एकता पाइन्छ ।

## २.२ काठमाडौं उपत्यका

भौगोलिक रूपमा हिमालयको काखमा सिवालिक वा महाभारत पर्वतको बीचमा काठमाडौं उपत्यका अवस्थित छ । नेपालको सबैभन्दा पुरानो इतिहास र संस्कृति भएको वाग्मती नदीद्धारा सिञ्चित आसपासको भू-भाग नै काठमाडौं उपत्यका हो । नेपालको मध्य सिञ्चित भू-भाग नेपाल उपत्यका आदिमकालदेखि नेपालको प्राचीन कला र संस्कृतिको मुख्य केन्द्र रहिआएको छ (वाङ्गदेल, २०३९:३) ।

काठमाडौं उपत्यकाको उत्पत्तिसम्बन्धी विभिन्न आख्यानहरू प्रचलित छन् । प्रचलित भनाईहरूअनुसार कुनै समयमा काठमाडौ उपत्यका जलमग्न थियो। यस भनाईप्रति भूगर्ववेत्ताहरूले पनि समर्थन जनाएका छन् । उनीहरूका अनुसार दुई लाख वर्ष अगाडि यहाँ तालको पानी सुकेको हो । भूगर्भविद् टोनी हेगनका अनुसार कुनै समयमा काठमाडौं उपत्यका पानीले भरिएको ठूलो ताल थियो । ताल सुकेपछि यो उपत्यका केही माथि उठेको छ । प्राचीन समयदेखि नै काठमाडौं उपत्यकालाई वाग्मती नदीले सिञ्चित गर्दै आएको पाईन्छ । महाभारत लेक र हिमालय पर्वतको मध्यभागमा अवस्थित काठमाडौ उपत्यकाको अक्षाँश र देशान्तर क्रमश ८५$^{\circ}$५० पूर्व र २७$^{\circ}$५० उत्तर रहेको छ (Fleming and Fleming, 1978:15) । काठमाडौं उपत्यका समुद्री सतहबाट १२०० मि. देखि १८०० मि. को उचाईमा र यहाँको औसत तापक्रम ७$^{\circ}$ से. देखि २४$^{\circ}$ से. सम्म रहेको छ ।

काठमाडौं उपत्यकाको उत्पत्ति सम्वन्धी अन्य भनाईहरूपनि प्रचलित छन् । हिन्दू र बौद्ध दुवै परम्परा अनुसार उपत्यकामा मानव बसोबासको कथा पाइन्छ । हिन्दू मान्यता अनुसार उपत्यकामा पानी जलमग्न भएको बेला भगवान् श्री कृष्णले असुरको वध गरी पानीको निकासा बनाए र त्यसपछि उपत्यका मानव निवास योग्य भयो (पाण्डे र रेग्मी, २०५४:७१) । बौद्ध परम्परा अनुसार भने उपत्यकाको

उत्पत्ति आख्यान स्वयम्भूको उत्पत्ति सँगै गाँसिएको छ । उपत्यकामा पानीको निकास खोली मानव निवास योग्य बनाउने श्रेय मञ्जुश्रीलाई दिइएको छ ।

काठमाडौं उपत्यकामा पानीको निकास खोलिएपछि सामान्यतया प्रथम राजवँशको रूपमा गोपालवंशको चर्चा गरिएको छ (पाण्डे र रेग्मी,२०५४:१०७) । गोपालवंश पछि महिषपाल र किँरातवंशले नेपालमा शासन गरेको इतिहासमा उल्लेख भए पनि तत्कालीन समयको अध्ययन गर्ने स्रोतहरू भने पुराणहरू र वंशावलीहरू मात्र हुन् । त्यसैले यस युगलाई ‘पौराणिकयुग’ भनिएको छ । लिच्छवियुग देखि नेपालको खास ऐतिहासिक युगको सुरुआत भएको हो । नेपालमा लिच्छविवंशले झण्डै चारसय वर्ष स्पष्ट रूपमा शासन गरेको उल्लेख तत्कालीन शिलालेखहरूबाट थाहा हुन्छ । लिच्छविहरूले शासन गरेपश्चात काठमाडौं उपत्यकाको इतिहास केही समय अन्धकारमय हुन पुग्यो । इस्वीको चौथो शताब्दीदेखि मल्लको शासन सुरुआत भयो । मल्ल शासनको उदय भएपश्चात् केही समय सिङ्गो राज्य शासन चलेता पनि कालान्तरमा उपत्यका तीनवटा मल्ल राज्यमा विभाजित हुन पुग्यो । पृथ्वीनारायण शाहले एकिकरण गरेपछि नेपालको इतिहासमा आधुनिककालको थालनी भयो ।

नेपालमा ऐतिहासिकयुगको थालनी भएपश्चात् तत्कालीन समयका शासकहरूले विभिन्न क्षेत्रहरूमा विकास गरे । लिच्छवियुगदेखि नै काठमाडौं उपत्यका सांस्कृतिक थलोको रूपमा विकासित हुन पुग्यो । हिन्दू र बौद्ध धर्म मान्ने मानिसहरूले अनेक मन्दिरहरू, देवालय, दरवार, विहार, चैत्यहरू आदि निर्माण गरे जुन ऐतिहासिक स्मारकहरू अद्यापि महत्वपूर्ण सांस्कृतिक सम्पदाहरूको रूपमा विश्वसामु परिचित छन् ।

विभिन्न समयमा उपत्यकामा प्रबेश गर्ने विभिन्न मूलका जातिहरू लिच्छवि, शाक्य, मल्ल, कोलिय, आभिर, वर्मन, क्षेत्रिय र ब्राहमण आदि उपत्यकाको जनसमूहमा विलिन भएका छन् । (पाण्डे र रेग्मी, २०५४:५) अन्य जातिहरू भन्दा उपत्यकामा लामो समयदेखि बसोबास गर्ने समुदाय नेवार हो । उपत्यकामा बसोबास गर्ने नेवार र भारतबाट प्रवेश गर्ने आर्यबीच सांस्कृतिक प्रमाणले गर्दा एक अर्कामा मिश्रित हुनपुगे

तैपनि उपत्यकामा लामो समयदेखि बसोबास गर्ने नेवार समुदायको नेपाली इतिहास, संस्कृति र परम्परामा ठूलो योगदान छ ।

## २.३ काठमाडौं महानगरपालिका

नेपालमा ऐतिहासिकयुगदेखि नै प्रशासनिक विभाजन हुदै आएको पाइन्छ । लिच्छवियुगमा पनि सामन्तहरूद्वारा स्थानीय स्तरबाट कार्य सम्पादन गरिन्थ्यो । नेपालमा प्रशासनिक विभाजनको लामो परम्परा छ ।

काठमाडौं महानगरपालिका नेपालको एक मात्र महानगरपालिका हो । यो नेपालको राजधानीको रूपमा रहेको मुलुकको सबैभन्दा ठूलो सहर पनि हो। काठमाडौं उपत्यकाको मुटुका रूपमारहेको यो महानगरपालिकालाई जम्मा ३५ वटा वडाहरूमा विभाजन गरिएको छ । काठमाडौ महानगरपालिका पूर्वमा भक्तपुरको ठिमी नगरपालिका र पश्चिम र उत्तरमा काठमाडौं जिल्लाका विभिन्न गा. वि. स. हरूको केन्द्रमा अवस्थित छ । नेपालका ऐतिहासिक धार्मिक महत्वका स्थलहरू पशुपतिनाथ, स्वयम्भू, बौद्धनाथ, बुढानीलकण्ठ आदि यसै नगरपालिकाअन्तर्गत पर्दछन् । देशको सबैभन्दा बढी प्रशासनिक कार्यालयहरू, ब्यापारिक स्थलहरू र महत्वपूर्ण मन्त्रालयहरू पनि यसै नगरपालिकामा अवस्थित छन् ।

## २.४ बमविरविकटेश्वर स्थलको  भौगोलिक अवस्थिति

वाग्मती र विष्णुमती नदीको सँगमस्थल टेकु दोभानको प्रसँग प्राचीन समयदेखि नै प्रचलित भएको हुनाले यस स्थलको महत्व ठूलो छ । यो स्थल पनि टेकु दोभानको आसपासमा पर्दछ । बमविरविकटेश्वरस्थल काठमाडौं नगरपालिकाको दक्षिण भू-भागमा वाग्मती नदीको किनारमा अवस्थित छ । यो काठमाडौं जिल्लाअन्तर्गत काठमाडौं महानगरपालिका वडा नं. १२ मा पर्दछ । यो मन्दिरमा तीन वटा शिखर भएकोले यसलाई तीनदेवल पनि भन्दछन् । पचली भैरवको दक्षिणतर्फ रहेको  वाग्मती घाट जाँदा बायाँतर्फ चुना सुर्कीको ठूलो प्रवेशद्धार ढुङ्गा छापेको बाटो सीधा गएमा बमविरविकटेश्वर महादेव मन्दिरको पश्चिम सत्तलको ढोका हुदै यहाँबाट भित्र गएपछि

महादेव मन्दिरको प्राङ्गणमा पुगिन्छ । दक्षिणतर्फको सत्तलको ढोकाबाट पनि वाग्मतीस्थित पचलीघाट जाने ढुङ्गा छापेको सीधा बाटो छ ।

विभिन्न देवी देवताहरूको वासस्थान तथा तीर्थस्थलहरूले भरिपूर्ण यो क्षेत्र एउटा खुल्ला ऐतिहासिक सँग्रहालयको रूपमा रहेको छ । यस वडामा रहेको जगमाय मन्दिर उपत्यकाको सबैभन्दा ठूलो दिपंकर, तुंकवहा स्तूप, बमविरविकटेश्वर शिवालय आदि यस वडाका प्रमुख धार्मिक स्थलहरू हुन । तान्त्रिक विधामा ज्ञाता प्रसिद्ध नाममा गुभाजुको (मञ्जु वज्रवज्राचर्य) जन्म राजा प्रताप मल्लको समयमा यसै वडाको मुसुम वहालमा भएकोले वडाको गरिमा अझ बढन गएको छ ।

विक्रम संवत २०५७ को प्रक्षेपित जनसंख्या १४६४५ रहेको यस वडाको पूर्वमा वडा नं. ११र२१ पश्चिममा विष्णुमती नदी, उत्तरमा वडा नं. २० र२१ र दक्षिणमा वाग्मती नदी पर्दछन् । अत्यधिक संख्यामा नेवार समुदायको बसोवास रहेको यस वडाको कूल क्षेत्रफल ५१ हेक्टर रहेको छ ।

पौराणिक मान्यताअनुसार यो स्थल नेपाल नामको नामाकरणसँग सम्बन्धित छ । 'ने' मुनिले कुनै समय तपस्या गरेको स्थल नै यही आसपासमा थियो भन्ने भनाई छ ।

बमविरविकटेश्वर मन्दिरका अलावा यस स्थलको आसपासमा अन्य थुप्रै सांस्कृतिक र धार्मिक सम्पदाहरू रहेका छन् । टेकुको प्रसिद्ध पचली भैरवको मन्दिर यही रहेको छ ।

नेपालका विभिन्न स्थलहरूमा लामो इतिहास भएका स्मारकहरू रहेका छन् । बमविरविकटेश्वर मन्दिरको त्यति लामो इतिहास नभए तापनि यो मन्दिरको सांस्कृतिक तथा धार्मिक महत्व बढी पाइन्छ । यस मन्दिरसँग सम्बन्धित थुप्रै क्रियाकलापहरू वर्षभरी नै सम्पन्न हुने हुनाले सामाजिक रूपमा पनि यो स्थल महत्वपूर्ण छ ।

## २.५ बमविरविकटेश्वरको ऐतिहासिकता र सांस्कृतिक महत्व

यस बमविरविकटेश्वरका संस्थापक हुन् राणाकालीन बमबहादुर कुँवर र कान्छी कजिनीरण कुमारीका माहिला छोरा थिए । यिनको जन्म वि. सं १८७५ मा भएको थियो । यिनले तीन विवाह गरेका थिए । जेठी पाल्पाकी मुख्यानीबाट जर्नेल बमवीरविक्रम कुवर राणा र कान्छी इन्द्रवर्दनबाट कर्णेल यन विक्रमकुवर राणा छोरा थिए । यिनको निवास गणवहाल (लगनखेल) मा थियो । यिनले सेनाको सुवेदार पदबाट जागीर सुरु गरेका थिए । उनी १९०२ सालमा कलकत्ताको लागि नेपाली वकीलमा नियुक्त भएर गएका थिए । (कार्की, २०३६:२) वि. सं १९०३ असोजको कोतपर्वको समयमा यिनी काजी पदमा थिए । त्यसको लगत्तै १९०४ सालमा यिनी कमाण्डर इन चिफ जनरल हुन पुगे । यसै समयदेखि नेपालमा प्रथम पटक सैनिकहरूले तथ्याङ्क राख्न सैनिक कमाण्डरी किताबखानाको स्थापना भएको मानिन्छ । वि. सं १९०६ देखि १९०७ साल सम्म जंगबहादुर कुँवर राणा बेलायतको भ्रमणमा जादा बमबहादुर कुँवर नेपालका प्रधानमन्त्री भएका थिए । वि. सं १९०७ मा बमबहादुर कुँवर राणाले वाग्मतीको दाहिने किनारामा बमविरविकटेश्वर महादेव मन्दिर (चौघेरा सत्तल सहित ) कृष्ण, शुभद्रा, बलरामको जगनाथ मन्दिर र हनुमान मन्दिर पनि बनाए । यिनले गुहयश्वरी मन्दिरअगाडि प्रस्तरको स्तम्भमाथि सुनको जोर सिंहले तरवार बोकेको मूर्ति तथा भद्रकाली (लुमडी) मा सुनको जलप लगाएको झल्लर र तोरण चढाएका थिए । लुमडीमा वर्षको एक पटक घोडे जात्राको दिन बोकाको वलि दिने गुठी राखे । यिनले गुह्येश्वरी माइमा हरेक महिनाको शुक्ल अष्टमीमा बोका वलि पूजा गर्ने गुठीको व्यवस्था गरे । यिनले पशुपति, देउपाटन, मृगस्थलीमा वमरामेश्वर गुठीको पनि व्यवस्था गरे । यिनले पशुपति देउपाटन मृगस्थलीमा वमरामेश्वर मन्दिर र सत्तल स्थापना गरी दिएका थिए । त्यस्तै पशुपतिनाथ मन्दिर ११० तोला सुनको नागको मुकुट चढाउनुको साथै ७००० तोला चाँदीको गरगहना प्रीति गरी चढाउने र उनको कजिनी गृवानन्दकुमारीले १० तोला सुनको नागमुकुट चढाएको सो सामानहरू यथास्थितिमा छ-छैन रेखदेख गर्न अक्षय तृतीयाका दिन उक्त गुठीको अधिकार प्राप्त व्यक्तिले गुठीकै तर्फबाट कालीगढ लगी ज्याला दिई सरसफाइ तथा मर्मत गर्न

गराउन व्यवस्था पनि गरिएको जानकारी व्यवस्थापन समितिबाट प्राप्त भएको छ । बमविरविकटेश्वर शिवको दैनिक नित्य र आरती पूजागर्न, वर्षबन्धन पूजागर्न, सदावर्त वितरण गर्न, मन्दिर सत्तल र बगैचाको मर्मत स्याहार गर्न, कृष्णाष्टमी र शिवरात्री पर्व मनाउन यिनले उपत्यकामा जम्मा ६९५ रोपनी जग्गा गुठी राखी दिएका थिए । वमविरविकटेश्वर महादेब मन्दिर भित्रको यिनको १९१३ (१६५ |६५ से.मी.) सालको ताम्रपत्र र उनको छोरा यक्षविक्रमको १९३४ सालको ताम्रपत्र परिशिष्टाङ्कमा दिइएको छ ।

वि. सं. १९०७ मा जंगबहादुर कँवर राणा बेलायतबाट फर्केको केही महिनामै बद्रिनरसिँग, जयबहादुर, करवीर खत्री तथा उपेन्द्रविक्रम शाहबाट रचिएको षडयन्त्र बमबहादुर कुँवर राणाबाट खोलिएकोले जंगबहादुर राणाले विफल तुल्याएका थिए ( कार्की, २०३६:१५) ।

वि. सं. १९११ मा बमबहादुर राणाको नेतृत्वमा गएको नेपाली सेनाले केरुङ कब्जा गर्न सफल भयो । यसै युद्धमा जंगबहादुर राणा तिब्बत जाँदा बमबहादुर राणा का. मु. प्रधानमन्त्री बने । १९१३ सालमा जंगबहादुर राणाले अकस्मात प्रधानमन्त्रीबाट राजीनामा दिई राजा सुरेन्द्रविक्रम शाहबाट लालमोहर गराई बमबहादुर राणालाई प्रधानमन्त्री बनाए । त्यही वर्ष जंगबहादुर राणालाई काँस्की र लम्जुङको श्री ३ महाराजको पद दिइएको  र बमबहादुर राणा श्री ३ महाराज जंगबहादुर राणाले थापाथली दरबारमा रात्री भोजखाना बोलाएको बेला वि. सं. १९१४ साल जेष्ठ महिनामा जंगबहादुरकै घरमा स्वर्गारोहण भयो । उनको मृत्यू भएपश्चात ३ दिन पछि मात्र घरमा जानकारी गराई जंगबहादुरद्धारा बमवहादुरका श्रीमतीहरूलाई सती जान वञ्चित गराइएको  थियो । यसरी मृत्यू हुनेमा बमबहादुर नै प्रथम प्रधानमन्त्री हुनुहुन्छ भनी जानकारी उहाँकै सन्तति हाल यस बमविरविकटेश्वर शिवालयका अध्यक्ष राजविक्रम राणाबाट प्राप्त भयो ।

# तेश्रो अध्याय

# नेपालमा शैव धर्म

## ३.१ शैव सम्प्रदाय

प्राचीन सभ्यताका जनक मानवजातिले देवतत्वको कल्पना गर्दा दृष्यजगतका कल्पनातित शक्तियुक्त वस्तुलाई नै देवता मानेको कुराको दिग्दर्शन गरियो (कोइराला, २०५१:१५) । यस्तै भारतवर्षभित्र प्राचीन सभ्यता भनेर मानिएको वैदिक सभ्यताको प्रथम चरणमा पनि यस्तै पार्थिव र अपार्थिव वस्तु वृक्ष, पर्वत, सूर्य अग्नि, विद्युत पर्जन्य, बरुण, वधु, मारुत, इन्द्र उशान आदि देवताको कल्पना गरिएको पाइन्छ ।

नेपालका प्राचीन धर्म सम्प्रदायमध्ये शैव सम्प्रदाय पनि एक प्रख्यात सम्प्रदाय हो । नेपाल माहात्म्य र हिमवत्खण्डमा नेपालमा प्रचलित शैवधर्म र सम्प्रदायवारे उल्लेख पाइन्छ । काठमाडौं, उत्तर भारत र दक्षिण भारतमा प्रचलित शैव सम्प्रदायहरूको मुख्य सिद्धान्त मिल्दो जुल्दो भएपनि दर्शन र नियममा भने हामी निकै भिन्नता पाउँछौ । कूर्म पुराणले शैव धर्मलाई तीन भागमा बाँडेको छ : १) बैद्धिक २) तान्त्रिक ३) मित्र शैव ।

सामान्यतया हिन्दूधर्म र संस्कृतिको सुरु वेदबाट भएको मानिन्छ । हिन्दू समाज धर्म र संस्कार आदि सबैका आधार वेदलाई नै मानिन्छ । यस अनुरूप शैव धर्म पनि वेदको रुद्ररूपी शिवको उपासनाबाट सुरु भएको मानिन्छ । शिवका अरु पनि अनेक रूपमा मानिसहरूले पूजा उपासना गर्ने गर्दछन् । जस्तैः शिवलाई महादेव, जटाधारी, निलकण्ठ, शर्वेश्वर, पशुपति, इसान, महेश, हर, शंकर, उमापति आदि अनेक नामले चिनिन्छ । यस मध्ये पनि शिवको रुद्ररूपलाई भयावह, डरलाग्दो जटाजुटधारी, वायुमा विचरण गर्ने मेघ विजुली वा विनासकारी रूपमा लिईन्छ । शिवलाई सवै वेदमा अनेक रूपमा मानिसहरूले पूजा उपासना गर्ने वताइएको छ ।

नेपाल र उत्तर भारतमा प्रचलित शैव सम्प्रदायका विभिन्न प्रकारहरू यस प्रकार छन् :-

१) पाशुपत

२) शैव

३) कापालिक (मुण्ड श्रृखलिक)

४) कालामुख

५) काश्मिरी शैवमत (त्रिकदर्शन)

६) वीर शैवदर्शन (लिङ्गायत सम्प्रदाय)

७) नाथसम्प्रदाय (योगिनी कौल मार्ग) (पौड्याल, २०६०:१३) ।

**१. पाशुपत सम्प्रदाय**

सर्वप्रथम महाभारतको शान्तिपर्वमा पाशुपत शैवहरूको उल्लेख गरिएको छ र शिवलाई यसको संस्थापकको रूपमा मानिएको छ । जातिय बन्धन तोड्नु र सवै वर्गले अंगाल्न सक्नु पाशुपत सम्प्रदायको विशेषता हो । शिवपछि यस सम्प्रदायको दोश्रो संस्थापक नकुलीनलाई मानिन्छ । पाशुपत सम्प्रदायभन्दा उल्लेख महाभारतमा पाइनाले यो अरु सम्प्रदायका भिन्नै र पुरानो सम्प्रदाय हो । नेपालमा पनि ईसाका पाँचौं छैंटौ शताब्दीतिर पाशुपत सम्प्रदाय अस्तित्वमा थियो भन्ने कुरा शिलालेखहरूबाट थाहा पाउन सकिन्छ । सर्वप्रथम शंकराचार्य र पछि माधवले पाशुपत सम्प्रदायका पाच सिद्धान्तहरू कार्य, कारण, योग, विधि र दुखान्तको व्याख्या गरेका छन् तर मोह प्राप्तिका लागि यी मार्ग जटिल मार्गका रूपमा मानिन्छन् ।

पाशुपत सम्पदायका अनुयायीहरूका अनुसार मनलाई विकार र वन्धनरहित बनाएमा अज्ञान र दुर्वलताबाट मुक्त हुन सकिन्छ भन्ने धारणा छ । यसपछि उ अत्याधिक ज्ञान तथा शक्ति सम्पन्न हुन्छ । शैव सिद्धान्तअनुसार त्यो व्यक्तिले शिवको सादृष्य प्राप्त गर्न सक्छ केवल सृष्टि भने गर्न सक्दैन । पाशुपत सम्प्रदायको मुख्य उद्देश्य सत्यलाई प्राप्त गर्नु हो । यसको लागि सवैले शिवको पूजा उपासना गर्नु जरुरी छ र यसका लागि यी तलका नियम पालना गर्नुपर्छ :-

१) शरीरमा खरानी घस्नु र खरानीलाई नै विछ्याउना बनाउनु ।

२) ओठ र घाँटीको सहायताले हा हा गरी आवाज निकाल्नु ।

३) जिब्रोको मद्दतले साँढेको जस्तो आवाज निकाल्नु ।

४) लर्खराउदै हिँड्नु ।

५) अज्ञानी जस्तो घृणा लाग्ने कामहरू गर्नु ।

६) निरर्थक कुराहरू गर्नु र

७) कुनै सुन्दरी युवतीलाई देखेर श्रृंगारिक हावभावमा आफूलाई प्रेमासक्त देखाउनु ।

यी माथिका कार्यहरू पाशुपत सम्प्रदायका अनुयायीहरूका दैनिक पूजाजस्तै हुन् । यस्ता अचम्मलाग्दा दिनचर्या भए पनि यिनीहरूमा दार्शनिक तत्व निहित छ । यस्ता किसिमका व्यवहारले शिवका अनुयायीहरूलाई शिव नजिक पुऱ्याउँछ भने पाशुपतहरूको पूर्ण विश्वास छ ।

## २. शैव सम्प्रदाय

अरु सम्प्रदायको तुलनामा शैव सम्प्रदाय विशेष संयम र नरम छ । यसले तप, जप, यज्ञ, योगाभ्यास र आत्माको शुद्धतामा विशेष जोड दिन्छ । शैव सम्प्रदायले तीन कुरामा विशेष जोड दिन्छ, पति, पशु र पास । तर अरु सम्प्रदायभन्दा यो सम्प्रदाय अलि जटिल प्रकारको छ किनकि यसमा दार्शनिक तत्वले प्रश्रय पाएको छ ।

**पतिः** पतिको अर्थ स्वामी र यसमा स्वामी पनि शिव स्वयं नै हुन् । शिवलाई पञ्चमन्त्र तथा इशान, तत्पुरुष, अघोर वामदेव र सद्योजात प्रतिरूप मानिन्छ । शिवका मुख्य पाँचवटा कार्य मानिन्छन्, श्रृष्टि, पालन, संहार, तिरोभाव (अपरण) र प्रसाद - अनुग्रह हुन् । शिवको दुइवटा अवस्थालाई लय र भोगावस्था भनिन्छ ।

## ३. कापालिक (मुण्डश्रृङ्खलिक)

शिवको कापालिको चरित्र र व्यक्तित्वको अनुसरण जसले गऱ्यो तिनीहरू नै कापालिकका रूपमा प्रख्यात भए । नेपालमा प्राप्त विभिन्न शिलालेखमा कापालिक सम्प्रदायहरूलाई मुण्डश्रृङ्खलिक नामाकरण गरिएको छ । सम्प्रदायकै नामको आधारबाट यसका अनुयायीहरूले शिवले मुण्डमाला लगाएको रूपको पूजा गर्ने गरेको प्रष्ट हुन्छ । शिवको उग्र स्वरूप माहांकाल र भैरवको विशेष पूजा कापालिकहरूले

गर्दछन्  (पौड्याल, २०६०:१६) । ब्रह्मसूत्र र आनन्दगिरीद्वारा लेखिएको शंकरा दिग्विजय ग्रन्थमा त्यस्तै यमुनाचार्यको आगमप्रामाण्य ग्रन्थमा र कुर्म पुराणमा पनि वर्णन छ कि कापालिकहरूको स्वभाव अत्यन्तै क्रुर र घिनलाग्दो हुन्थ्यो । सुराः नश्वालि भैरवलाई चढाउने, हातमा खप्पर लिने र खप्परकै माला लगाउने, बहिस्कृत मानिसका खानपानहरू ग्रहण गर्थे । पञ्चमकार मत्स्य, मध, मैथुन, मांस र मुद्राको प्रयोजनको विशेष महत्व छ । त्यस्तै लट्टा पाल्ने, खप्परको माला लगाउने, रुद्राक्ष लगाउने र शरीरमा खरानी लेपन गर्ने कापालिकहरूको विशेषता हो ।

### ४. कालामुख

कापालिक सम्प्रदायकै सम्पूर्ण कुरा मनन गर्ने कालामुख सम्प्रदायका अनुयायीहरूले पनि आफ्नो  अनुहारमा खरानी लेपन गर्दछन् । यस सम्प्रदायमा पसेर दीक्षा ग्रहण गरेपछि जो कोही पनि ब्रह्मण हुने कुरामा जोड दिएको छ । शिवको भैरव रूपलाई पूजा गर्ने र मोक्षदाता भनेर भैरवलाई मान्दछन् (पौड्याल, २०६०:१७) । शिव पूराणमा यिनीहरूलाई महाव्रतधर भनेर वर्णन गरिएको छ  । आर.जी.भण्डारकरले कालामुखहरूको महाव्रत भनेको मानिसहरूको खप्परमा हालेर खाना खानु, लासको भष्म घस्नु र सुरापान गर्नु हो भनेका छन् । योगको अभ्यास पञ्चमकार र तान्त्रिक आचरणहरूमा पनि यिनीहरूलाई बढी जोड दिन्छन् ।

### ५. काश्मिरी सम्प्रदाय  (त्रिकदर्शन)

भारतको काश्मिरमा विकास भएको सम्प्रदाय भएकोले यसलाई काश्मिरी शैव सम्प्रदाय भन्नु उपयुक्त देखिन्छ । वसुगुप्त कल्लर र सोमानन्द यस मतका लेखक र प्रचारक हुन् । शक्तिका पाँच रूप चित्त, आनन्द, इच्छा, ज्ञान र क्रिया शक्ति काश्मिरी शैव धर्ममा स्वीकार गरिएका छन् । काश्मिर शैव दर्शनका दुई प्रमुख शाखा स्पन्धशास्त्र र प्रत्यभिज्ञाशास्त्र, पहिलो शाखाको मुख्य ग्रन्थ शिव (दृष्टि सोमानन्दकृत) ईश्वरप्रत्यमिज्ञाकारिका (उत्पलाचार्यकृत), ईश्वरप्रत्यमिज्ञकारिका विमर्शिनी र अभिनव गुप्त चित्ततन्त्रलोक छन् (पौड्याल, २०६०:१८)। दुवै शाखाका तात्विक भेद छैन, खाली बाटो मात्र फरक छ । दुवै शाखाको दर्शनलाई त्रिकदर्शन अथवा ईश्वरद्वयवाद भनिन्छ ।

### ६. वीर शैव दर्शन (लिङ्गायत सम्प्रदाय)

लिङ्गायत सम्प्रदायले वर्ण भेदको विरोध पनि राम्रो ढंगले गरेर छोरा र छोरी दुवैको व्रतवन्ध गराएर जनैको सट्टा शिवलिङ्ग धारण गराइने यिनीहरूको विधि हुनाले यसको नाम नै लिङ्गायत रहेको देखिन्छ । यस सम्प्रदायले सत्यता, भक्ति र सदाचारमा जोड दिएको पाइन्छ । यस मतका अनुयायीहरूको विश्वास अनुसार सोमनाथ आदि शिवलिङ्गबाट दिव्य देह धारण गरेर जगत गुरु, रेणुक, दासक, एकोराम, पण्िताराध्य, विश्वराज्य नामक पाँच आचार्य समयमा आए  र धर्मपीठ स्थापना गरे ।  शिखामणी वीर शैवहरूको पुजनीय ग्रन्थ हो । यस सम्प्रदायमा अष्ठाबरणका गुरु, जंगम, लिङ्ग विभुती, रुद्राक्ष, मन्त्र र पादुपद प्रसादको ठूलो भूमिका छ ।

### ७. नाथ सम्प्रदाय

वंगालमा जन्मिएका मच्छेन्द्रनाथले नाथ मतको प्रचार गरेको पाइन्छ ।  पुरुष अर्थात शिको लागि प्रयोग गरिएको छ । सृष्टिको गति नै अकुल र कलको मिलनबाट हुने गरेको वर्णन नै योगिनी शैलमा पाइन्छ । मच्छेन्द्रनाथको यस नयाँ मतलाई एघारौं सताव्दीतिर गोरखनाथले फैलाएका थिए । गोरखनाथका अनुयायीहरूलाई योगी, गोरखनाथी, दर्शनी र कन्फट्टा भनेर सम्बोधन गरिन्छ । हठयोग गर्ने भएकोले योगी सम्प्रदायका संस्थापकका नाममा गोरखनाथ विशेष चिह्न ठूलो कुण्डल र कानको कुर्कुरे हाड (ढुंग्री लगाउने) ठाउँमा ठूलो प्वाल पारेर कुण्डल लगाउने भएकोले दर्शनी र कनफट्टा भनिएको हो । नाथ र नाथी भनेर केटा र केटी कानफट्टालाई पंजाव र मुम्वैतिर भनिन्छ (पौड्याल,२०६० :२०-२१) । माटो गैडाको खाक र प्लाष्टिकको रिङ पनि लगाउने चलन छ ।  नेपालमा  नाथसम्प्रदायका अनुयायीहरूको धार्मिक र ऐतिहासिक क्षेत्रमा ठूलो योगदान छ  । नाथसम्प्रदायका प्रसिद्ध व्यक्तित्वहरूमध्ये योगी नरहरीनाथ अग्रपंतिमा पर्दछन् । पशुपति मृगस्थलीमा पनि  गोरखनाथ मन्दिर र प्रसिद्ध मठ छ ।

## ३.२ वमविरविकटेश्वर मन्दिरको प्रमुख देवता

हिन्दू धर्मका विभिन्न सम्प्रदायमध्ये शैव सम्प्रदाय सबैभन्दा जेठो सम्प्रदाय हो । सामान्यतया हिन्दूधर्म, संस्कृति र सभ्यताको उद्गमस्थान वेदलाई नै मानिन्छ । हिन्दू जीवनका सम्पूर्ण सामाजिक आधारहरू वेदबाटै निःसृत छन् । यस अनुसार शैवधर्म पनि वेदको रुद्ररूपी शिवको उपासनाबाट सुरु भएको मानिन्छ । (खत्री, २०५८:२४) ईसाभन्दा तीन चार हजार वर्षअगाडि भारतको सिन्धुघाँटीमा विकसित सभ्यता प्राप्त भएका छन् । त्यहाँ उत्खनन् गर्दा त्यहाँ एउटा योगीको मूर्ति ध्यानरत मुद्रामा साथै मूर्तिको वरिपरी पशुहरू, जंगल र माटाको त्रिशूलको चित्र समेत पाइएको छ । त्यहाँ मूर्ति मात्र नभई शिवलिङ्गका प्रतीक मूर्तिहरू पनि पाइएका छन् । यसबाट सिन्धुघाँटीमा मूर्तिहरूका साथसाथै लिङ्गपूजा समेत हुन्थ्यो भन्न सकिन्छ । लिङ्गको पुरानो उल्लेख वेदहरूमा समेत नपाइएकाले शैवधर्मको, इतिहासमा सिन्धुघाँटीको सभ्यता नै प्राचीन एवम् सर्वमान्य भएकाले शिवलाई वेदभन्दा पनि पुराना देवताको रूपमा मान्न सकिन्छ ।

शिवलाई मुख्य देवताको रूपमा पूजा गर्ने सम्प्रदायले शिवलाई आफ्नो मुख्य शक्तिको रूपमा मान्दछन् । विभिन्न पुराणहरूमा यो संसार सृष्टि गर्न सृष्टीकर्ता व्रह्मालाई मानिएको र पालनकर्ता विष्णु र संहारकर्ता शिवलाई मानिएको पाइन्छ । हिन्दू समाजमा शिवलाई भूतप्रेत, पिचास र मसानमा बस्ने देवताका रूपमा पनि लिइन्छ । शिवको पूजा र उपासना गर्ने देवता र गणहरूमा मानवबाहेक, पार्वती, नन्दी, गणेश, कुमार र शिवका विभिन्न रूपहरूमा मान्ने क्रममा भैरव र विरभन्दा पनि शिवकै दोश्रो रूपमा पूजा उपासना गर्दछन् । शिवको मूर्तिपूजाभन्दा पनि लिङ्ग पूजा निकै प्रख्यात रूपमा मानिन्छ । हिन्दू समाजमा लिङ्ग पूजा भन्नाले पुरुषहरूको लिङ्ग र महिलाको योनी दुईको समिश्रणलाई नेपालमा शिवको प्रतीकको रूपमा पूजा उपासना गर्ने गर्दछन् ।

नेपाल पनि शैव धर्मको एक महत्वपूर्ण केन्द्रविन्दुको रूपमा रहिआएको छ । नेपालको राष्ट्रिय देवको रूपमा शिवलाई मानिन्छ । यहाँ वर्षैपिच्छे हजारौको संख्यामा

शिवभक्त नेपाल भित्रिने गर्दछन् । नेपालमा शैव धर्म प्रवेश कहिले भयो भन्ने यकिन साथ भन्न अलि कठिन छ । नेपाल माहात्म्य र हिमवत्खण्डजस्ता पौराणिक ग्रन्थहरूको हिमवतखण्ड अनुसरण गर्ने हो भने नेपालमा शैवधर्मको प्राचीनता सत्ययुगभन्दा प्राचीन  मान्न सकिन्छ ।

नेपाल माहात्म्य तथा हिमवत्खण्डमा यस्ता कथा पाइन्छन् । जसद्धारा नेपाल महत्वपूर्ण शैव क्षेत्र हो भनी पुष्टि गर्न सकिन्छ ।

नेपालमा शैवधर्मप्रति अति लोकप्रिय भएकाले यहाँ हामी असंख्य शिवलिङ्ग स्थापित भएका पाउँछौ । काठमाडौं उपत्यकामा अत्याधिक  मात्रामा शिवलिङ्ग स्थापित भएको देख्न सकिन्छ । जसबाट हामी नेपाली कलाको एक पक्षको ज्ञान प्राप्त गर्दछौ । (रेग्मी, २०३९:९०) । "शिवमात्र यस्ता देवता हुन जसको मूर्ति र लिङ्ग दुवैको पूजा हुन्छ । शिवको निराकार स्वरूपको प्रतीक नै शिवलिङ्ग हो । त्यसैगरी शिवको सकल (साकार) स्वरूपको प्रतीक विविध रूपका मूर्ति हुन् । यसैले निराकार (निष्कल) र रूपवान (सकल) दुवै रूपमा शिवको पूजा उपासना गरिन्छ । (पौड्याल,२०६०:७८) शिवलिङ्गका तीनवटा तात्पर्य छन् । लिङ्ग, चिन्ह, लिङ्ग । लिङ्गको रूपमा र लिङ्ग ब्रह्माण्डको तत्वको रूपमा । त्यस्तै शिवलिङ्ग साधारणतया दुई प्रकारका हुन्छन् । १) चल २) अचल

**१)चल :–** एक ठाउँबाट अर्को ठाउँमा सजिलै लान सकिने साना आकारका लिङ्ग चल लिङ्गमा पर्दछन् ।

**२) अचल :–**अचल लिङ्ग भन्नाले त्यस्ता लिङ्ग जुन विशाल हुन्छन र जुन स्थायी रूपले प्रतिस्थापित गरिएका हुन्छन् । यस्ता लिङ्गलाई चलाउन र उठाउन सकिदैन ।

**क्षणिक शिवलिङ्ग :-** क्षणिक शिवलिङ्ग भन्नाले विशेष गरेर पूजाआजा ब्रत गर्दा विभिन्न पदार्थ, कतै बालुवाको शिवलिङ्ग बनाईपूजा गर्ने र पूजा समाप्त भएपछि नदी, खोला तथा चोखो स्थानमा विर्सजन गर्ने चलन छ । लिङ्ग साक्षात शिव हो । लिङ्ग शिवको बाह्य चिन्हमात्र होइन (स्थल)को तीन भेद छ । भागलिङ्ग, प्राण लिङ्ग र इष्टलिङ्ग  (कुलचन्द्र, २०५०:१६८) ।

**भावलिङ्गः** भावलिङ्ग त्यो हो जो कलाले रहित हुन्छ । श्रद्धाद्वारा मात्र दृष्टिगोचर हुन्छ । भावलिङ्ग देशकालले अपरिच्छिन्न र सूक्ष्म छ एवम् परतत्वमय पनि छ ।

प्राणलिङ्गः प्राणलिङ्ग मनुग्राह्य छ र सकल तथा निस्कलको भेदले दुई प्रकारको छ । प्राणलिङ्ग परमात्माको चित्त स्वरूप हो । प्राणलिङ्ग सूक्ष्मरूप हो ।

**इष्टलिङ्गः** इष्टलिङ्ग सकल र निस्कलका भेदले दुई प्रकारको मानिन्छ । यो चक्षु ग्राह्य छ । इष्टलिङ्ग यसकारण मानिन्छ कि त्यसले समस्त इष्ट पदार्थको प्राप्ति गराउँछ र क्लेसलाई हटाउँछ तथा भक्तिसाथ पुजित हुन्छ । इष्टलिङ्ग स्थलरूप हो (कोइराला, २०५० :१६९) ।

यी तीनै लिङ्गलाई यसरी पनि व्यक्त गर्न सकिन्छ : आत्मारूप, चैतन्यरूप र स्थूल रूप । यी तीनै लिङ्ग क्रमशः प्रयोग, मन्त्र एवम् क्रियाशक्तिले विशिष्ट भएर कला नाद र विन्दुको रूप धारण गर्दछन् ।

तीबाहेक, चामल भात नदी किनारको माटो, नौनी, रुदाक्ष, चन्दन, धुलो, कुर्चे घाँस, फूल, पीठो, सख्खर आदिबाट पनि नजिक शिवलिङ्ग बनाउन सकिन्छ ।

**सादा शिवलङ्ग :–** पिठीकामाथि स्थापना गरिएको लिङ्ग हो, जसमा खाली शिवलिङ्ग मात्र सादा ढुङ्गाको हुन्छ  तर हात, मुख आदि कुँदिएका हुदैनन् । यसमा ब्रह्माखण्ड, विष्णुखण्ड र रुद्रखण्ड गरेर त्रिदेवको संयुक्त स्वरूप र ब्रम्हसूत्र साधा लिङ्गमा अंकित गरिन्छ । ब्रम्हसूत्र लिङ्गमा कोर्ने विधान पनि सिद्धान्तसाखलीमा बनाइएको छ । लिङ्गको रुद्र भागमा पनि दुईवटा ठाडो धर्सो तान्न सकिन्छ ।

**मुख शिवलिङ्गः–** शिवको पाँच दिशामा पाँचवटा मुख बनाइएको शिवलिङ्गलाई मुख शिवलिङ्गः भनिन्छ । ती तत्पुरुष पूर्व, सद्योजात पश्चिम, वामदेव उत्तर, अघोर दक्षिण र ईशानलाई आकाशतर्फ कल्पना गरेर शिवलिङ्गमा मुहार कुदिएको छ । शिवलिङ्गमा मुहार बनाउँदा सद्योजात (पृथ्वीतत्व), वामदेव (जलतत्व), अघोर (तेजतत्व), तत्पुरुष (वायुतत्व) र ईशान (आकासतत्व) को प्रतीकको रूपमा बनाइन्छ । तर इशानको भने मुख बनाइएको हुदैन ।

**अष्टोत्तरसत लिङ्गः–** मानिसले विभिन्न पदार्थबाट निर्माण गरेका शिवलिङ्गहरूमध्ये अष्टोत्तरसत लिङ्ग पनि पर्दछ । यस शिवलिङ्गमा १०८ वटा स–साना लिङ्गहरू एउटै लिङ्गमा कुँदिएका हुन्छन् ।

**सहस्रलिङ्गः–**यस लिङ्गमा पनि एउटा मूललिङ्गमा हजार लिङ्ग कुँदिएको हुन्छ । अष्टोत्तरसतलिङ्ग र सहस्रलिङ्गको शैली उस्तै हुन्छ । खाली लिङ्ग संख्यामात्र फरक फरक हुन्छ ।

**धरलिङ्गः–** धरलिङ्गमा पाँच देखि चौसट्ठीवटा धर्सो तानेर पाटा पाटा छुट्याइन्छ । सुप्रभेदागममा पाँच, सात, नौ, बाह्र, बीस, चौवीस र अट्ठाइस पाटा छुट्याएर धरलिङ्ग वनाउन सकिने नियम बताइएको छ (कोइराला, २०५०:१६९) ।

हिन्दू समाजमा शिवलिङ्ग पूजा गर्नु भनेको सबै देवताको पूजा गर्नु हो । शिवलिङ्गको सबैभन्दा तल ब्रह्मा भाग, ब्रह्माभाग भन्दा माथि विष्णु भाग र विष्णु भाग भन्दा माथि महेश्वर वा रुद्र भाग रहेको हुन्छ तर ब्रह्मा र विष्णु भाग भने पुरिएकोले देखिँदैन ।

यस बमविरविकटेश्वर मन्दिरमा पनि प्रमुख देवताका रूपमा शिवलिङ्ग नै स्थापित गरिएका छ । यस मन्दिरमा मुख्य मन्दिरभित्र तीनवटा शिवलिङ्ग लस्करै स्थापित गरिएको छ । यहाँ सादा शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्ग चिप्लो ढुङ्गाबाट निर्माण गरिएको ज्यादै आकर्षक छ । बमविरविकटेश्वर शिवलिङ्ग पूजागर्ने मन्दिरको रूपमा हामी चिन्दछौँ । वमबहादुर कुँवर राणाज्यूले राणा कालमा भएका नरसंहार नगर्ने वचनका रूपमा यो मन्दिर स्थापना गर्न लगाएका थिए । यहाँका शिवलिङ्गको प्रस्तर खालको चिल्लो कालो ज्यादै राम्रो प्रस्तरबाट बनाइएको छ । यस मन्दिरमा पनि अरु मन्दिरमा जस्तै तीनवटै शिवलिङ्गहरू उत्तरतर्फ फर्किएका छन् ।

## ३.३. मन्दिरको पूजागर्ने परम्परा र विधि

यस मन्दिरमा वर्षभरि नित्यपूजाका साथै वार्षिक रूपमा विविध चाडपर्वहरूमा विभिन्न किसिमले नैमित्तिक पूजाआजा समेत गर्ने चलन रहेको पाइन्छ । यस मन्दिरमा पूजाआजा गर्न तथा स्रोतको लागि विभिन्न गुठी राखिएको पाइन्छ ।

### ३.३.१ नित्यपूजा

यस शिवालयमा पनि अरु मन्दिर शिवालयमाजस्तै दैनिक रूपमा विहान पूजाआराधना र साँझमा नियमित रूपमा ब्राह्मणहरू राखी आरती गराउने चलन मन्दिरको स्थापना कालदेखि नै चल्दै आएको छ ।  यसरी दैनिक रूपमा वा नटुटाई गरिने पूजालाई नित्यपूजा भन्ने गरिन्छ । यसरी नित्यपूजा गर्दा पनि मन्दिरहरूपिच्छे नित्य पूजागर्ने विधि र परम्परा आ–आफ्नै प्रकारका हुन्छन् । यस बमविरविकटेश्वर शिवालयमा पनि अन्य शिवालयहरूमा झैँ नित्य पूजागर्ने परम्परा छ ।

### ३.३.२ पूजा सामग्री

यस मन्दिरको नित्य पूजा गर्दा आवश्यक सामग्रीहरूमा जल, केशरी, सिम्रीक, धूप दीप, नैवेद्य, वेलीपत्र, चन्दन, अक्षता, जौ, तिल धतुरोको फूल र भए बेलीपुष्प आदि प्रमुख छन् ।

### ३.३.३ त्यस शिवालयमा नित्य पूजा गर्ने पुजारीहरू

१)श्यामनाथ भट्टराई

२)कुमारप्रसाद भट्टराई

३)गंगाशरण भट्टराई

४)उत्तम प्रसाद घिमिरे

५)शिवप्रसाद लामिछाने र

६)निरञ्जन पौड्याल

### ३.३.४ विशेष गरेर नियमित रूपमा नित्यपूजा गरिने मन्दिरहरू

१) मुख्य देवता तीन शिवालय मन्दिर

२) लक्ष्मीनारायण मन्दिर

३) राम मन्दिर

४) सेतो महादेव

५) कृष्ण, बलभद र सुभद्रा मन्दिर

६) गुणभुवनेश्वर मन्दिर

७) वमरामेश्वर मन्दिर

८) पञ्चदेवल

९) प्राङ्गणमा रहेका गुम्वज शैलीका मन्दिरहरू

क) गणेश

ख) दुर्गा

घ) विष्णु

ङ) छत्रचण्डेश्वर

च) सूर्य

छ) स-साना शिवलिङ्गहरू

### ३.३.५ पर्व पूजा गर्दा बाजा बजाउनेहरूको नामावली

यस बमविरविकटेश्वर शिवालयमा नित्यपूजा गर्दा बाजा बजाइने चलन पनि छ । यहाँ बाजा बजाउदा छ जनाले बजाउछन् । यिनीहरूको नाम निम्नानुसार रहेको छ :-

१) श्यामहरि कपाली

२) नाति कपाली

३) पन्नालाल कपाली

४) गणेश कपाली

५)वैकुण्ठ कपाली र

६)उत्तम कपाली ।

### ३.३.६ होमको पूजा सामग्रीहरू

१) तामाको कलश थान -५

२) धान -५

३) सातभाग चामल -७

४) दियो तामाको -१

५) सुपारी जनै -५

६) चरुलाई घिउ, फलफूल नैवेद्य

७) पंचपल्लय थान -५

८) रातो र सेतो कपडा -१ मिटर

९ नौग्रहको पूजा

१) सुपारी जनै, फलफूल, धुपदीप, नैवेद्य

**होमको लागि सविधा**

पिपल, चाँप, वर र अन्य शुद्ध (दाउरा)

नरिवल -२ वटा

१२. नरिवल २ वटा

१३. नरिवल काँचो १

१४. गोदान र दक्षिणाको लागि भेटी

सेतो धोती १

टोपी १

कमिज १

ब्रम्हाण ४

पाक्य नैवेध्यः मालपुवा, सेल, पुरी खीर

१४) गाइको गोवर

१५) रायो, सर्स्यु

१६) पञ्चामृत

१७) अन्य विभिन्न जातजातका फलफूल

(श्रोतः केशव प्रसाद उपाध्याय, पण्डित)

### ३.३.७ यस गुठीअन्तर्गत नित्य पूजा गर्ने पुजारीहरूको वार्षिक विवरण (मूरीमा)

१) श्यामनाथ भट्टराई -९/१५

२) कुमार प्रसाद भट्टराई -धान १३/१०

३) गंगा राम भट्टराई -वार्षिक धान

४) उत्तम प्रसाद घिमिरे - वार्षिक धान १७/५

५) दिनानाथ पौडेल - वार्षिक धान ९

६) शिवप्रसाद लामिछाने - वार्षिक धान ६।-

### ३.३.८ वार्षिक नित्य पूजा खर्चको विवरण

- तीन शिवालय मन्दिर १८०।-
- लक्ष्मी नारायण मन्दिर -१२०।-
- राम मन्दिर १५६०।-
- सेतो महादेव -१५०।-
- कृष्ण, बलभद्र, सभदा -६०।-
- पञ्च देवल -१००।-

- गुण भुवनेश्वर -१५०।-
- वम रामेश्वर -१२०।-

## ३.३.९ सो पूजामा वाजा बजाउनेहरूको खर्च विवरण

- श्याम कपाली - धान २।१०
- नाती कपाली धान २।१०
- पन्नालाल कपाली धान २।१०
- गणेश कपाली धान २।१०
- वैकुन्ठ कपाली धान २।१०
- उत्तम कपाली धान २।१०

यति रूपैँयाबाट खर्च चल्छ भन्ने प्रश्न गर्दा उहाँहरू बताउनुहुन्छ, हाम्रो पुरानो चलनअनुसार यस्तै हो । (अन्तर्वार्ता)

## ३.४ मन्दिरसँग सम्बन्धित पर्वहरू

मानिसहरूले चाड पर्वहरू प्राय गरेर तीन प्रकारबाट मनाउने गर्दछन् :-

१. उसले भगवान्प्रति कृतज्ञता ज्ञापन गर्न ।

२. साथी भाइ आफन्तहरूसँग भेटघाट गर्न ।

३. अर्को हाम्रो देशमा यस्ता चाडपर्व मौसम अनुसार मनाइने भएकाले स्वास्थ्यलाई पनि फाइदाजनक हुन्छ ।

अलि प्रसिद्ध मन्दिरहरूले आफ्नो विभिन्न दैनिक पूजा अर्चना गर्न, विभिन्न चाडपर्वमा विशेष किसिमले पूजाआराधना गर्न, विभिन्न कार्यक्रमहरू संचालन गर्न या भनौ त्यस मन्दिरको धार्मिक र सांस्कृतिक धरोहरको जगेर्ना गर्न गुठीको स्थापना गरिएका हुन्छन् जसले गर्दा  वार्षिक रूपमा मनाइने चाडपर्वहरू सुचारु रूपले संचालन गर्न सकिन्छ । यस बमविरविकटेश्वर शिवालयमा पनि “श्री बमवीरविकटेश्वर

गुठी" ले चलाउने गर्दै आएको छ । त्यहाँ यस मन्दिरसँग सम्बन्धित नैमित्तिक पर्वहरूको निम्नानुसार क्रमशः चर्चा गरिन्छ ।

### १. अक्षय तृतीया

यो पर्व शिवसँग सम्बन्धित पर्व हो । अक्षय तृतीयाका दिन यो पर्व विभिन्न शिवमन्दिरहरूमा मनाइने गरिन्छ । यो पर्व विभिन्न शिव मन्दिरहरू जस्तै : काठमाडौंको पशुपतिनाथ, पाटनको कुम्भेश्वर र भक्तपुरको यक्षश्वर साथै अरु थुप्रै शिव मन्दिरहरूमा मनाइने गरिन्छ । कतै कतै अरु देवीदेवताका मन्दिरहरूमा पनि अक्षयतृतीया मनाइने गरिन्छ । यसको उदाहरण स्वरूप काठमाडौंको कलंकी स्थित कलंकी माइको मन्दिरमा सोही दिन अक्षयतृतीया मनाइने गरिन्छ । प्रायः अन्य तृतीय वैशाखतृतीयाका दिन सर्वत र सातु बाँड्ने गरिन्छ । वैशाख गर्मी महिनाको यस बेलामा गर्मी ज्यादै हुने भएकाले विभिन्न सख्खर, चिनी मिलाएर चिसो पानीमा बनाई बाँड्ने गरिन्छ जसले गर्दा सितलता प्रदान गर्छ । सातु जौको पिठोबाट बनाउने गरिन्छ । जौ त्यसै महिनामा भित्र्याइने भएकोले नयाँ अन्नको रूपमा सातु र सर्वतले भोक र प्यास दुवै मेटाउने काम गर्दछ ।

यस शिवालयमा पनि अक्षय तृतीयाका दिन गुठीका अध्यक्ष राजविक्रम राणाज्यूको हातबाट त्यहाँका गरीव, साधु सन्त, वृद्धवृद्धा, भक्तजनहरूलाई सातु र सर्बत बाड्ने चलन छ । अध्यक्ष राणाज्यूले यस वर्ष मधुमेहका रोगीहरूलाई चिनी नभएको कागती र नुनपानी, सख्खर पानी, ग्लुकोज पानी, फलफूलको जुससमेत वितरण गर्नु भएको थियो । त्यसै दिन अध्यक्षज्यूबाट ८ जनालाई १/१ माना चिउरा बाँड्ने चलन छ । सोही दिन नै पशुपति स्थित ग्ह्येश्वरी बमरामेश्वरमा पूजाआराधना गरी त्यहाँ पनि जौको पिठो (सातु) र सर्वत बाँड्ने चलन अद्यपि पनि कायमै छ ।

### २. श्रावण द्वादशी

श्रावण महिनाको द्वादशीका दिन तीन देवल शिवालय टेकुमा गरिब वृद्धावृद्धा साधु सन्त, असहाय आदिलाई यही बमविरविकटेश्वर शिवालयका गुठीका अध्यक्षको हातबाट खीर, चिउरा, सख्खर, मिठाई बाँड्ने चलन छ । त्यस्तै सोही दिन पशुपति

देउपाटन मृगस्थली वमरामेश्वरमा पनि सोही चिजहरू सोही गुठीबाट नै बाँड्ने परम्परा रहिआएको छ । यसका लागि लगभग दुईहजार जति रुँपैया खर्च हुने अनुमान त्यस बमविरविकटेश्वरको कार्यालयमा कार्यरत सहायक कर्मचारी रामदेव श्रेष्ठ बताउनुहुन्छ ।

**३. जनैपूर्णिमा**

यो चाड हरेक वर्ष श्रावणशुक्ल पूर्णिमाको दिनदेखि मान्दछन् । मलमास ( पुरुषोत्तम मास) परेको वर्षमा मात्र भाद्रशुक्ल पूर्णिमाको दिन पर्न आउँछ । यो दिनलाई कसैले गुँपुह्नी पनि भन्ने गर्दछन् । पात्रोवमोजिम वर्ष दिनभित्रमा जम्मा १२ पूर्णिमा पर्दछ । यो श्रावण शुक्ल पूर्णिमा नवौं महिनामा पर्छ जनै पूर्णिमाकै दिन जनै लगाउनेहरूले जनै फेर्ने दिन भएको हुनाले पनि यस दिनलाई जनै पूर्णिमा भनिएको हो । धेरैदिनसम्म जनै लगाउनाले अशुद्ध भई फोहर मैला भएर रोगव्यधि उत्पत्ति होला भनेर नै जनै लगाउनेहरूले जनै फर्ने दिन भएको हुनाले पनि यस दिनलाई जनै पूर्णिमा भनिएको हो । धेरै दिनसम्म जनै लगाउनाले अशुद्ध भई फोहरमैला भएर रोगव्याधि उत्पत्ति होला भनेर नै जनै लगाउनेहरूका लागि यो विशेष महत्वको चाड हो । श्रावणशुक्ल पूर्णिमाको दिनलाई कसैले या जानककेगु पट्टि पनि भन्ने गर्दछ । यो पूर्णिमाको दिनमा अष्टमण्डल अथवा मास, मुगी, चना, केराउँ, भट्टमास, बोडी, मस्याङ, गहत आदिका गेडागुडीहरूलाई पानीमा दुई तीन दिन अगाडि पानीमा भिजाई टुसा उमारी त्यस जनैपूर्णिमाको दिन ज्वानो, घ्यू, तेल र तेनपात कसैले मासु अरु पनि मसलाहरू हाली पकाएको रस खानाले पेटमा भएका सम्पूर्ण रोग आराम भई खाएको पनि पच्छ भनी खाने गर्दछन् । जसलाई नेपाल भाषामा क्वाँटी भनिन्छ (मुनकर्मी, २०४१:३३६) ।

घरघरमा ब्राह्मणहरूले आफ्नो रक्षाको लागि भनी डोरो बाँधी टीका, प्रसाद आदि लगाउने चलन छ । यसैदिन यस बमविरविकटेश्वर शिवालयमा शिवको पूजा आराधना गर्ने सोही गुठीबाट नै पशुपति मृगस्थली वमरामेश्वरमा पनि पूजाआजा गर्ने

प्रचलन रहदै आएको छ । यसको लागि लगभग पन्ध्र सयदेखि दुईहजारसम्म लाग्न सक्ने कुरा यस गुठीका अध्यक्ष श्री राजविक्रम राणा बताउनु हुन्छ ।

### ४. कृष्णाष्टमी

कृष्णजन्मको दिनलाई कृष्ण जन्माष्टमी पनि भन्ने गरिन्छ । भगवान् श्रीकृष्णको जन्म दिन यसदिन प्राय सबै कृष्ण मन्दिरहरू श्रद्धालु भक्तजनहरूको भीड लाग्ने गर्दछन् । विशेष गरेर पाटनका राजा सिद्धिनरसिंह मल्लले स्थापना गरेको पाटन दरवार प्राङ्गणको कृष्ण मन्दिरमा कृष्णको पूजाआजा गर्ने भक्तजनहरूको ठूलो संख्यामा भीड लाग्छ । त्यस्तै विभिन्न ठाउँमा कृष्ण झुला पनि गर्ने गरिन्छ । यस शिवालयमा रहेको कृष्ण राधाकृष्ण मन्दिरमा पनि पूजाआजा गरी कृष्ण झुला गर्ने गरि्न्छ । झुला मलमले यस दिनलाई भगवान् श्री कृष्णको जन्मदिनका रूपमा मनाइने भएकाले वालक भगवान् श्री कृष्णको मूर्ति तस्वीर बनाई बच्चा हाल्ने जस्तो फूलैफूलको झुलना बनाई भगवान्लाई मनपर्ने भोजन तयार गरी भगवान्को पूजा गरी भजन कीर्तन गर्दै भगवान्लाई सवैले पालैपालो झुल्नामा झुलाउने गर्दछन् । यो पर्व भाद्र महिनाको अष्टमीका दिन मनाइने ‘कृष्णाष्टमी’ पर्व हो । यो पर्व हिन्दूमात्रको एक पवित्र पर्व हो । यस दिनलाई भगवान् श्री कृष्णको जन्मदिनको रूपमा हिन्दूहरूले संसारभरि मनाउने गर्दछन् । सोही दिन नै यो बमविरविकटेश्वर शिवालयमा पनि र श्रद्धेय भक्तजन, गरीव, असहाय, वृद्धवृद्धाहरू सवैलाई हलुवापुरी भण्डार वितरण गर्ने परम्परा छ । यस पूजाको लागि लगभग तीस हजार जति लाग्ने यहाँका अध्यक्ष श्री राजविक्रम राणाज्यूले बताउँनु भयो ।

### ५. तीज

भाद्र कृष्ण तृतीयाको तिथिमा पर्ने तीज हिन्दू महिला मात्रको महान चाड हो, जसलाई हरितालिका पनि भनिन्छ । यस दिन विवाहित नारीहरूको आफ्नो पतिको रक्षाको लागि र अविवाहित नारीहरूको राम्रो जीवनसाथी पाउँ भन्नका लागि विहानदेखि पानी पनि नपिई आराध्यदेव महादेवको पूजाआराधना गरी व्रत बस्दछन् ।

यस दिन शिवको पूजा गरिने हुनाले प्राय सवै शिवमन्दिरहरू भक्तजनहरूले भरिएको हुन्छ ।

जस्तैः काठमाडौंको पशुपतिनाथ, पाटनको कुम्भेश्वर र भक्तपुरको यक्षश्वर महादेव मन्दिरहरूमा भक्तजनहरूले पूजाआजा गर्न खचाखच भरिएको हुन्छ । यसदिन यस बमविरविकटेश्वर शिवालयमा पनि बेलुकी पख साँझमा शिवको पूजाआजा गरी मन्दिरको वरिपरी रहेको पालामा दियो बाल्ने परम्परा रहदै आएको छ । यसका लागि लगभग एक हजार जति रूपैयाँ खर्च हुने कुरा यस गुठीका अध्यक्ष राजविक्रम राणा बताउँनु हुन्छ ।

६. भाद्र महिनामा नै हरेक वर्ष वमबहादुरले पशुपतिनाथलाई शिवको सुनको मुकुट, सुनको महादेवलाई ओढाउने पछ्यौरा अरु गरगहना धुलाउन यही बमविरविकटेश्वरबाट यहाँ गुठीका अध्यक्ष यहीबाट वाणा लगी पशुपतिनाथको गरगहना सुनकै घोलमा भाडा विभिन्न टल्काउने फरा प्रयोग गरी पशुपतिनाथकै प्राङ्गणमा त्यहाँको भट्टहरू (पुजारी) र गुठीका व्यक्तिहरूको अगाडि बसी गरगहना धुलाई गरिसकेपछि फेरि पशुपतिकै भट्ट र गुठी संस्थानका व्यक्तिहरूलाई बुझाउने गरिन्छ । यसका लागि करिव एकहजार जति खर्च लाग्ने भनी बमविरविकटेश्वर शिवालयका अध्यक्ष राजविक्रम भन्नुहुन्छ ।

**७. लक्ष्मी पूजा**

यो दिन स्वाती नक्षत्र परेको औंसीको दिन हो । यसलाई कार्तिककृष्ण औंसी पनि भनिन्छ । नेवारी भाषामा यो दिनलाई 'स्वन्ति' भन्दछन् (मुनकर्मी, २०४१ः १५७) । यसदिन मानिसहरूले आ-आफ्ना घर लिपपोत सफा, सुघर गरी, झलझलाकार गराएन भने घरमा लक्ष्मीको प्रवेश हुँदैन भन्ने घरको ढोका, झ्यालमा मालाले सिँगारी घरको मूल ढोकाको दायाँ-बायाँ केराको खम्वा हालेर रातमा घरको कुनाकाप्चा भनौ घरको सम्पूर्ण अध्यारो रहने भागमा पनि दियो बाली उज्यालो पार्ने चलन छ र घरका ढुकुटीको भुइँमा तेल अवीर आदिबाट पञ्चरङ्गी मण्डप लेखी धनशारमा लक्ष्मीलाई राखी, चामल, गहुँ, केराउ, मुगी, मास आदि पाँच अन्न मानामा राखी शतमा

धनधान्यकी देवी लक्ष्मीको पूजा आराधना गर्ने प्रचलन पाइन्छ । यस तीन देवल शिवालय, शिवको मन्दिर भए पनि यस शिवालयको विशेषता लक्ष्मी पूजाको दिन यस मन्दिरको राम मन्दिरको हनुमानलाई नयाँ वस्त्र पहिराई तेल लगाउने र हनुमानको पूजाआजा गरी हनुमान जयन्ती मनाउने गरिन्छ । यसको लागि गुठीले लगभग छ सय देखि सातसय रुँपैया खर्च गर्छ ।

**८. श्रीपञ्चमी**

प्राय माघ महिलाको पञ्चमीका दिन मनाइने पर्वलाई श्रीपञ्चमी, सरस्वती पञ्चमी र वसन्त पञ्चमी पनि भनिन्छ । यही श्रीपञ्चमीका दिनदेखि स-सानानानीलाई हातमा कलम र कापी दिई अध्ययन आरम्भ गराउने प्रचलन छ । यस दिन विद्यार्थी देवी सरस्वतीको पूजा गर्ने प्रचलन पाइन्छ । यस दिन सवै सरस्वती मन्दिरहरूमा भक्तजनहरूको घुँइचो लाग्ने गर्छ । यस दिन काठमाडौंको स्वयम्भूमा स्थापित सरस्वती मन्दिरमा अरु ठाउमा भन्दा बढी भीड लाग्दछ । यस दिन सरस्वतीको पूजा गर्ने प्रचलन भए पनि यस बमविरविकटेश्वर गुठीद्वारा देउपाटन मृगस्थली वमरामेश्वरमा विधिपूर्वक पूजाआजा गरी होम हाली दण्डी बाँड्ने तथा वानरहरूलाई धान मकै सोही गुठीका अध्यक्ष श्री राजविक्रम राणाबाट हुन्छ । यसका लागि सालाखाला चारहजार जति रकम लाग्ने अध्यक्ष राणा बताउँनुहुन्छ ।

**९. अचला सप्तमी**

फागुन महिनामा सप्तमीका दिन मनाइने एउटा पर्व हो अचला सप्तमी । यसदिन तीन देवल शिवालयमा वर्ष बन्धन गर्ने, होम, घर, पूजाआजा गर्ने, वमबहादुरका सन्ततीहरू, इष्टमित्र, गुठीका व्यक्तिहरू बोलाई भोजगरी खुवाउने चलन छ । यस अचला सप्तमीको दिनदेखि यस शिवालयमा पूजाआजा सुरु गर्ने परम्परा रही आएकोले यस दिनलाई विशेष दिनको रूपमा मनाउने गर्दछन् । यस दिन यस शिवालयको वारिपरि नयाँ कपडाको झल्लर टाङ्गने, उक्त मन्दिरको घण्ट, वसाहा आदिमा तेल घस्ने परम्परा रहिआएको छ । यस पर्वमा यस मन्दिरमा मनाइने सम्पूर्ण

पर्वहरूमा लाग्ने भन्दा सवैभन्दा बढी लगभग पन्ध्र सोह्रहजार जति खर्च हुने कुरा अध्यक्ष राजविक्रम राणा बताउँनु हुन्छ ।

### १०. फागुन शुक्ल अष्टमी

फागुन महिनाको अष्टमी तृतीयका दिन मनाइने पर्व शुक्ल अष्टमी हो । यसदिन यस बमविरविकटेश्वर शिवालयको गुठीद्वारा श्री गुहेश्वरीमाईलाई पूजाआजा गरी वलि पूजागर्ने र श्री पशुपतिनाथमा दुध, नरिवल, कपडा, भेटी, फूल, प्रसाद आदि चढाइ पूजाआजा गरी बमबहादुरका सन्तान र गुठीका व्यक्तिहरूलाई प्रसाद खुवाउने प्रचलन चल्दै आएको छ । यसको लागि यस गुठीका अध्यक्षका अनुसार लगभग सात-आठसय लाग्ने गर्छ ।

### ११. शिवरात्रि

महादेव शिवलिङ्गको रूपमा उत्पन्न हुनुभएको रात नै शिवरात्रि हो । लिङ्ग र स्कन्दपुराणमा पुरुष र स्त्री दुवैले शिवरात्रीको दिन व्रत वसेर विशेष पूजा आराधना गरेमा  प्राप्त हुने फलको उल्लेख छ । शिवरात्रीको दिन एकजना शिकारीले थाहै नपाइ, शिवलाई वेलपत्र चढाएको र त्यसको फल प्राप्तिले शिवलोक प्राप्त गरेको आख्यान प्रचलित छ (मुनकर्मी, २०४१:१६३)।

यसदिन रात्री बेला, ब्रह्मा, विष्णु, महेश्वर र धर्मराज इन्द्रको प्रवेश भई श्री शिवजी वा पशुपतिनाथ उत्पत्ति भएको दिन भएको हुनाले त्यस दिनको नाम नै शिवरात्रि हुन गएको हो । यसलाई नेपाल उपत्यकामा सिहं चढे भन्दछन् । यसै नामले ठूलो पर्व मानि आएका छन् । यो पर्व फाल्गुण महिना कृष्णपक्षको चतुर्दशीका दिनमा पर्छ  (मुनकर्मी, २०४१:३७०) । रुद्रतन्त्रको आधारमा माघ महिनामा श्री शिवजीले संसार रुवाइ रुख, झारपात आदि सुकाइदिएकोमा यसै समयदेखि फेरि झारपात र रुखहरूको कोपिला उत्पत्ति गराई फेरि नयाँ युगमा परिवर्तन गरिदिएको समय हो । यो पर्वको दिन सुरु हुनासाथ स्नान गरी शुद्ध शरीर र मन गराई नेपालका महादेवकहाँ आफ्नो भक्ति दर्शाइ दर्शन गर्न धाउँदछन् र प्रहर प्रहरमा पूजा, ध्यान, जपतप, पाठ, नाचगान आदि गर्दछन् ।

चैत्र शुक्ल देखि सुरु हुँदै विभिन्न महिना दिनहरूमा गरिने जात्रा पर्वहरूको अन्तिम जात्रा नै भने पछि हुने पर्व शिवरात्रि हो । फागुन कृष्ण चर्तुदशीलाई शिवरात्रि भनिन्छ । यसदिन भगवान् शंकरको विशेष रूपमा पूजाआराधना संसारभरिका हिन्दूहरूले गर्ने गर्दछन् । नेपाल र उपत्यका बाहिरका तराई र पहाडका जनताहरू जोगी सिद्ध सन्त, सन्यासीहरू वैष्णव तथा वैरागी, उदासी मण्डलीहरूको पनि त्यस अवस्खम्बाा ठूलो भीड लाग्दछ । यस दिन नेपालका राष्ट्रदेव श्री पशुपतिनाथ भगवान् शंकरको पूजाआजा गरी बाटो बाटोमा आगोबाली धुनी लगाउने, हलुवामा भाङ्ग धतुरो हाली खाने र खुवाउने परम्परा छ । यस दिन प्रायः सबै शिव मन्दिरहरूमा श्रद्धालु भक्तजनको भीड लाग्दछ । यस दिन विशेष गरेर पशुपतिमा बढी भीड हुन्छ । टाढा टाढा देश विदेशबाट भक्तजनहरू शिवरात्रिमा शिवको दर्शन गर्न आउँछन् । यसै दिन यस बमविरविकटेश्वर शिवालयमा साधु सन्त, गरिव, वृद्धवृद्धा, भक्तजनहरू सवैलाई गुठीका अध्यक्ष राजविक्रम राजाज्यूले सन्तहरूलाई मुडा, हलुवा, सख्खर, चिउरा भण्डारा खुवाउने चलन छ । त्यसै दिन त्यस मन्दिर नजिक रहेको पंचली भैरव मन्दिरमा मुराई, र दुइमाना तोरीको तेल दिने र त्यसै दिन पशुपति देउपाटन मृगस्थलीमा पनि अध्यक्षज्यूले नै साधु, सन्तलाई मुडा बाँड्ने, चिउरा सख्खर खुवाउने र भोलिपल्ट औँसीका दिन यस वमविकटेश्वरका पुजारीहरू दश जनालाई एक-एक माना चिउरा वाँड्ने गरिन्छ । अध्यक्ष राणाका अनुसार पर्वको लागि लगभग एकहजार देखि पन्ध्रसय सम्म खर्च लाग्दछ ।

१२. फागुन महिनामा मनाइने घोडे जात्राको एक दिन अगाडि घोडेजात्राको लागि र अर्को लुमडीस्थित भद्रकाली माइको तोरण पूजाको लागि चार चार मुरी धान दान गर्ने परम्परा यस बमविरविकटेश्वर शिवालयको गुठीबाट र बमगुठीका अध्यक्षको हातबाट हुने गर्दछन् । तोरण बमगुठीका अध्यक्षले दिएपछि भद्रकालीकै पुजारीले तोरण लगाउने गर्छ । यसका लागि लगभग दश बाह्र हजार जति खर्च लाग्छ भनी अध्यक्ष राणा बताउँनुहुन्छ ।

## १३. रामनवमी

चैत्र महिनाको नवमीका दिन रामनवमी पर्व मनाइन्छ । यस दिन मर्यादा पुरुषोत्तम भगवान् श्री रामचन्द्रको पूजा आराधना सम्पूर्ण विश्वका हिन्दू मात्रले गर्ने गर्दछन् । यसदिन सवै राममन्दिरहरूमा भक्तजनको भीड लाग्दछ, पूजा आराधना गर्न । यसदिन कति ठाउँमा रामचरित्र सम्बन्धी नाटक पनि देखाएको पाइन्छ । जसरी हुन्छ यसदिन रामचन्द्रलाई पुज्ने र सम्झने गर्दछन् । सोही दिन नै यस बमविरविकटेश्वर शिवालयको आफ्नै राममन्दिरमा पनि विधिविधान सहित रामको पूजा अर्चना, भजन किर्तन गरी भगवान् रामचन्द्र सहित सीता र लक्ष्मण भगवान्लाई समेत यस वमगुठीका अध्यक्षको हातबाट नयाँ वस्त्र चढाउने र वृद्धवृद्धा, भक्तजन, साधुसन्त असक्त आदिलाई हलुवा पुरी बाँड्ने प्रचलन रहिआएको छ । यसको लागि करिव करिव पन्ध्रसय देखि दुईहजार सम्म खर्च लाग्ने अध्यक्ष राणा बताउँनुहुन्छ ।

## १४. घोडेजात्रा

चैत्र महिनाको चतुर्दशीका दिन घोडेजात्रा पर्व मनाइने गरिन्छ । यसदिन टुँडीखेलमा घोडालाई विभिन्न तालिमहरू सिकाई घोडाले गरेका विभिन्न मानिसले गर्नेजस्ता अचम्म लागदा खेलहरू प्रस्तुत गरिन्छ । टाढाबाट मानिसहरू आई राजा मन्त्रीहरू नेताहरू ठूल्ठूला ओहदाका व्यक्तिहरू आई घोडेजात्रा हेर्ने प्रचलन रहिआएको छ । त्यसदिन नेवारहरूको घरमा आफन्तहरू डाकी विभिन्न परिकार बनाई भोज खुवाउने चलन पनि छ । यसैदिन यस वमविर विकटेश्वर शिवालयको गुठी कोषबाट अध्यक्ष राणाज्यूले त्यसदिन गरिने लुमडीको भद्रकाली माईको पूजाको लागि सम्पूर्ण चाहिने पूजा अवीर, केशरी, अक्षता, जौ, तिल, फलफूल, भेटी चढाउने, रातो सेतो कपडा पाकेको नैवेद्य, नरिवल बत्ती, धूप (बाटेको सिन्के) र बोका समेत वर्षेनी दिने प्रचलनलाई कायम गर्ने काम अध्यक्ष राणाज्यूले गर्नुहुन्छ । यसका लागि पैतीससय देखि चार हजारसम्म खर्च लाग्ने कुरा उहाँ बताउँनु हुन्छ ।

### १५. बैकुण्ठ चतुर्दशी

चैत्र महिनाको चतुर्दशीका दिन मनाइने अर्को पर्व वैकुण्ठ चतुर्दशी हो । सोही दिन सय बमविरविकटेश्वर अवस्थित भद्रकाली मन्दिरको ठीक अगाडिपट्टिको प्रस्तरको स्तम्भ माथि सुनको जोर सिंहमा तेल दल्ने र भद्रकाली मन्दिरको वरिपरिका प्यालामा दियो वाल्ने परम्परा रहदै आएको छ । यसका लागि लगभग पन्ध्रसय जति खर्च लाग्ने बमगुठीका अध्ययन राणा बताउनु हुन्छ र सो मन्दिरमा पुजारी सहित वहाँ बसी पूजा सम्पन्न गरिन्छ श्रोतः- बमविरविकटेश्वर गुठी ।

## ३.५. मन्दिरमा गरिने संस्कारहरू

कुनै पनि मठ मन्दिरहरूको आफ्नै प्रकारका पर्व, पूजाहरू भए झैँ त्यहाँका आ-आफ्नै प्रकारका संस्कारहरू पनि पाइन्छन् । यस बमविरविकटेश्वर शिवालयमा पनि असहाय, अनाथ वृद्धवृद्धाहरूलाई यस मन्दिरमा बस्न दिएको छ । यस मन्दिरमा यदि वमविरबहादुर कुँवर राणाको कुनै सन्ततिको जन्म भएमा यहीँ न्वारन गर्ने परम्परा रहि आएको छ । त्यस्तै त्यस कुलमा कसैको विवाह, ब्रतबन्ध भएमा यस मन्दिरको शिवलाई ढोगी आशीर्वाद लिने चलन छ । त्यस खलकमा कसैको मृत्यु भएमा मृत्यु पछि गरिने १३ दिनको करिया बस्ने संस्कार यही बमविरविकटेश्वर तिन देवल शिवालयको सत्तलमा नै आई बस्नुपर्ने नियम छ । त्यस्तै यस तीन देवल शिवालयमा पछि यहाँ कोही नभएका व्यक्तिहरू जसका कोही आफन्त नभएका डेरामा बसेकाहरूको कसैको मृत्यु भएमा र किरिया बस्ने स्थान नभएमा यही बमविरविकटेश्वर शिवालयमा अन्तिम किरियाकर्म गर्न दिने संस्कार रहिआएको छ । जति पनि वार्षिक पूजाहरू हुन्छन् गुठीयार वा आफ्ना खलकहरू आई त्यहाँ विधिपूर्वक पूजाआजा सपन्न गरी सबै मिलेर पूजाको प्रसाद खाने यही वहानामा आफन्तजनसँग भेटघाट पनि हुने,उहाँहरूको हाल खवर पनि वुझ्न पाइने साथै त्यही वरपर रहेका गरीव, माग्ने, वृद्ध, असक्तहरूलाई पनि पूजाका प्रसाद खुवाउने परम्पराले वर्षौदेखि आजसम्म पनि निरन्तरता पाइराखेको छ ।

## ३.६. मन्दिरको कला

भित्री मनको अभिव्यक्तिलाई कुनै पनि भौतिक वस्तुमा व्यक्त गर्नुलाई कला भनिन्छ । कला मानवको उत्पति सँगसँगै विकसित भएको पाइन्छ । जब मानवले सभ्यताको विकसित क्रममा पाइला टेक्यो त्यस अवस्थादेखि नै कलाको विकास गर्दै आएको देखिन्छ । कृषि युगको थालनी सँगसँगै मानवले स्थायी बसोबासको प्रकृया अपनायो, त्यतिखेर देखि नै उसले आफ्नो भावनालाई कलात्मक बनाउने प्रयास गऱ्यो । यसरी नै आफ्नो क्षमता प्रदर्शन गर्न मन्दिर तथा मूर्तिहरूको कलात्मक रूपले विकास गऱ्यो (पाल, १९७४:१५) ।

मानवले प्रागऐतिहासिक कालदेखि नै प्रतिमा निर्माण गर्ने कार्यको थालनी गऱ्यो भन्ने कुराको प्रमाण हामीले भारतमा मुर्तिपूजाको उत्पत्तिको खोजी गर्दा सिन्धु घाटीको सभ्यतासम्म पुग्न सकिन्छ । यहाँको उत्खन्‌बाट सिन्धुवासीहरू पनि देवी देवताको प्रतिमा बनाई पूजा उपासना गर्थे भन्ने कुराको पुष्टि हुन्छ । सिन्धुघाँटी वासीहरूले प्राय शिवको पूजा उपासना गर्थे भन्ने कुरा त्यहाँ पाइएको देवताको सिङ्ग, मुख डरलाग्दो वरिपरी हात्ती, बाघ, वराहा, र गैडा बसेको देखाइएको छ । सिन्धुघाँटी सभ्यतामा शिवको मूर्ति पूजा मात्र नभई लिङ्गपूजाको समेत सुरुआत भइसकेको रहेछ भन्ने कुरा त्यहाँ पाइएको स्त्रीको मानवीय रूप एवम् लिङ्गरूपबाट थाहा पाउन सकिन्छ । मूर्तिपूजाको समय यकिन गर्न नसकिए तापनि प्राकृतिक शक्तिबाट भयभीत प्रागऐतिहासिक मानवले भक्तिभावले भयबाट मुक्ति पाउन पूजा उपासना गर्ने गरेको पाइन्छ । सिन्धुघाँटीको सभ्यताको विकाससम्म आइपुग्दा मानवले मूर्तिपूजाको एक खुड्किला पार गरिसकेको देखिन्छ । त्यसपछि विस्तारै मानवले सिन्धुसभ्यता पछि विभिन्न देवी देवताको कल्पना गरी प्रतिमा विकसित भएको पाइन्छ ।

मानव जहिले पनि सरलबाट जटिल तर्फ बढ्दै जान्छ भने झैँ मानवले पहिले मूर्तिका आकृति मात्र निर्माण गर्थे विस्तारै विस्तारै मानवले मूर्तिमा पनि मानवमा जस्तै हातखुट्टा बस्त्रको सही प्रयोग, गरगहना साथै देवीदेवता भएकाले आयुहरूको निर्माण गर्न थाले पनि त्यसमा एकदेववादबाट बहुदेववादको परम्पराको सुरुआत भयो । त्यस्तै

तान्त्रिक प्रयोग आदि । एकै भगवान्लाई पनि उनको मूर्ति पूजामा मात्र सीमित नराखी उनको स्वरूपको रूपमा पनि पूजा उपासना गर्ने परम्पराको सुरुआत हुदै गयो । जस्तै भगवान् शिवको मूर्ति पूजामात्र नभई स्वरूप पूजाको रूपमा लिङ्गपूजा गर्ने परम्परा गरिन्छ । नेपालको परिवेशमा हेर्दा पनि शिवको मूर्तिपूजाले भन्दा लिङ्गपूजाले वढी प्राथमिकता पाएको हामी पाउँदछौ ।

यस बमविरविकटेश्वर शिवालयमा शिवको मूर्ति नभई लिङ्गपूजा गर्ने परम्परा चलिआएको छ । यसै शिलाबाट बनेका तीनवटा सादा शिवलिङ्ग स्थापना गरिएका छन् । यस मन्दिरमा मुख्य देवताको रूपमा यही शिवलिङ्ग रहेका छन् । चारैतिर दुईपाखा झिँगटी छाना भएको चौघेरा सतलको बीचमा तीनवटा तलबाट माथि सानो हुदै गएको पेटीमाथि अवस्थित चौविसवटा खम्बाहरूले वनेको एउटै लाम्चो गर्भगृहमा रहेको शिवलिङ्गको यो मन्दिर टेराकोटाको शिखर छ । खम्बाहरू र गर्भगृहको वाहिरी गारोको बीचको भाग खुल्ला प्रदक्षिणापथको रूपमा रहेको छ । गर्भगृहजस्तो आठवटा ढोकामध्ये पूर्व पश्चिममा एक-एकवटा र उत्तर दक्षिणमा तीनतीनवटा छ ढोकाको वनौट मल्लकालीन कलाबाट प्रभावित देखिन्छ । शिखर उठाइएको स्थानमा झिँगटीको छाना छ । माझको शिखर दुई छेउको शिखरभन्दा अग्लो छ । यसको चारैतर्फ स-साना देवलहरू भएकोले अन्य दुई भन्दा बढी कलात्मक देखिन्छ । तीनैवटा शिखरको वरिपरि अष्टदिकपालका मूर्तिहरू पाइन्छन् । शिखरको तलतिर फुकेको र माथि साँघुरिदै गई सबैभन्दा माथि घण्टाकारमा सुन लगाएको कलशको गजुर भएकाले मन्दिरको सुन्दरता र भव्यता झन् बढेको छ । खम्बामाथिको कोर्नेसको चारैतिर स-साना झ्याल, कुशल र टुँडालहरू राखी छाना राखिएको छ । यो शिवालय तल्लो र शिखर शैलीको समिश्रणबाट बनेको भिन्न आकारको मन्दिर हो । मन्दिरको प्राङ्गणको चारैदिशामा गुम्बज आकारका साना साना चिटिक्क परेका देवमूर्तिहरू गणेश, दुर्गा, छत्रचण्डेश्वर, शिवलिङ्ग सूर्य विष्णु स्थापना गरिएका छन् । मन्दिरकै प्राङ्गणमै शिवको वहान वसाहाको विशाल मूर्ति मन्दिरको द्वारको ठीक अगाडि स्थापना गरिएको र सानो शिवको थुप्रै शिवका सानासाना मन्दिर प्राङ्गणमा छन् त्यहाँ सानो वसाहाको मूर्ति स्थापना गरिएको छ (दर्नाल, २०६१: ३५) ।

एउटै गर्भगृहमा तीनवटा लहरै शिवलिङ्गहरू छन् । प्रत्येक शिवलिङ्गको माथि शिखर रहेको छ । एउटै गर्भगृह लहरै बनाइएको तीनवटा टेराकोटाको शिखरले गर्दा नै बमविरविकटेश्वर महादेव मन्दिर नेपाली वास्तुकलाको इतिहासमा छुट्टै मौलिक स्थान ओगट्न सफल भएको छ ।

## ३.७. मन्दिरको वास्तुकला

वास्तुकला वश धातुबाट बनेको शव्द हो जसको अर्थ वासस्थानसम्बन्धी कला भन्ने वुझिन्छ । जस्तै :गाईवस्तु वस्नेलाई गोठ भनिन्छ , मौरी बस्ने घरलाई घार, मानिस बस्ने ठाउँलाई घर भनिएझैं भगवान् बस्ने स्थानलाई मन्दिर भनिन्छ । त्यस्तैः- त्यस्तो मन्दिर बनाउन प्रयोग हुने सामान प्रयोग गरी त्यसमा कलाकारले आफ्नो कलाकारिता देखाई त्यसलाई सजाउने कामलाई वास्तुकला भनिन्छ ।

मानवले आस्थाका साथ पूजा गर्ने देवता रहने त्यस्ता मन्दिरहरूमा भक्ति, पूजा र प्रदक्षिणापथका प्रयोजनलाई पूरा गर्ने उद्देश्यबाट मन्दिर वास्तुकलाका नमुनाहरू निर्माण गरिएका हुन्छन् । यस्ता प्रयोजनको लागि विभिन्न शैलीका मन्दिरहरू निर्माण गर्ने गरेको पाइन्छ, जसमध्ये नेपालमा प्रचलनमा रहेको प्रमुख शैलीमा तले या प्यागोडा शैली र शिखर शैलीका मन्दिरहरू मुख्य पाइन्छन् । तले शैली एकपछि अर्को तह तह परेको छानाहरू वनाइएका हुन्छन् । तले शैलीको मन्दिरमा छाना अड्याउन विभिन्न तोरण र टुँडालको अभाव देखिन्छ । यो शैली विशेष गरेर कोरिया, जापान, चिन, थाइलेण्ड, वर्मा आदि देशमा यस्ता शैलीका मन्दिर निर्माण भएको पाइन्छ । त्यसैले तल्लो शैलीको मन्दिरलाई नेपाली शैलीभन्दा अतियुक्ति नहोला । तले शैलीमा मन्दिर वास्तुकलाको सुरुआत वैदिक कालबाट भएको मान्न सकिन्छ । किनकी हिन्दूहरूले पूजा उपासना गर्न कुल देवता, गृह देवता, ग्राम देवता राखेर पूजा गर्ने चलन वैदिक युगदेखि नै भएको हो र त्यसै समय देखि नै तल्ले शैलीको वास्तुकला पनि सुरुआत भएको मान्न सकिन्छ ।

वास्तुकलाको सुरुआत भारत वर्षमा वैदिक कालदेखि भए तापनि ईशा पूर्वकालका स्थायी मन्दिरहरू बनेका देखिदैनन् । वास्तुकलाको ठोस प्रमाण इशा पूर्व

तेश्रो शताब्दीतिर सम्राट अशोकले स्तूप वास्तुकलाको सुरुआत गरेपछि पत्थर काटेर निर्माण गरिएपछि त्यहिबाट मन्दिर वास्तुकलाको पनि निर्माण भएको मानिन्छ ।

प्रारम्भिक युगका मन्दिरका वस्तुकला साधा छ जसमा ज्यादा अलंकारको प्रयोग गरिएको पाइँदैन । बिस्तारै मानिसले आफ्नो विचार पनि फराकिलो पार्दै गयो र भगवान् आकाश र स्वर्गमा बस्छन् भन्ने भावनाले मन्दिरहरू पनि अग्ला वन्न थाले । भक्तजन, राज्यका राजा, ठूला व्यक्ति पनि यस्ता मन्दिरहरू बनाइ अंलकरण गर्न थाले । यसरी मन्दिरलाई विभिन्न तवरबाट अलंकरण गर्न थालियो । जस्तैः मन्दिरमा टुँडाल, तोरण, छानाको माथि टुप्पोमा गजुर र गजुरलाई पनि विभिन्न प्रकारबाट सजाउन थालियो । मन्दिरको छानाको चारैतिर घण्टपात भएको मन्दिरको आमलक मन्दिरमा छाना अड्याउन बनाइएको टुँडाललाई साधा नछोडी त्यसलाई आकर्षक देखाउन विभिन्न नारीमूर्ति पातका लहरा, कामुक चित्रहरू बनाइ मन्दिरलाई सजीवता प्रदान गरिएको हुन्छ । मन्दिर अड्याउन चारवटा खम्बा राखिएका हुन्छन् । त्यस खम्बालाई पनि सादा नछोडी त्यसमा पनि विभिन्न चित्रहरू चित्रण गरिएको पाइन्छ ।

पूर्व र पश्चिम तर्फको शिखरको मूर्तिमाथि टेराकोटाकै कार्नेश बुट्टा छ । त्यसमाथि शिखर केही फुकेको भए पनि गजुरपट्टि साँघुरिदै गई घण्टाकार बुट्टामा सुनको कलश र त्रिशूल गजूर राखिएको छ । तर माझको शिखर अलि बेग्लै र ठूलो भए पनि माथिको बुट्टा र गजूर अन्य दुईको जस्तै छ ।

मन्दिरभित्रको गर्भगृहमा (भित्तामा) शिव पाञ्चायन स्वरूप उत्तर तर्फको भित्तामा पश्चिमबाट पूर्व क्रमशः नारायण, गणेश, नारायण र सूर्य मूर्ति छ । त्यस्तै दक्षिणतर्फको भित्तामा पूर्वदेखि पश्चिम क्रमशः गणेश, नारायण शक्तिसहितको विष्णु र सूर्य मूर्ति छ । उत्तरतर्फको गारोमा चाहिँ वि.सं १९१३ ताम्रपत्र राखिएको छ । माथि लामो झिँगटीको छाना छ र त्यसमाथि इट्टाले बनेको तीन शिखर चेप्टो आकारका छन् । उपशिखर र शिखरमा कलश स्थापना गरिएका छन् । मुख्य मन्दिरमा चारै दिशामा राम्रा खालका ढुङ्गाको मूर्तिहरू बनाइएका छन् । यस मन्दिर निर्माणमा अरु मन्दिरहरूमा जस्तै एकै प्रकारको मात्र सामग्री प्रयोग नभई विभिन्न प्रकारका सामाग्री

प्रयोग भएका छन् । काठ, इँटा र प्रस्तरको प्रयोग बढी गरिएको छ । मन्दिरको पेटीमा बाहिरपट्टि देखिने भागमा वेलवुट्टा भरिएका चिल्ला इँटाको प्रयोग गरिएको छ । मन्दिरको प्राङ्गणलाई चारैतिर घेरी विशाल विशाल तीन तल्ले सत्तल बनेका छन् । जज्ञं काष्ठकलाको राम्रो उदाहरण देखिन्छ । (रेग्मी, २०३३:२१४) सत्तलका टुँडालहरूमा पनि विभिन्न अकर्षक फूलबुट्टा र पातबुट्टाहरू साथै नारी पुरुषका कामुक चित्र अंकित गरिएको छ । यस मन्दिरको टुँडालमा पनि सत्तलमा जस्तै आकर्षक किसिमका पातका लहरा त्यसभन्दा मुनि स्त्रीका कामुक चित्र अंकित गरिएको छ भने त्यस मन्दिरमा तोरण भने पाइदैन । यस शिवालयमा एउटै गर्भगृहमा लहरै बनाइएका तीनवटा टेराकोटाको शिखरले गर्दा नै बमवीरविकटेश्वर शिवालय इतिहासमा छुट्टै मौलिकस्थान राख्न सफल भएको छ (दर्नाल, २०६१:३३) । यस शिवालयको मुख्य मन्दिरको टुडाँल जुन मन्दिरको छाना बनाउन प्रयोग भएको छ । ती टुँडाल छोटा र साना छन् । तर पनि कलाकारले आफ्नो कलाकारिता देखाउन भने चुकेका छैनन् । यो मन्दिर ढुङ्गा, इँटा, झिँगटी, काठ, माटो आदिको समिश्रणबाट बनेको भिन्न किसिमको मन्दिर छ । यस मन्दिरको सिढी प्रस्तरको बनाइएको छ भने चार तहको पेटीमाथि मन्दिर बनाइएको छ भने भित्तामा टेराकोटाका गोला गोला बुट्टेदार इँटाले आकर्षक फूलबुट्टा भर्ने काम गरिएको छ । पेटिकाको कुना कुनामा सिंहको जस्तो ठूला तीनतिर फर्केका सिंहको टाउको टेराकोटा कै बनाइएको छ ।

## ३.८ मन्दिरसँग सम्बन्धित गुठी र व्यक्तित्वहरू

यस बमवीरविकटेश्वर गुठीका तत्कालीन प्राईममिनिष्टर एण्ड कमाण्डर इनचिफ जनरल वमबहादुर कुँवर राणाज्यूबाट विक्रम संवत १९०७ सालमा पवित्र उद्देश्यले धेरै जग्गाहरू खरिद गरी यस गुठीमा प्रितिगरी सो जग्गाको कर माफी हुने गरी श्री ५ सुरेन्द्रवीरविक्रम शाहदेवबाट लाल मोहरसमेत गराई स्थापना गरेको थियो । त्यस्तै जग्गाको आम्दानीबाट गुठीको नित्य पूजा, पर्वपूजा, वार्षिक पूजा तथा कामदारलाई तलव दिई बाँकी भएमा सो रकम जग्गा नै खरीद गर्नु भने दान पत्रमा उल्लेख पाइन्छ ।

यो गुठीको संचालन सुरुमा प्राइममिनिष्टर एण्ड कमाण्डर इन्चीफ वमबहादुर कुँवर राणाका छोरा जर्नेल वमविरविक्रम कुँवरले चलाई आएको र त्यसपछि उहाँ धनकुटा सरुवा भएको र उहाँका छोराहरू त्यसवेला केटाकेटी नै भएकोले जनरल यक्ष विक्रम कुँवरले संचालन गरेका थिए । वहाँ पछि वहाँका छोराहरू पूर्वा विक्रम र पुष्कर विक्रमले चलाई आएकोमा धर्मलो गऱ्यो भन्ने यक्षविक्रमका छोरा ताक्ष विक्रमको उजुरी परी सो गुठीको तालुक ताक्ष विक्रममा सरेको थियो । ताक्षविक्रमले केही समय चलाएपछि गुठीको तालुक आफ्ना भाइ लिलाविक्रममा सारी पाऊँ भनी तत्कालीन श्री ३ महाराजमा सिफारिससहितको निवेदन गरी श्री ३ महाराजका खड्ग निसाना गराई लिलाविक्रम परलोक भएपछि निजका छोरा पुण्यविक्रम राणालाई राम्रो काम गरेसम्मका लागि मुख्तियार एक छापे झैँ २००५ सालमा तालुक पाएको थियो । यसरी निजले धेरै वर्षसम्म गुठी संचालन गर्दा पाटी पौवा देवालय, शिवालय आदिको साल बसाली मर्मत नगराई भत्केर गएको त्यसको हेरचाह नहुँदा अमुल्य मूर्तिहरू चोरी भएको र दानपत्रमा उल्लेखित भाँडावर्तन चाँदीका कचौरा सुनका तुलसीपत्र आदि हिनामिना भएको भनी गुठी संस्थानमा उजुरी गर्दा पनि केही नभएकोले वम सन्ततिहरूको एउटा समिति बनाई यस समितिमार्फत् यी गुठी चलाउने व्यवस्थाको लागि गुठी संस्थान धाउँदा धाउँदै २०४७ सालको जन आन्दोलन पश्चात बहुदलको सरकार गठन भएपछि गुठी जग्गामा अनियमित भए गरेको भए एक महिना भित्र गुठी सुधार आयोगमा दावी गर्न आउनु भनी सूचना प्रकाश भएकोले सोही अनुसार उजुरी निवेदन दिएकोमा त्यसमा आयोगबाट छानविन गरी त्यसैका आधारमा श्री जनार्दन विक्रम राणाको अध्यक्षतामा ८ सदस्य भएको एउटा समिति २०४९ सालमा गठन गरी त्यसबाट नै गुठी संचालन गरेको थियो । उहाँको पालामा गुठी केही प्रगति गर्दै अगाडि बढिरहेकोमा अकस्मात जनार्दनविक्रम राणाको अध्यक्षतामा गठित समितिलाई विनासूचना प्रतिवाद गर्ने मौका नै नदिई भंग गरी जयन्तीविक्रम राणाको अध्यक्षतामा १३ सदस्य भएको समिति गठन गरी कार्य संचालन गरेको थियो । त्यसको ४ महिनापछि निजले राजीनामा दिएकोले पुनः जनार्दनविक्रम राणाको अध्यक्षतामा गठित समितिलाई नै गुठी संचालन गर्न दिइयो । त्यस उप्रान्त अध्यक्ष जनार्दनविक्रम राणा

२०४७ सालमा परलोक भएपछि राजविक्रम राणाको अध्यक्षतामा ११ सदस्य भएको गुठी व्यवस्थापन समिति गठन गरी हालसम्म संचालन गर्दै आइरहेको छ ।

हाल यस बमविरविकटेश्वर शिवालय अन्तर्गत रहेका मन्दिर, स्मारक तथा सत्तलहरू निम्न अनुसार छन्:-

१. श्री बमविरविकटेश्वर शिवालय मन्दिर र त्यस वरपर रहेका चार किल्ला घेरेर रहेको तीन तल्ले वुर्जा सहितको सत्तल तथा सो परिसरभित्र विभिन्न साना साना गणेश, महिषासुर मर्दिनी, सूर्यमूर्ति, छत्रचण्डेश्वर, विष्णु, शिवलिङ्ग, आदि मन्दिर तथा देवताहरूका थुप्रै मूर्तिहरू रहेका छन् ।

२. इन्द्र भक्तेश्वर महादेवको मन्दिर तथा सँगै रहेको दुई तले सत्तल

३. लक्ष्मी नारायण मन्दिर तथा दुई तले सत्तल ।

४.श्री कृष्ण, वलभद्र, सुभद्रा रहेको जगन्नाथ मन्दिर

५. सेतो महादेव मन्दिर

६. गुणभुवनेश्वर महादेव मन्दिर तथा दुई  तले सत्तल

७. पंच लिङ्गेश्वर महादेव मन्दिर

८. वाग्मती हनुमानघाटस्थित श्री रामचन्द्र, सीतानरसिंह मन्दिर तथा सत्तलहरू

९. राधाकृष्ण मन्दिर तथा सत्तल (हाल सबै भत्केर नरहेको)

१०. यक्षनन्देश्वर, ताक्षभक्तिश्वर शिव मन्दिर

११. त्रिशूल

१२. तुलाभक्तेश्वर डम्बर भक्तेश्वर मन्दिर

१३. दुई ढुङ्गामा शिव मन्दिर

१४. भुवन भक्तेश्वर

हाल यस गुठीअन्तर्गत वाग्मती किनारामा मात्र जम्मा ९ वटा मन्दिर र ५ सत्तलहरू रहेको पाइन्छ । ती मन्दिर तथा सत्तलहरू १५३ वर्ष पुराना हुन् । उपरोक्त मठमन्दिरहरूको नित्य पूजा, वर्ष वन्धन पूजा तथा पर्व पूजाहरू सूचारु रूपले संचालन गर्न करिब ६७० रोपनी जग्गाहरू काठमाडौं, ललितपुर र भक्तपुर खरिद गरी त्यसको आयस्ताबाट गुठी संचालन गर्ने गरी राखेको पाइन्छ । हाल त्यस जग्गामध्ये करिव ३०० रोपनी जग्गा रैतान गरिसकेको देखिन्छ । रैतान भनेको मोहीले सरकारबाट तोके बमोजिमको मोल गुठी संस्थानमा बुझाई अन्य रैकर सरह गुठीमा मालपोत वुझाई खान पाउने व्यवस्था हो । यसरी हाल सम्म करिव ३०० रोपनी जग्गाहरू रैतान भैसकेको देखिन्छ । सो वापत गुठी संस्थानमा करीव ४०/५० लाख रकम भएको हुनु पदर्छ । यस गुठीको के कति जग्गा बाँकी छ भन्ने सम्बन्धमा पनि पहिलेका तालुकदारहरूले आफूसँगै भएको मोठ, किताव, श्रेस्ता लगायत अन्य कागजपत्रहरू हालसम्म बुझ बुझारथ नगरेकोले यकिन गर्न नसक्ने अवस्था छ ।

यसरी नै २०४१ सालमा राममन्दिर टेकुको फूलवारी वगैंचा करिव १२-८-० जग्गा घरेलु शिल्पकला विक्री भण्डारले धागो रङ्गाउने र कपडा तयार गर्ने कारखाना बनाउन भनी अधिग्रहण गरी लिएको थियो । जसको क्षतिपूर्तिवापत त्यसवेला २५,५००००।- रूपैंया दिएकोमा सो पैसा गुठी संस्थानले लिई सो रकम गुठी संस्थानले मुद्दति खातामा जम्मा गरी राखेको त्यसको हालसम्म रु.३० लाख भन्दा बढी व्याज प्राप्त गरी सकेको हुनुपर्छ ।

यसरी यस गुठीको थुप्रो सम्पत्ति हुँदा पनि राष्ट्रकै धरोहरको रूपमा रहेको प्राचीन मठमन्दिर नष्ट भएर जानु धेरै दु:ख लाग्दो कुरो हो । यस गुठीलाई पूर्व अध्यक्ष स्व. जनार्दनविक्रम राणाको अध्यक्षतामा गठन भएको समितिले केही प्रगति गर्दै अगाडि बढिरहेकोमा अचानक गुठी संस्थान कै प्रशासकज्यूबाट पूर्व अध्यक्ष स्व. जनार्दनविक्रम राणाको अध्यक्षतामा गठित समितिलाई विना सूचना प्रतिवाद गर्न कुनै मौका नै नदिइ ठाडै खारेज गरी जयन्तिविक्रम राणाको अध्यक्षतामा १३ सदस्य भएको समिति गठन गरी कार्य संचालन गर्न दिइयो । यसरी सो समितिको जम्मा ४ महिना संचालन गर्दा रैतानको व्याज २ वर्षको प्राप्त गरेको र मर्मत गर्नको लागि भनी गुठी

संस्थानबाट १,००,०००।- पेश्की ल्याएकोमा कुनै पनि मर्मत कार्य नगरेको भनी गुठीदारहरूबाट उजुरी परेकोले जयन्तिविक्रम राणाले अध्यक्ष पदबाट स्वेच्छाले राजीनामा गरी सो समिति भंग गरी पुनः जनार्दनविक्रम राणाको अध्यक्षतामा गठित समितिलाई कार्य सञ्चालन गर्न दिइयो । निज जयन्तिविक्रम राणाको अध्यक्षतामा गठित समितिलाई कार्य संचालन गर्न दिइयो । निज जयन्तिविक्रमको पालामा लगेको रु. १,००,०००।- पेश्की रकम हालसम्म फछ्र्यौट नगरेकोले र अन्य रकमसमेत असुल उपरको लागि गुठी संस्थानले निजलाई हालसमम तारेखमा राखी कारवाही गरिरहेको छ । त्यसपछि जनार्दनविक्रम राणा २०५७ सालमा परलोक भएपछि श्री राज विक्रम राणाको अध्यक्षतामा ११ सदस्य भएको गुठी व्यवस्थापन समिति गठन गरी १ वर्षको लागि भनी कार्य संचालन गर्न दिइयो ।

यस्तो आर्थिक श्रोत ज्यादै कमजोर भएको अवस्खम्बाा यस गुठीको अध्यक्षले दैनिक कार्य संचालन गर्न २/३ जना कर्मचारी राखी अफिस खडा गरी यस गुठीको संचालन गरिरहेको छ । त्यसको अलावा माथि उल्लेखित मन्दिरहरूको नित्यपूजा, पर्वपूजा जस्तै वर्षवन्धनपूजा, शिवरात्री, पञ्चमी, अक्षयतृतीया, कृष्णाष्टमी, रामनवमी आदि पर्व पूजासमेत सुचारु रूपले चलाउँदै आइरहेको छ । यो गुठी करिव १२ रोपनी जग्गामा फैलिएको हुनाले सफा सुग्घर गर्न मात्र दैनिक ३/४ जना मानिस लाग्नेमा अध्यक्षद्वारा दिनरात नभनी सफा सुग्घर तथा बगैचा स्वच्छ राख्ने जस्ता वातावरणलाई समेत मनमोहक पार्ने काम भैरहेको छ । यस गुठीको जग्गाहरू अझ धेरै देखिए पनि अधिकांशले बाली तिर्ने गरेको देखिदैन । त्यसमध्ये मुस्किलले ३०/३५ जना मोहीले मात्र बाली तिर्ने गरेको पाइन्छ (श्रोतः श्री राजविक्रम राणा अध्यक्ष बमवीरविकटेश्वर व्यवस्थापन समिति, टेकु) ।

# चौथो अध्याय

# बमवीरविकटेश्वर मन्दिर परिसरमा रहेका अन्य सम्पदा र स्मारकहरू

## ४.१ सत्तल

कुनै पनि मन्दिर धर्मशालाहरूको आसपास परापूर्वकालदेखि नै सत्तलहरू बनाउने चलन रहदै आएको पाइन्छ । सत्तल खास गरेर मन्दिरको प्राङ्गणको वरिपरि बनाएको पाइन्छ । यस्ता सत्तलहरूमा मन्दिरमा खास दिन र चाडपर्वहरूमा मन्दिरको विशेष अवसरमा पूजाआजा भोजभतेर गर्दा त्यही सत्तलमा बसेर पूजाआजा गर्ने भोजभत्तेर खाने, मन्दिरसँग सम्बन्धित संस्कारहरू सम्पन्न गर्न साथै कति सत्तलहरूमा घरवारविहिन, बुढाबूढी बस्ने खाने सुत्ने गरेको पनि पाइन्छ । यस्ता सत्तल, धर्मशालाहरू प्राय आफ्ना घरवार नभएकाहरू जस्तै गाउँबाट शहरमा बस्न आएका, यहाँ आफन्त नभएकाहरूका आफन्तहरूको मृत्यु भएमा पनि यस्ता धर्मशाला, सत्तलहरूमा किरिया बस्ने गरेको पनि पाइन्छ । त्यस्तै टाढा-टाढा तीर्थ जाँदा आफन्तहरू नभएको अवस्खम्बाा त्यस्ता सत्तलहरूमा गई रात विताउने गरेको पनि पाइन्छ । सत्तलहरूको वास्तुकला ज्यादै आकर्षक पाइन्छ ।

यस बमवीरविकटेश्वर शिवालय मन्दिर प्राङ्गणको वरिपरि सत्तलहरू भएका कारणले मन्दिर ज्यादै आकर्षक  देखिएको छ । यी सत्तलहरूले गर्दा मन्दिरको संरक्षण पनि भएको छ । यहाँका सत्तलहरूमा पनि तल खाली बार्दली जस्तो निकाली ती काठहरूमा आँखी झ्यालमा जस्तो बुट्टा निकालिएको छ । यहाँको सत्तलहरू मन्दिर वरिपरि र मन्दिरबाहिर तर मन्दिरकै एरियामा थुप्रै अरू पनि मन्दिर र सत्तलहरू बनाइएका छन् ।तर कति जीर्ण अवस्खम्बाा छ ।

## ४.१.२ सत्तलको कार्य

यस मन्दिरमा रहेका सत्तलहरूमा विशेष अवसरमा पूजाआजा हँदा, ठूला कार्य गर्दा, यी सत्तलमा बसी पूजासामग्री ठीक गर्ने, भोजभतेर खुवाउने यहाँका सत्तलहरूमा यदि बाहिरबाट आएका व्यक्ति वंशजको यहाँ कोही आफन्त नभएकाहरू अरुको घरमा

भाडामा बसेकाहरूको कोही आफन्तको मृत्यु भएमा यहाँको सत्तलमा निशुल्क किरिया बस्ने दिने निकै पुण्यको काम गर्ने गर्दछ । त्यस्तै यस संसारमा आफ्ना आफन्तको हकमा कोही नभएकाहरू जसलाई हामी अनाथ भन्छौं, त्यस्ता व्यक्ति वृद्धवृद्धा, असहाय आदिलाई बास दिने जस्तो ज्यादै पुण्यको काम गरेको छ । त्यस्तै यहाँको सत्तलमा बमवहादुरका सन्ततिको मृत्यु भएमा, व्रतवन्ध गर्नु परेमा यहीँ गरिन्छ । त्यस्तै माथि पहिले पहिले वमविरबहादुर कुँवर राणा ज्यू र वहाँकै सन्ततिहरू यस शिवालयमा चाडपर्व उत्सव हुँदा माथि बसी दृश्यावलोकन गरी आनन्द ग्रहण गर्दथे होला । आजकल त्यहाँ आजकल सामान राखनधरन गर्ने कार्य गरिन्छ र कहीँ असहाय वृद्धवृद्धाहरूको बुढेसकालको छहारी बनेको छ ।

## ४.१.३ सत्तलको वास्तुकला

यस तीनदेवल शिवालयको सत्तलहरूको खम्बामा, झ्यालमा, ढोकाहरूमा, सत्तलका टुँडालहरूमा कलाकारले विभिन्न फूलबुट्टा, नारी पूरुष मूर्तिहरू बनाएर सजीवता प्रदान गरेको छ । यहाँको झ्याल टुँडालहरूमा नागनागिनीका र नागवेली बुट्टा पनि बनाइएको छ । यहाँका सत्तलहरू आँगनबाट अलि अग्लो गाह्रो बनाइएको छ, जसले गर्दा पानी पर्दा पानीले बिग्रने डर कम हुन्छ । सत्तलको छाना अड्याउन प्रयोग भएका टुँडालहरूमा पनि ज्यादै आकर्षक बुट्टा बनाइएका छन् । टुँडालमा विभिन्न प्रकारका भिन्न भिन्न मूर्तिहरू ठूलो मूर्तिको मुनि साना साना मूर्तिहरू कलाकारको ज्यादै ध्यान दिइ मेहनत गरेर बनाएका छन्, जुन जो कोहीले पनि प्रशंसा नगरी रहन सकदैनन् । टुँडालको सवैभन्दा माथि पातका लामा लामा लहरा लहराभन्दा मुनि मूर्तिहरू त्यहाँको टुँडालको विशेषता नै कुनैपनि टुँडालको बुट्टा अर्को टुँडालभन्दा भिन्न छ । कुनैमा नारी मूर्तिले रुखको हाँगा समाइरहेको जस्तो कुनैमा भगवान् कृष्णले बाँसुरी बजाउन लागेको दृष्य, त्यस्ता सिँगो ठूलो मूर्तिको भनि कहिँ अश्लिल मूर्ति कहीँ, जनावर, कहीँ नारी मूर्ति ढुङ्गेधारामा नुहाउन लागेको  दृश्य यहाँका यस्ता साना मूर्तिहरू पनि ज्यादै सजीव र प्रष्ट देखिन्छन् । यहाँका सत्तल प्राय दुईतले छन् । तल्लो तल्लाको सत्तलको भाग खुल्ला सत्तलको माथिल्लो तल्ला अड्याउन ठूल्ठूला खम्वाको

प्रयोग भएको छ । खम्बा पनि प्राय जोर राखिएको छ । र ती खम्बाहरूमा पनि लामा लामा पातका बुँट्टाहरू कुँदिएका छन्, जसले गर्दा सत्तललाई सुन्दर देखाउन मद्दत पुऱ्याएको छ । सत्तलको माथिल्लो तला बस्न हुने गरी बनाइएको छ । मन्दिरको दुइपट्टि ठूला-ठूला ढोका जुन एक प्रवेशद्वारको माथिको र वगैंचा र अरु त्यस शिवालय भित्रका मन्दिर प्रवेशद्वारको बाहिर निस्कने द्वारको माथिल्लो पट्टिको झ्याल अलि अगाडि पट्टि वाल्कोनी आकारले बनाइएका तीन-तीनवटा झ्यालहरू छन् जहाँबाट मन्दिरको प्राङ्गणमा हुने चाडपर्व र उत्सवहरू बसेर हेर्दा ज्यादै आकर्षक र रमाइलो देखिन्छ । ती तीनवटा झ्यालको दाँया पट्टिको झ्याल काठको आँखी झ्यालबीच र बाँयाका झ्याल खुल्ला लगाउन र खोल्न मिल्ने गरी काठको नै बनाइएका छन् । ती झ्यालहरूमा पनि कलाकारले ज्यादै मेहेनत गरी माथि र तल पातका लहरा बुट्टाहरू, तल पातका लहरा छेउ छेमा माछा, विभिन्न फूल बुट्टाहरू त्यो भन्दा तल विभिन्न मानव र देव मूर्तिहरू साना भएपनि तल प्राङ्गणबाटै स्पष्ट रूपमा देखिने गरी बनाइएको छन्, जसले गर्दा ज्यादै मनमोहक देखिन्छ । र यहाँका अरु कति सत्तलहरू जीर्णोद्वार समेत गरिसकिएको छ ।

मन्दिरको प्राङ्गणमा रहेका सत्तलमध्ये पश्चिमपट्टि ३ तल्ले वुर्जा भएको सत्तल पूर्व अध्ययन स्व. जनार्दनविक्रम राणाको अध्यक्षतामा गठित समितिबाट जीर्णोद्वार भई हाल केही काम चलाउन सक्ने अवस्खम्बाा रहेको छ । त्यस्तै उत्तर पट्टिका छाना ठाउँठाउँमा झिँगटी खसेका र गाह्रो समेत जीर्ण भएकोले यस वम्वीर विकटेश्वर गुठी स्वयम्ले नै सबै छाना झिकी जीर्णोद्वार गर्न लागेको छ ।

## ४.१.४ मुख्य मन्दिर सत्तलको जीर्णोद्वार

यस शिवालयको परिसर भित्रका सत्तलहरू ज्यादाभन्दा ज्यादा भत्केका, कति जीर्ण अवस्खम्बाा र कति जिर्णोद्वार गरिसकिएको छ ।

### ४.१.४.१ मुख्य मन्दिर र सत्तल जीर्णोद्वार गर्नुभन्दा अगाडिको अवस्था

- तेश्रो पेटीको बुट्टे इँटाहरू प्रायजसो सबै टुटेफुटेका थिए ।

- दक्षिण तर्फको चारवटा खम्बाहरू काठको हुनुपर्नेमा इँटा सिमेन्टबाट बनेको थियो ।
- प्रदक्षिणा पथका दलिनहरू धेरैजसो किराले खाएको, मक्किएको र नराम्रो अवस्थाको थियो ।
- १९९० सालको भूकम्पपछि मन्दिरको जीर्णोद्वार गर्दा झिँगटीको छानाको ठाउँमा जस्तापातको छाना राखिएको पाइयो ।
- उत्तरतर्फ नागवेली बुट्टाको ठाउँमा सादा इँटा राखिएको र केही नागनागिनीको मूर्ति टुटे फुटेको तथा हराएको पाइयो ।
- मन्दिरको लामो गर्भगृहको सतह एवम्‌डखावड परेको थियो । सम्भवत ढोकाको डिला काठ बीचको शिखर (पश्चिम पट्टिको) पनि माझतिर केही ढल्कन गएको देखिन्छ ।
- पेटीमाथिका चौवीसवटा खम्बाहरूमध्ये उत्तर तथा दक्षिण तर्फका खम्बाहरू आफ्नो ठाउँबाट सरेको स्पष्ट देखिन्थ्यो ।
- दक्षिणतर्फको माझको ढोकाको दुवैतिरको गारो शिखरको बोझले गर्दा फुटिसकेको छ ।
- गर्भगृहको चारैतर्फको गारो कहीँ भुक्क उठेको कहीँ ढोकाको डिलको काठ धसिएको कहीँ काठको चौकोशहरू आफ्नो स्थानमा नभएको देखिन्थ्यो । यसले गर्दा मन्दिरको पूर्वतर्फको ढोकाबाहेक अन्य ढोकाहरू खोल्न र बन्द गर्न नसकिने अवस्खम्बाा थिए ।

यहाँको वरिपरिका केही टुँडालहरू र कुशल हराएका थिए । शिखरहरूमा पनि कतै कतै चर्किएका र झारपात विरुवा उम्रिएका थिए ।

चौघेरा सत्तल सवै जीर्ण अवस्खम्बाा नै थिए । दक्षिणपट्टिको सत्तलको प्रवेशद्वार दायाँबायाँ दुइवटा घण्टा छ । यहाँ १९०९ सालको एउटा अभिलेख पाइन्छ । यो

सत्तलको छाना तथा भित्रपट्टिको खम्बाहरू कुनैपनि बेला खस्ने अवस्खम्बाा छन् । उत्तरतर्फको सत्तलको झ्यालहरू छैनन् । त्यस्तै पश्चिमतर्फको सत्तलको छाना जस्ता राखी जोगाइएको छ भने झ्ायलहरू पनि नयाँ राखिएका छन् । तर १९९४ मा प्रकाशित टेकु थापाथली रिसर्च ग्रुपको रिर्पोटमा यी सत्तलहरूको विस्तृत नक्साहरू भएकोले पुरानै रूपमा संरक्षण गर्न सकिन्छ । वि.सं. १९१० देखि प्रत्येक वर्ष इन्द्रजात्रामा ठड्याइने लिङ्गो बमवीरविकटेश्वर मन्दिरलाई दिने चलन चलेको पाइन्छ । यस लिङ्गोलाई वागमतीमा खसाल्छन् र फेरि त्यहाँबाट ल्याएर सोही बमवीरविकटेश्वर शिवालयको मन्दिर जीर्णोद्वार गर्ने कार्यमा प्रयोग गरिने साथै गुठी संस्थानले कुमारी हाँडीगाउँको जात्रा र मन्दिरहरू जीर्णोद्वार गर्न साथै मानिसहरू आवतजावत गर्न पुल बनाउ समेत प्रयोग गरिने गरिन्छ ।

## ४.२ मन्दिर तथा मूर्तिहरू

यस बमवीरविकटेश्वर मन्दिरको प्राङ्गणमा तेलीय इँटा छापिएको छ । मन्दिरको दक्षिणतर्फ प्राङ्गणमा तीनवटा ठूला-ठूला चौडा प्रस्तर ओछ्याइएको छ । यस शिवालयमा व्रर्तवन्ध पूजा तथा होमयज्ञादि गर्ने गरिन्छ । यस शिवालयको प्राङ्गणमा विभिन्न प्रकारका साना साना गुम्वज आकारका मन्दिरभित्र चिटिक्क परेका देवमूर्तिहरू र शिवलिङ्गहरू स्थापना गराइएका छन् । जसले गर्दा मन्दिरको सौन्दर्यतामा अझ निखार ल्याउने काम गरेको छ । यस मन्दिरको प्राङ्गणमा स्थापित मूर्तिहरू निम्नानुसार छन्:-

१) गणेश मूर्ति

२) दुर्गामूर्ति

३) सूर्य मूर्ति

४) विष्णु मूर्ति

५) छत्रचण्डेश्वर मूर्ति

६) शिवलिङ्ग

## १. गणेश

हिन्दू तथा बौद्ध दुवै धर्ममा गणेश भगवान्लाई मुख्य देवताको रूपमा मानिदै आएको छ । गणेश भगवान् शिवका पुत्ररूपमा पुराणमा वर्णित छन्  र भगवान् शिवका प्रमयदिगणका अधिपति भएकोले गणपति वा गणेश नामले पुकारिन्छ ।

'गणपति' शब्दको प्रथम उल्लेख ऋग्वेदमा नै परेको छ । ऋृग्वेदमा नै उनलाई 'महाहस्ती', 'एकदन्त', वक्रतुण्ड र 'दन्ती' समेत भनेको पाइन्छ मानवगृहसूत्रमा गणेशलाई प्रथम पटक "विनायक" भनिएको छ र यस समयदेखि गणेशलाई सर्वशक्तिमान ईश्वरको रूपमा भनिएको पाइन्छ । मानवगृहसूत्रमा ४ प्रकारका विनायकहरूको उल्लेख छः १ शाकलंटक्रट २) करमाण्ड ३) राजपुत्र ४) उस्मित र ४) देवयजन (Majuparia, 2004 :63) ।

महाभारतका अनुसार पर्वमा गणेश्वर र विनायकलाई मानिसहरूको काम र दायित्वहरू माथि सुपरिवेक्षण गर्न सर्वत्र उपस्थित रहने देवता भनिएको छ । साथै उनलाई अनिष्टहरूलाई नाश गर्ने देवता भनिएको छ । पुराणहरूमा भने गणेशसँग सम्बन्धित अनेकौ उपख्यान र विवरण पाइन्छन् । भागवत पुराणमा गणेशको 'ग' अक्षरलाई सम्पूर्ण रूप बोधक तथा दुवै अक्षरका स्वामी गणेशलाई सर्वोच्च देवताका रूपमा स्थापित गरिएको पाइन्छ । यस पुराणको महागणपति उर्ध्वगणपति 'पिगलगणपति' आदि गणेशको रूपहरूको चर्चा गरेको छ । पुराणहरूमा उनलाई शिवको द्वितीय पुत्रः विघ्न नाशक र प्रत्येक शुभ कार्यमा सुरुमै गणेशको अनिवार्य रूपमा पूजा गर्नु पर्ने कुरा उल्लेखित छ (Majuparia, 2004:64) ।

पाँचौ र आठौं शताब्दीको अन्तरालमा गणपति सम्प्रदाय समाजमा देखि सकेको थियो । त्यसैले छैठौं शताव्दी सम्ममा लेखिएको यज्ञवलक्य स्मृतिमा सम्प्रदायकै रूपमा गणपतिको पूजाविधिको उल्लेख परेको पाइन्छ । डा. जयशंकर भिज्ञका अनुसार कालान्तरमा गणपति सम्प्रदायका जम्मा ६ वटा शाखाहरू समाजमा प्रचलित भए ।

यस गणपतिलाई आदिदेव तथा सृष्टिकर्ता मानिन्छ । २) हरिद्रगणपति सम्प्रदाय सम्प्रदाय जसमा गणपतिको दाँतको चिनो आफ्ना पाखुरामा डामेर अंकित

गरिन्छ । र उपासकले पहेलो बस्त्र र जनै लगाउँछन् साथै चतुर्भुज, त्रिनेत्र हातमा पाश कुश र दण्डयुक्त गणेशको पूजा गर्दछन् । ३) उच्छिष्ट गणपति सम्प्रदाय गणपतिसँग सम्बन्धित एउटा उग्रसम्पदा हो । त्यसैले यसमा तन्त्रवादको प्रभाव परेको पाइन्छ । यस सम्प्रदायका अनुयायीहरू मासु, रक्सी, आदि पनि सेवन गर्दछन् । निधारमा रातो भुद अंकित गर्दछन् । ४) नविनत गणपति सम्प्रदाय ५) स्वर्णगणपति सम्प्रदाय सम्प्रदायका अनुयायीहरू गणेशको मूर्ति र प्रतिस्थापन गरेर उपासना गर्दछन् । प्रायः सबै हिन्दू परिवारमा वर्तमान समयमा पनि गणेशको पूजा अनिवार्य ठानिन्छ ।

नेपालमा गणेशको उपासना कहिलेदेखि सुरु भयो भने यकिन साथ भन्न सकिदैन । भारतमा गणेश उपासनाको परम्परा गुप्त राजाहरूको पालादेखि प्रचलित भएको मानिन्छ । त्यसै समयदेखि नेपालमा पनि गणेशको पूजा उपासना गर्ने पद्धति सुरु भएको मान्न सकिन्छ ।

मल्लकालमा आएर गणेशको पूजा उपासनाको परम्परा व्यापक भएको पाइन्छ । यस ताका बनेका गणेशका मूर्तिहरू सडकका छेउ चौबाटो, जंगल र खोला छेउ, प्रवेशद्वारहरूमा ढोकाहरूमा धर्मशाला र प्रत्येक देवदेवीका मन्दिरहरूमा पाइन्छन् । मल्लकालमा लेखिएको प्रत्येक ग्रन्थहरूको प्रारम्भ ॐ गणेशबाट भएको छ । चाहे यस्ता ग्रन्थ जुनसुकै सम्प्रदायका किन नहुनु इसाको पन्ध्रौ शताव्दीताकादेखि गणेशका मूर्तिहरू बनिन थालेको पाइन्छ । यस ताकाको पहिलो मूर्ति बनेपाबाट प्राप्त गणेश मूर्ति हो । जुन वि.सं. १५०९ तिरको हो । गणेशको यो मूर्तिमा ६ वटा हातहरू बनाइएको छ । यसैगरी पाटनको कुम्भेश्वर मन्दिर नजिकै यसैताकाको गणेशको १२ हाते मूर्ति बनेपाको गणेश मूर्तिसरहको शैलीमा बनेको पाइएको छ । सत्रौं शताब्दीतिरको एउटा १६ हाते गणेश मूर्ति आफ्नो शक्ति सहित छ । यस गणेशको शिरमा फणायुक्त नाग अंकित छ । गणेशका मल्लकालीन ४ मन्दिरहरू प्रमुख मानिन्छन् । जे.सी. रेग्मीले गणेशसम्बन्धी मध्यकालका दुइवटा अभिलेखहरूको चर्चा गर्नु भएको छ । यी मध्ये प्रथम चित्रमवद्धी पाटनको वि.सं. १४७९ को अभिलेख हो । जसमा गणेशको स्तुति गरिएको छ । अर्को वि.सं. १५०९ को साँगाको अभिलेख हो जसमा गणेश मूर्ति स्थापना गरिएको छ । यसबाट के थाहा हुन्छ भने जुनसुकै हिन्दु

मन्दिरमा गणेश मूर्ति स्थापना गरिएको छ । किनकि हिन्दू संस्कृति अनुसार गणेशको प्रथम पूजा नगरी गरेको पूजाको कुने अर्थ हुँदैन भन्ने मान्यता छ ।

यसै मान्यतालाई निरन्तरता दिदै यस बमवीरविकटेश्वर शिवालयको प्राङ्गणमा पनि पूर्व दिशामा गुम्वज आकारको सानो मन्दिरभित्र गणेशको मूर्ति स्थापना गरिएको छ । गणेशको मूर्ति पूर्वदिशामा फर्किएको छ । छाना गुम्वज आकारको छ । मन्दिरको भित्ता टेराकोटाबाट निर्माण गरिएको छ । सो गणपतिको मूर्ति पनि प्रस्तरबाट नै निर्माण गरिएको छ । गणपतिको मूर्तिको पछाडि पनि ज्वालावली छ । गणपतिसँगै मुसा वाहन पनि सानो चिटिक्क परेको बनाइएको छ । गणपतिले शिरमा मुकुट, हातमा वाला, कानमा कुण्डल, गलामा लामा माला धारण गरेका हेर्दै हृष्टपूष्ट भूँडी, लामो हात्तीको जस्तो सूँड साना साना लाम्चा आँखा, हात्तिका जस्तै ठूला ठूला कान, धोती लगाएका चारहातमा एकमा जयमाला, अर्कोमा लड्डु, एकममा आयुध, (बञ्चरो), र अर्कोमा स्वस्तिक चिह्न छ । लामा दाह्र भएका कमलको फूलमाथि विराजमान गणपति बनाइएको छ । गणपतिको मूर्ति ५३/३६ सेमी छ । दर्नाल, ३४) ।

## २. दुर्गामूर्ति

दुर्गापूजाको प्रचलन अष्टमातृका पूजासरह नै नेपालको प्राचीन प्रचलन हो । व्यवहारिक रूपमा नेपालमा अष्टमातृकाहरूमा त्रिपुरासुन्दरीलाई थपेर नवदुर्गा बनाइएको पाइन्छ भने कहिले नवदुर्गाअन्तर्गत महिषासुरमर्दिनी वा वत्सलादेवी जयवागेश्वरी र गुहेश्वरीसमेतलाई पनि नवदुर्गाकै रूपमा पूजा उपासना गरिएको पाइन्छ ।

काठमाडौं उपत्यकामा नवदुर्गाको विभिन्न रूपहरूको जतातत‍ै पूजा गरिन्छ । तर नवदुर्गाको सामुहिक रूपमा पूजा गर्नुभन्दा पनि नव दुर्गालाई फरक फरक र व्यक्तिगत रूपमा पूजा गर्ने परम्परा रहेको छ । भक्तपुरमा नवदुर्गालाई नगर रक्षकदेवीहरूको रूपमा फूल गर्ने चलन मध्यकालमा दिएको अष्टमातृकाहरूभै त्रिपुरासुन्दरीलाई गाभेर नवदुर्गा मान्दै नवग्रह शान्तिको लागि युद्धमा विश्वका लागि महामारी र प्रकोपहरूबाट बच्नका लागि मध्यकालमा नवदुर्गाको पूजा गर्ने चलन

थियो । भक्तपुरमा नवदुर्गालाई भैरवसँग सम्बन्धित मानिन्छ र प्रत्येक दुर्गा मन्दिरहरूमा देउछेको पनि निर्माण भएको पाइन्छ । नवदुर्गाहरू शहरका दैवीय सुरक्षाका निमित्त निर्माण गरिएका सुरक्षाघेराभित्र पर्ने पर्खालहरूमा स्थापित स-साना देवदेवी र आत्माहरूको र सम्पूर्ण उपत्यकाको सुरक्षाघेरासँग सम्बन्धित ठूला-ठूला देवदेवीहरूबीच मध्यस्थलको मानिन्छ । यस्तै दैवीय सुरक्षा घेराभित्र नवदुर्गाका सहयोगी मानिने भैरव, गणेश, दशमहाविधा आदिको मन्दिर बनाएपछि त्यस बाहिरको अर्को सुरक्षा घेरामा नव दुर्गाहरूको मन्दिर स्थापना गर्ने परम्परा पाइन्छ ।

नवदुर्गा मण्डलको मुख्यदेवी त्रिपुरासुन्दरी मानिन्छन् । नवदुर्गा मण्डलमा उनलाई केन्द्रमा स्थापित गरिन्छ  र त्ससको वरिपरि दुर्गाका अन्य रूप या अष्टमतृकाहरूलाई स्थापित गरिएको हुन्छ । नवदुर्गा पीठहरूमा भने रहस्य चित्रहरूको रूपमा यन्त्र योगिनीचक्र मण्डल र दिग्मण्डलहरू बनाउने परम्परा छ । मल्लहरूको इष्टदेवी भए पनि तुलजा भवानीलाई नवदुर्गामा समावेश गरिएको पाइँदैन । किनकि उपत्यकामा तुलजालाई इश्वीको चौथो शताब्दीमा स्थापित गरिएको थियो जवकि नवदुर्गा पूजा उपासनापद्धति उपत्यकामा त्योभन्दा प्राचीन थियो । राइटको वंशावलीले बाह्रौं शताव्दीतिर राज्य गर्ने गुणकामदेवले काठमाडौं उपत्यकाभित्र र बाहिर नवदुर्गा मूर्तिहरू स्थापित गरेर पुन नवदुर्गाको पूजा उपासना गर्ने परम्परा चलाएको उल्लेख गरेका छन् (राइट, १९७७:१०३,१०४) । यसबाट नवदुर्गा पूजा उपासनाको प्रचलन धेरै अगाडि चलन चल्तीमा रहेको तर पछि लुप्त प्राय भैसकेको हुँदा राजा गुणकामदेवले नवदुर्गा पूजालाई फेरि प्रचार-प्रसारमा ल्याएको देखिन्छ । नवदुर्गापूजा उपासनाको प्रचलन नेपालभरि नै नवदुर्गा पूजा वडादशैं चाडको प्राचीनतासँग गाँसिएको छ । दशैं चाडको अर्को नाम नै दुर्गा पूजा हो । यो चाड कहिले प्रारम्भ भयो भने कुरा यकिन गर्न नसकिए तापनि लिच्छवीकालको जयदेवको च्यासलटोलको अभिलेखमा दशमी गोष्ठीको उल्लेख परेको छ । यो अभिलेख ईशाको अर्को शताव्दीक हो । दशमी गोष्ठीको उल्लेखको कारणले गर्दा यो अभिलेखको समयदेखि नै दुर्गापूजा या दशैं चाडको प्रचलन नेपाली समाजमा भैसकेको कुरा धनवज्र वज्राचार्यले उल्लेख गरेका छन् । यस अर्थमा दुर्गापूजालाई राष्ट्रिय चाडको रूपमा मान्ने परम्परा लिच्छविकालीन

मानिन्छ । यो नवदुर्गा पूजा असत्यमाथि सत्यको विजय मानी हिन्दू समाजका सम्पूर्ण अनुयायीहरूले नेपालमा मात्र नभई भारतमा पनि दुर्गापूजा ज्यादै धुमधामले मनाउने परम्परा अद्यापि कायमै छ । दुर्गालाई विशेष गरेर शक्तिको रूपमा पुजिन्छ ।

यस बमवीरविकटेश्वर शिवालयमा पनि शक्तिकी देवी महिशासुर मर्दिनीको स्थापना गरिएको छ । सो मन्दिर पनि गुम्वज आकारको टेराकोटाका गोला गोला आकर्षक बुट्टा सहितको मन्दिर बनाइएको छ । हिन्दू समाजमा नवदुर्गालाई शक्तिको रूपमा पूजा उपासना गर्ने गरिन्छ । नेपाली समाजमा वडादशैँ महान चाड मान्ने चलन छ । यस दिनलाई असत्यमाथि सत्यको विजयको रूपमा मानिने भएकाले "विजयादशमी" पनि भन्ने गरिन्छ । त्यसैले हिन्दू मन्दिरहरूमा नवदुर्गाको मूर्ति प्राय सबै मन्दिरमा स्थापना गरिएको पाइन्छ । यसै परम्परालाई निरन्तरता दिँदै यस बमविरविकटेश्वर प्रङ्गाणमा महिषासुर मार्दिनीको ज्यादै आर्कषक प्रस्तरको मूर्ति स्थापना गरिएको छ । देवीको भयङ्कर महिषासुरलाई आफ्नो त्रिसुलले राता राता आँखा पारी रिसले दाह्रा किटी उभिएर महिषासुरलाई मार्न लागेको दृष्य छ । मूर्ति पछाडी ज्वालावली देवीले बुट्टेदार मुकुट धारण गरेकी दुवैतर्फ गरेर नौ वटा देवीको १८ वटा हातमा विभिन्न आयुध धारण गरेकी, कपाल लामो कालो छोडेकी, बुट्टेदार धोती लगाएकी महिष माथि विराजमान देवीको मूर्ति छ । यस मन्दिरको उचाई र चौडाई ५१ |३२ से.मी. छ । यो मन्दिर दक्षिणतर्फ फर्किएको छ ।

## ३. सूर्यमूर्ति

हिन्दू समाजमा सूर्य भगवान्लाई आइतवार पूजा गर्ने चलन छ । सूर्यका चारवटा हातहरू हुन्छन् । सातवटा दिनमा दिनैपिच्छे फरक-फरक भगवान्को व्रत लिएर विशेषरूपमा पूजा गर्ने प्रचलन परापूर्वकालदेखिनै चल्दै आएको पाइन्छ । सवै दिनको आ-आफ्नै विशेषता हुन्छ । आइतवारलाई शक्ति वा नारी शक्तिको रूपमा मानिन्छ । आइतवारलाई हप्ताको सुरुको दिन पनि मानिन्छ । यसदिन व्रत लिनेहरूले सूर्यको उपासना गर्दछन् (Majuparia, 2005:71) ।

सौर्य सम्प्रदायका देवताहरूमा सबैभन्दा शक्तिशाली देवता सूर्य मानिन्छन् । सूर्यको सम्बन्ध प्रकाशसँग रहेको छ । सूर्यका पिता घाँस हुन भने अदिति माता सूर्यलाई समस्त विश्वका श्रष्टा मनुष्यहरूका कर्मका प्रेरक मानिन्छन् । साथै उनलाई समस्त जगतको आत्मा मानिएको छ । “सूर्य आत्मा जगतस्तस्यु पश्च” …… । सूर्यलाई सबै पाप पुण्यको खानी मानिन्छ । उनी सातवटा घोडा भएको रथमा विराजमान हुने गरेको र उनका रथका सातवटा घोडालाई “हरित” भनिएको पाइन्छ । सूर्यलाई अन्धकार हनन्, प्रकाशदाता जीवनवर्धक, रोगनाशक र विश्वको नियामक भनिएको छ । सूर्यलाई रवि र अदिती भनेर पनि चिनिन्छ (Gupte, R.S., 1980:52) ।

सूर्यको उपासना पाँच रूपमा भएको पाइन्छ ।

१) सूर्य

२) सबित

३) मित्र

४) पुषन

५) विष्णु

सूर्यका रूपमा प्राकृतिक एवम् स्वभाविक सूर्यको प्रेरक शक्ति आह्वान एवम् उपासना गरिन्थ्यो । सवितको रूपमा प्राथना गायत्रीमन्त्र उच्चारण गरेर राति नदेखिने दुवै रूप समावेश भएको मानिन्छ शक्तिको रूपमा सूर्यले मनुष्यमात्रलाई शक्ति प्रदान गर्ने र बुद्धि दिने कार्य गर्दथे । सूर्यको गतिलाई प्रेरित गर्ने हुनाले नै यस देवतालाई सवित या सविता भनिएको हो । पुषण नामक देवता पनि सूर्यको शक्तिका परिचायक मानिन्छन् । सूर्यको अंशका रूपमा औषधि र वनस्पति जगतलाई सम्वर्द्धन गर्ने अभिभारा यी देवताको मानिन्छ ।

नेपाल र भारतमा सूर्यलाई पूजा गरेको पाइन्छ । खास गरी सूर्यको पूजा उपासना आइतबार गरिन्छ । सात टाउको भएको सेतो घोडाको रथमा कमलको फूलमाथि चम्किला अनुहारका सूर्य विराजमान भएको तस्वीर, मूर्तिहरू प्राय हामी सूर्य

रूपमा देख्न पाउँछौ । सूर्यको यो रूपको मूर्ति हामी भक्तपुर सङ्ग्रहालयमा पनि देख्न पाउँछौ । सूर्य देव सबैलाई उज्यालो छर्ने देवताका रूपमा हामी पाउँछौ ।

सूर्यको पूजा गर्ने सम्प्रदायलाई सौर्य सम्प्रदाय भनिन्छ । नेपालमा यो सम्प्रदायको इतिहास लामो देखिन्छ । यहाँ हरेक युगका सूर्य मूर्ति पाइन्छन् जो सौर सम्प्रदायको मान्यताबारे बताउँछन् ।

अभिलेखको प्रमाण अनुसार मानदेव प्रथमको पालामा गुह्ममित्र नाउ गरेका व्यापारिका नेताले इन्द्र नाउ गरेको सूर्यको मूर्ति स्थापना गरेका थिए । यस प्रमाणबाट उसबेला यहाँ सौर्य सम्प्रदाय चलेको थाहा पाइन्छ । त्यस्तै पशुपत्ति आर्यघाटमा एउटा गोलो ढुङ्गो (Stone disc) छ । जसमा अभिलेख पनि छ । यस ढुङ्गलाई नोलीले सूर्य विम्व (Solar Disc) मानेका छन् । यो ढुङ्गाबाट सूर्यको प्रतीक पूजा पनि चलेको कुरा थाहा हुन्छ ।

त्यस्तै लिच्छविकालमा बनेका अरु सूर्य मूर्तिको सम्म छुट्याउन सकेको छैन । पशुपति मन्दिरको आगनमा रहेका धेरै सूर्य मूर्ति कुन कालमा बनेका हुन् भन्न सकिदैन । यी मूर्तिहरूलाई मध्यकालीन माने पनि तिनले लिच्छविकालकै सौर परम्पराको प्रतिनिधित्व गरेको देखिन्छ (रेग्मी, २००५: २१) ।

यस बमविरविकटेश्वर शिवालयको प्राङ्गणको पश्चिम दिशामा गुम्वज आकारको मन्दिरभित्र सूर्यमूर्ति स्थापना गरिएको छ । सो मूर्ति टेराकोटाले बनेको छ जसले गर्दा यो सानो मन्दिरको शोभा अझ बढेको छ । यस मन्दिरमा पनि सूर्य मूर्ति भनेर चिनिने गरी मूर्तिमा सातवटा सेतो घोडाको रथमा विराजमान सूर्यको मूर्ति बनाइएको, हातमा विभिन्न आयुधहरू लिएका, गलामा माला हातमा बाजु, नाडीमा बाला, कानमा कुण्डल धारण गरेका ज्यादै हसिलो अनुहार भएका र रथ झ्वाट्ट हेर्दा साँच्चै नै लैजान लागेको जस्तो देखिन्छ । यो सूर्यमूर्ति पश्चिमाभिमुख प्रस्तरको ६० | ३३ से.मि. को छ ।

## ४. विष्णु मूर्ति

हिन्दूधर्मअनुसार विष्णुलाई संसारको पालनकर्ता र श्रद्धा गरिन्छ । उनी आफ्ना करुणामयी रूप र गुणका लागि प्रख्यात मानिन्छन् । वैष्णधर्म हिन्दू समाजको प्रख्यात धर्म मानिदै आएको छ । परापूर्वकालदेखि नै यसलाई संरक्षण पनि गरिदै आएको छ । विष्णुलाई नारायणको रूपमा पनि नेपालमा पुजिदै आएको छ । विष्णुका अनेक मूर्तिहरू नेपालका थुप्रै मन्दिरहरू पाउन सकिन्छ ।

विष्णुलाई कतै मन्दिरहरूमा एक्लै भेट्टाइन्छ भने कतै उनी उनकी सहयात्री लक्ष्मीका साथमा भेटिन्छन् । विष्णुका प्रायः मूर्तिहरू स्थानक मुद्रामा पाइन्छन् । प्रायः विष्णुका चार हातहरूमा शंख, चक्र, गधा पद्म लिएको पाइन्छ । विष्णुका वहान गरुड मानिन्छ । नेपालमा सबैभन्दा पुरानो विष्णु मूर्ति ६४७ ई.सं. को पाइएको हो भने काठमाडौंमा चाहिँ मल्ल कालमा धेरै विष्णुका मन्दिरहरू निर्माण भएको छ । चाँगुनारायण मन्दिर सबैभन्दा प्रख्यात मानिन्छ । यो मन्दिर विश्व सम्पदा सूचीमा पनि परेको छ । नेपालका चारवटा प्रख्यात नारायण मन्दिरहरू यस प्रकार छन् :

१) इचङ्गु नारायण

२) विशंखु नारायण

३) चाँगुनारायण

४) शेषनारायण

वैष्णव धर्मको प्रारम्भिक रूप भगवत धर्मअन्तर्गत भगवान् वासुदेव कृष्णको पूजा उपासनाको रूपमा इ.पू. सम्ममा वासुदेव देवाधिदेव भैसकेको र उनका भक्तहरू भागवतका रूपमा समाजमा स्थापित भैसकेको देखिन्छ । भागवत धर्म त्यसताका उत्तर पश्चिम भारतमा पूर्ण स्थापित भैसकेको तथा ग्रिकहरूले समेत यस धर्मलाई अपनाएको तथ्य स्पष्ट हुन्छ (Majupuria, 2005 : 20) ।

महाभारत महाकाव्यको यकिन तिथि थाहा हुन नसके पनि यो अति प्राचीन ग्रन्थ हो । महाभारतको शान्तिपर्वको नारायणी खण्डमा नारदलाई नरनारायणको दर्शनार्थ बद्रीकास्थान जाँदै गरेको देखाउनुका साथै नारद र नारायणको सम्वाद नारदद्वारा भगवान्का भक्त स्वेतपुरुषहरूको दर्शन पाथरात्रमतको उल्लेख बित्रासिखण्डीहरूद्वारा भागवत धर्मको प्रचार, पुण्डिकाहरूको उल्लेख, वासुदेव धर्मको नारदलाई उपदेश आराध्यदेव हरिको उल्लेख आदिको चर्चा गरिएको छ । महाभारतमा ठाउँ ठाउँमा वासुदेव र जनार्दनलाई सात्वत मानिएको छ (Majupuria, 2005:20) । भीष्म पर्वमा भीष्मले वासुदेवलाई नित्य, अध्यमुत, शुभ र अनुगमी देवताको रूपमा चिन्नुपर्दछ भनेको पाइन्छ । यस प्रकार महाभारतमा बासुदेवको अनेकौ पटक उल्लेख आउनाका साथै विष्णीहरू र सात्वतहरूले बासुदेवलाई परम ब्रह्माको रूपमा विशिष्ट साधनद्वारा पूजा गर्ने गरेको उदाहरण दिइएको छ । महाभारत सन्दर्भहरूलाई विश्लेषण गर्दा भक्ति उपासना वा वैष्णव धर्मको उदय महाभारतकालभन्दा निकै अगाडि नै भैसकेको तर यसलाई निश्चित स्वरूप दिने काम भने वासुदेवले अर्जुनलाई गीताको उपदेश दिने कार्यद्वारा पूरा गरेको कुरा स्पष्ट हुन आउँछ । महाभारत लगभग पाँचौ शताब्दी इ.पू. ताकादेखि इशाको चौधौ शताब्दीसम्म लेखिएको ग्रन्थ मानिन्छ । तर महाभारतले आफ्नो समयभन्दा धेरै अगाडि देखियो । हिन्दू समाजमा चलिआएको परम्पराहरूको विवरण दिएको छ । यस अर्थमा वैष्णव वा भागवत धर्म ई.पू. का शताब्दीह देखि नै निरन्तर समाजमा प्रचलित रहेको कुरा प्रमाणित हुन्छ ।

इश्वीको प्रथम शताब्दीतिरदेखि मात्र यस सम्प्रदायका उपास्य देवताहरूको प्रतिमा र आकृति पाइन थाल्दछन् । आफ्नो माथिल्लो बायाँ हातमा चक्र लिएको चारहाते देवताको प्रथम प्रतिमा पाञ्चाल नरेश विष्णु मित्रको सिक्कामा दुई शंख चक्र, गदा र पदम लिएको प्रतिमा कुषाण नरेश हविष्कको सिक्कामा देखा पर्दछ । यस प्रकार अति प्राचीनकालदेखि प्रचलित वैष्णव धर्मका वेग्लावेग्लै विकासका वेग्लावेग्लै प्रचारक धर्मगुरु एवम् विद्वान्हरू देखा पर्दै गए । यस सम्प्रदायअन्तर्गत भागवत पुराण, विष्णु पुराण गरुडपुराण आदि पुराणहरूको रचना विचित्र युगमा भने मध्ययुगसम्म आउँछ रामानुज, निम्वाक रामानन्द, कविर, बल्लभ चैतन्य, तुलसीदास आदि अनेकौ धर्म

गुरुहरूले यस धर्मलाई प्रचार र विकासको क्रममा अघि बढाए । सबै ग्रन्थ एवम् धर्म गुरुहरूले वैष्णव धर्मअन्तर्गत मुक्ति र अंहिसालाई नै विशेष प्राथमिकता दिएर प्रचार प्रसार गर्दै लगेको पाइन्छ । यसबाहेक निधारमा ठाडो तिलक लगाउने मूर्तिपूजा गर्ने, तीर्थ गर्ने, व्रतगर्ने र उपास्य देवताको मन्त्र "ॐ नमः भगवते वासुदेवाय)" जप्ने परम्परा यस धर्मअन्तर्गत विकसित हुन पुग्यो रामानुजले विष्णु र उनका अवतारहरूको प्रचार गरे भने निम्वार्कले राधा कृष्णका, चैतन्यले राम र कृष्ण दुवैको र रामदासले राम र सीतको भक्तिको प्रचार प्रसार गरे ।

ई.पू. तेश्रो शताब्दीतिरदेखि नै वैष्णव धर्मको पञ्चरत्न सम्प्रदाय समाजमा प्रचलित भैसकेको थियो । हुन त यो सम्प्रदायको उल्लेख महाभारतमा नै भएको पाइन्छ । तर यसको वि.सं., ई.पू. तेश्रो शताब्दीतिर पूर्ण रूपमा भैसकेको कुरा विद्वान्हरूले अंगीकार गरेका छन् । पाञ्चरत्र सम्प्रदायमा वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्र र शाम्व आदिका उपासना गर्ने चलन रहेको पाइन्छ । यस सम्प्रदायमा पूजाका पाँच विधिहरू अपनाउने हुनाले यसलाई पाञ्चरात्र सम्प्रदाय भनिएको हो । ( Majupuria, 2004:55).

वैष्णव धर्मसम्बन्धी अनेक पर्व, उत्सव र पर्वहरू पनि प्राचीन समयदेखि नै समाजमा प्रचलित हुदै आएको पाइन्छ । गुप्तकालीन अभिलेखहरूमा नै एकादशी व्रत, हरिसयनी र हरिबोधनी एकादशीव्रत, कृष्णाष्टमी, रामनवमी आदिको चर्चा पाइन्छ ।

यस बमवीरविकटेश्वर शिवालयमा शिवको स्थानक अवस्थाको दुईवटा मूर्तिहरू स्थापित गरिएको छ । यी मूर्ति पश्चिमाभिमुख छन् । यहाँ तीनवटा मूर्तिहरू छन् जुन क्रमशः ४० | २३ से.मी. र छन् ४२ |२२ से.मी. छन् । यो मूर्तिको माथि प्रस्तरको छत्र प्रयोग गरिएको छ । मूर्तिको वा विष्णुले चार हातमा शंख चक्र गदा र पद्म धारण गरी कमलको फूलमाथि उभिएका छन् । मूर्तिमा विष्णुले धोती, निधारमा तिल, शरीरमा जनै, पुष्प माला, कानमा कुण्डल, शिरमा बुट्टेदार मुकुट धारणा गरेका ज्यादै प्रसन्न मुद्रामा देखिन्छन् ।

**५. छत्रचण्डेश्वर**

छत्रचण्डेश्वर शिवकै एक रूप हुन् । यिनको शिरको माथि छत्र भएको कारणले गर्दा यिनलाई "छत्रचण्डेश्वर" भनिन्छ । छत्रचण्डेश्वर शिवको लिङ्ग, मूर्ति स्वरूपमा मूर्ति स्वरूप हो ।

यस बमविरविकटेश्वर शिवालयमा पनि मुख्य मन्दिरको दक्षिणतिर इँटाको पिटीकामा पश्चिमभिमुख मूर्ति छ । जुन ९३|३७ से.मी. को मूर्ति छ । छत्रचण्डेश्वरले स्थानक मुद्रामा एक हातमा डमरु, एक हातमा त्रिशूल, एक हातमा रुद्राक्ष र अर्को हातमा सर्प लिएका, यो मूर्ति नाङ्गो अवस्खम्बाा छ । यसको पुरुष चिह्न अङ्ग (Membrum Virsle) माथितिर उठेको छ । मूर्तिको  पिठ्यूँमा छाताको डण्डी छ । मूर्तिको शिरको माथि छत्र छ ।

## ४.२.४ शिवलिङ्गहरू

शैव धर्मको इतिहास सवैभन्दा पुरानो मानिन्छ । शिवलाई हामी हिन्दू समाज र धर्ममा शिवको पूजाभन्दा लिङ्ग पूजा बढी गरेको पाउँछौं । शैव धर्म मान्ने र शिव मन्दिरहरूमा शिवको मूर्तिभन्दा पनि लिङ्ग पूजा गरिएको पाइन्छ । शिव व्रह्मस्वरूप भएकोले निष्कल (निसंकार) र रूपवान पनि भएकाले सकल स्वरूपमा पूजा आराधना गरिन्छ । शिवको निराकार स्वरूप (लिङ्ग) र साकार स्वरूप विभिन्न मानव आकारको मूर्ति दुवै रूपमा पूजा उपासना गर्ने चलन व्यापक छ ।

शिवलिङ्गको सवैभन्दा माथिको पूजा गर्ने भागलाई रुद्र भाग, त्यसभन्दा तल वा बीचको भाग विष्णु र सवभन्दा तल जलहरीसँगै जोडिएको भागलाई व्रह्मा भाग भनिन्छ । (पौड्याल, २०४७ :२०८) यसैलाई भोगपीठ, भद्रपीठ र व्रम्हपीठ पनि भनिन्छ ।

शिवलिङ्गमा शिव र शक्तिको एकाकार रूप जलहरी माथि लिङग स्थापना गरेर दर्शाइएको हुन्छ । विभिन्न पुराणहरूमा शिवलिङ्ग निर्माण गर्ने बेग्लावेग्लै पदार्थहरूको उल्लेख पाइन्छ । जस्तै माटो, ढुङ्गा, काठ, धातु, विभिन्न रत्नहरूको साथ साथै

बालुवा, गोवर, मख्खन, रुद्राक्ष, चन्दन, चामल, भात, पीठो र विभिन्न जातका फूलहरूबाट अस्थायी शिवलिङ्ग बनाउने उल्लेख पाइन्छ । शिवलिङ्ग प्राय दुई प्रकारको हुन्छ सादा शिवलिङ्ग र मुख भएको शिवलिङ्ग ।

यस बमवीरविकटेश्वर तीन देवलका प्रमुख देवता पनि शिवकै स्वरूपहरू मध्य लिङ्ग स्वरूपका शिव र लिङ्गमा पनि सादा शिवलिङ्ग स्थापना गरिएको छ । साथै मुख्य देवता मात्र नभई मन्दिरको प्राङ्गणमा साना साना थुप्रै शिवलिङ्गका साना साना सादा नै शिवलिङ्ग स्थापना गरिएको छ । सवै शिवलिङ्गहरू उत्तर दिशामा फकाइएको छ र यी स-साना वसाहा जसलाई शिवको वाहनको प्रतीकका रूपमा मानी स्थापना गरिएको छ ।

## ४.४ अभिलेख

प्राचीनकालदेखि नै मानिसहरूले विशेष गरेर राजा महाराजाहरूले आफ्नो शासनकालमा आफूले गरेका राज्य विस्तारका कार्य, आफूले आफ्नो शासन कालमा लिएको पद आफूले गरेका असल कार्य, आफ्ना पूर्खाहरू आदिका बारेमा कडा खालका शिला, ताम्रपत्र, भोजपत्र, ताडपत्र, स्वर्णपत्र, काष्ठपत्र आदिमा आफ्नो कृति कायम गर्ने उद्देश्यले यस्ता अभिलेखहरू लेखाउने गर्दछन् ।

पाँच वटा यस बमवीरविकटेश्वर शिवालयमा अभिलेखहरू देखिन्छन् । यहाँ प्राय: प्रस्तरमा लेखिएको अभिलेखहरू छन् र मन्दिरभित्र भएको ताम्रपत्र छ जसमा

| श्री वाग्मती | श्री बमविरविकटेश्वर महादेव | श्री कृष्ण बलभद्र सुभद्रा | श्री पशुपति | श्री गुह्येश्वरी | लुमडी | श्री हनुमान | श्री महिला साहेवज्यू |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |

(श्रोतः गुठी संस्थान, विकटेश्वर शिवालय, टेकु ) ।

३) यक्षविक्रमबहादुर राणाको ताम्रपत्र

| श्री बमवीरविकटेश्वर महादेव | इन्द्रभक्तेश्वर महादेव | श्री वाग्मती |
|---|---|---|
| ३ | २ | १ |

(श्रोतः गुठी संस्थान, विकटेश्वर शिवालय, टेकु) ।

३) बमवीरविकटेश्वर महादेवको उत्तरतर्फ प्राङ्गणमा रहेको वि.सं. २००७ सालको शिलालेख शिर्षमाग दायाँ-बायाँ चन्द्रसूर्य र बीचमा शिवलिङ्ग ।

४) भुवनविक्रम राणाको वि.सं. १९९९ को शिलालेख श्री भुवन भक्तेश्वर

५) बमवीरविकटेश्वर महादेव मन्दिर प्राङ्गाणको उत्तरतर्फ रहेका यक्षनन्देश्वर तार्न भक्तेश्वर शिव मन्दिरको अभिलेख गरी प्राय पाँचवटा छन् ।

तिनीहरूमा यहाँको शासकको नाम, शासकले आफ्नो कालमा गरेका कार्य, गुठी संस्थानको भूमिका, वार्षिक आम्दानी खर्चको विवरण, भगवान् शंकरका विभिन्न स्तुति गानहरू व्रर्तवन्ध, पूजा, नित्यपूजा ।

## ४.५ अन्य मन्दिर तथा सत्तल र स्मारकहरू

### ४.५.१ इन्द्रभक्तेश्वर महादेव मन्दिर र सत्तल

यो मन्दिर बमवीरविकटेश्वर मन्दिरको पश्चिममा पर्दछ । पूर्वाभिमुख यो मन्दिरको चारैतर्फ प्रस्तरको लेप भएको कलात्मक ढोका छ । यो मन्दिरको पेटी तीनवटा रहेका छन् । इँटा, ढुङ्गाले बनेको तथा घण्टाकार छाना भएको यो मन्दिर एकतल्ले छ । मन्दिरको पश्चिममा प्रस्तरको वसाहा र उत्तर पूर्वमा छत्रचण्डेश्वर र विष्णुको मूर्ति छ भने उत्तर तर्फ झिंगटीको छाना भएको सत्तल छ । सत्तलको पश्चिमपट्टिको छाना भत्किसकेको हुँदा संरक्षण गर्नुपर्ने देखिन्छ । तर २०६० सालको बर्षातले सत्तलको अवस्था झन नराम्रो पारेको छ । यो मन्दिर वमबहादुरको कान्छा

छोरा इन्द्रभक्तेश्वरले १९२१ सालमा बनाएको विवरण हाल सँगैको नारायण मन्दिरमा रहेको अभिलेखबाट थाहा हुन्छ (दर्नाल, २०६१, अंक १५५) ।

### ४.५.२ लक्ष्मीनारायण मन्दिर र सत्तल

यो मन्दिर इन्द्रभक्तेश्वर महादेवको दक्षिणपट्टि पर्दछ । पूर्वाभिमुख यो मन्दिरको प्रवेशद्वार प्रस्तरको छेपु भएको कलात्मक छ । घण्टाकार छाना भएको इँटा, चुना र सुर्कीले निर्माण गरिएको यो मन्दिरको पनि तीनवटा पेटी छन् । यसको पश्चिमतर्फ झिँगटीयुक्त छाना भएको कलात्मक काठका खम्वा तथा झ्यालहरू भएको सत्तल छ । यो मन्दिर र सत्तल पनि जीर्ण अवस्खम्बाा पुगिसकेका छन् ।

### ४.५.३ पञ्चलिङ्ग महादेव

यो मन्दिर लक्ष्मीनारायण मन्रिको पूर्वतर्फ र बमवीरविकटेश्वर मन्दिरको दक्षिण पश्चिममा पर्दछ । गोलाकार बाँस शैलीको यो मन्दिर वास्तुकला अनौठा र कुनैसँग मिल्दैन । यसको चारैतर्फ छेपु भएको कलात्मक ढोका छ । प्रत्येक ढोका माथि गुम्वज आकारको बुट्टा पाइन्छ पूर्वाभिमूख यो मन्दिरमा पनि तीनवटा पेटी छ इँटा चुना र सुर्कीले बनेको यो मन्दिरको पश्चिमपट्टि प्रस्तरको बसाहा छ । यो मन्दिर गुमानसिंहकाकीले बनाएको भन्ने भनाइ छ ।

### ४.५.४ जगन्नाथ मन्दिर

यो मन्दिर बमवीरविकटेश्वर मन्दिरको दक्षिणतर्फ पर्दछ । पश्चिम तर्फको यो मन्दिरको प्रवेशद्वार प्रस्तरको छेपु भएको कलात्मक छ । प्रवेशद्वारको दायाँ बायाँ प्रस्तरका सिंहहरू मन्दिरमा दुइवटा पेटीहरू छन् । यस मन्दिरको गर्भगृहमा कृष्ण, सुभद्रा, र बलरामका प्रस्तर मूर्तिहरू छन् । यो मन्दिरको गर्भगृह चौकार आकारको रहेको छ । यसै शिखर बनाइएको छ ।

### ४.५.५ शिव मन्दिर

यो मन्दिर जगन्नाथ मन्दिरको पूर्वतर्फ रहेको छ । मन्दिरको चारैतर्फ प्रस्तरको कलात्मक छेपू भएको ढोका छ । तर यसको मुख्य प्रवेशद्वार भने दक्षिणतर्फ फर्केको

छ । मन्दिरमा तीनवटा पेटी छ । इट्टा, ढुङ्गा र सुर्कीले बनेको यो शिव मन्दिर एक तले छ ।

## ४.५.६ भुवनेश्वरी महादेव मन्दिर र सत्तल

यो महादेव मन्दिर शिव मन्दिरको पूर्वतर्फ पर्दछ । दक्षिण भिमुख यो मन्दिरमा पनि चावटा ढोका छन् । हरेक ढोकामा प्रस्तरको कलात्मक छेपु छन् । यो मन्दिरमा पनि तीनवटा पेटी छ । यसको घण्टामा १९२५ सालमा कुँदिएको त्रिशुल र पूर्वमा छत्रचण्डेश्वरको मूर्ति छ । इट्टा ढुङ्गाले बनेको तथा घण्टाकार छाना भएको यो मन्दिर एक तले छ । यसको उत्तरतर्फ कलात्मक झ्याल तथा खम्बाहरू भएको झिँगटी छानाको छ । सत्तलमा १९२४ सालको शिलापत्र (११९ |५७ से.मी.) पनि छ । सत्तलको छाना खसेर तथा घामपानीले गर्दा कलात्मक झ्याल, खम्बा तथा दलिनहरू नष्ट हुन थालेकोले यथाशीघ्र संरक्षण गर्नुपर्ने देखिन्छ । तर २०६० सालको वर्षातले सत्तलका झ्यालहरू कामै नलाग्ने गरी भत्किसकेका छन् ।

## ४.५.७ राम सीता, नरसिंह मन्दिर र सत्तलहरू

यो मन्दिर बमवीरविकटेश्वर मन्दिर पूर्वपट्टि रहेको बाह्र रोपनी वगैँचाको दक्षिणतर्फ पर्दछ । वाग्मती घाटमा रहेको दुईवटा सत्तलको बीचमा गुम्वज आकारको मन्दिर छ । घाटमा पश्चिम फर्काएर प्रस्तरका ठूला हनुमानको मूर्ति राखेको हुनाले यसलाई हनुमानघाट भन्दछन् । मन्दिरको उत्तरतर्फ रहेको बाह्र रोपनी भन्दा बढी बगैँचा घरेलु शिल्पकला बिक्री भण्डारलाई 'Processing Plant' को लागि दिइएको थियो । "यहाँ नेपाली हातहरूले नेपाली सामान प्रयोग गरी आफ्नै देशमा कपडाहरू उत्पादन गरी नेपाली नारीहरूलाई रोजगारी पनि दिने र स्वदेशी सीपको विकास गर्न घरेलु शिल्पकलालाई प्रवर्द्धन गर्न बनाइने एउटा योजना हो ।" यसमा धागोलाई रङ्गाएर कपडा बनाइने गरिन्छ । गुठी संस्थानले बिक्री गरेको तर घरेलुले राष्ट्रिय बैंकलाई बेचिदिएको हुँदा मुद्दा परेको थाहा भयो । कीर्ति राख्ने उद्देश्यले राखिएको गुठीको जग्गा मन्दिरकै नाममा फिर्ता हुनु पर्ने देखिन्छ ।

### ४.५.८ राधाकृष्ण सत्तल

हनुमानघाटदेखि यसको पूवतर्फको जग्गाको अन्तिम कुनामा राधाकृष्ण सत्तल भएकोमा अहिले भग्नावशेष मात्र बाँकी रहेको देखिन्छ । हाल यसै सत्तलबाट बाटो खोली उत्तरतर्फको FNCCI भवनको सडकमा जोडिएको छ । राधाकृष्ण मूर्ति हनुमानघाट स्थित सानो देवलमा राखिएको छ । यो सत्तलदेखि पचलीघाटसम्म ५२ वटा गुम्वज आकारको बुट्टा भएको लामो पर्खाल छ । यहाँ कपडा फेर्ने आदि काम गरिने हुँदा यसको धार्मिक तथा सांस्कृतिक महत्व रहेको छ । यसलाई कयताघाट भनिन्छ । नेवारी भाषामा कयतालाई लङ्गौटी पनि भनिन्छ ।

## ४.५ श्री बमवीरविकटेश्वर मन्दिर भित्र वस्ने व्यक्तिहरूको सम्बन्धमा

१) सत्तल उत्तरतर्फको तल्लो लाइनमा बस्ने व्यक्ति,

भू.पू. प्रहरी हवल्दार चन्द्रबहादुर हमाल, प्रहरी अ.स.इ. राजु हमाल,

टेलर मास्टर उत्तम कपाली (कस्ले), अवकास प्राप्त सुब्बा ओमकार बाजे,

इन्दुदेवी कपाली (कुस्ले), मनकुमारी पौडेल, छ) दुर्गादेवी आचार्य,

गंगादेवी न्यौपाने ।

२) लक्ष्मी नारायण मन्दिरको सत्तलमा बस्ने व्यक्तिहरू

सुपरभाइजर, का.म.न.पा. केन्द्रीय कार्यालयमा कार्यरत रमेश लामिछाने ।

३) इन्द्रभक्तेश्वर मन्दिरको सत्तलमा बस्ने व्यक्तिहरू

भु.पु. हवल्दार भरत के.सी., चालक कुमार श्रेष्ठ, सिकर्मी कृष्णबहादुर थापा,

मोहन के.सी. (हरि दिदी कानी आँखा नदेख्ने) ।

४) हनुमानघाट मन्दिर सत्तलमा बस्ने व्यक्तिहरू

क) तुलसीदास,

ख) यसोदा गौतम ।

**स्मारकहरू**

मन्दिरको उत्तरतिर पश्चिम भगवती देवलदेखि पूर्व विष्णु देवलसम्म क्रमशः यी स्मारकहरू छन् :-

**क) यक्षमन्देश्वर, ताक्षभक्तिश्वर शिव मन्दिरः** यो मन्दिरमा वि.सं. १९७९ को शिलालेख छ र यो ४९|७० से.मि. छ । यस मन्दिरमा रहेको बसाहा ५७|४२ से.मि. को अगाडिको ढुङ्गाबाट निर्मित दक्षिणतिर फर्केको एक तले शिव मन्दिर छ ।

**ख) त्रिशूलः** यस मन्दिरको स्मारकभित्र विशाल प्रस्तरको विशाल पिठीकामाथि धातुको त्रिशूल गाडिएको छ ।

**ग) तुलाभक्तेश्वर डम्वर भक्तेश्वर मन्दिरः** मन्दिरकै प्राङ्गणमा त्रिशूलसँगै ढुङ्गाको अग्लो पिठीकामा पूर्व फर्काएर प्रस्तरको बसाहा राखिएको छ । जुन ७७|४३ से.मि. छ । यसको पश्चिमतर्फ २००७ सालको शिलालेख ७९|४१ से.मि. बसाहाको ठीक अगाडि लहरै स-साना तीनवटा ढुङ्गाको दक्षिण फर्काएर राखिएका शिव मन्दिरहरू छन् । जुन २०१|८८ से.मि.का छन् ।

**घ) दुई ढुङ्गामा शिव मन्दिरः** यस शिवालय परिसरमा नै तीनवटा ढुङ्गाको मन्दिरको पूर्वतर्फ त्यस्तै अग्लो ढुङ्गाका शिवलिङ्ग मन्दिरहरू छन् जुन ८५|८६ से.मि.का छन् । यसको पश्चिममा पनि सानो प्रस्तरको वसाहा छ, जुन २५|२२ से.मि. छ र सो मन्दिर दक्षिणतर्फ फर्केको छ ।

**ङ) भुवन भक्तेश्वरः** सोहि तीनदेवल परिसरको आँगनमा दुई वटा शिव मन्दिरको पूर्वतिर अर्को दक्षिणाभिमुख भुवनभक्तेश्वर शिव मन्दिर पर्दछ । यो मन्दिरको पश्चिमपट्टि वि.सं. १९९९ को शिलालेख छ जुन ७१|४३ से.मि. छ (दर्नाल, २०६१, अंक १५५) ।

(श्रोतः श्री बमवीरविकटेश्वर गुठी)

# पाँचौ अध्याय

# बमवीरविकटेश्वर मन्दिरको संरक्षण

## ५.१ मन्दिरको महत्व र संरक्षण

नेपालका मौलिक परम्परा एवम् मौलिक विशेषताहरू पूर्वजहरूले सिर्जेका कलाकृतिहरू नेपालका सांस्कृतिक सम्पदाहरू नै हुन् । पूर्वजले सिर्जना गरेको सानो भन्दा सानो बस्तुदेखि लिएर ठूला ठूला स्मारकहरू पुरातात्विक स्थल एवम् अवशेष कलाकृति आदिलाई सांस्कृतिक सम्पदा भनिन्छ । यस्ता सांस्कृतिक सम्पदाहरू नेपालका पहिचानको रूपमा रहिआएका छन् । नेपालको राष्ट्रियतामा यी सांस्कृतिक सम्पदाहरूले विश्वसामु पहिचान गराउन सहयोग पुऱ्याएका छन् ।

सांस्कृतिक सम्पदाहरूको ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व रहनुका साथै यिनीहरूले नेपालीहरूको गौरवलाई अझ बढाएका छन् । हाल आएर यस्ता सम्पदाहरूको आर्थिक एवम् पर्यटकीय महत्व पनि उत्तिकै छ । सांस्कृतिक विविधता हुँदै एक राष्ट्रिय संस्कृतिको निर्माण हुनु, धार्मिक सांस्कृतिक सहिष्णुता हुनु नेपाली सँस्कृतिको मूल विशेषता हो ।

नेपालमा प्राचीनतम परम्परा, मन्दिर चैत्य, ऐतिहासिक दरवार, मूर्ति, चित्र, हस्तलिखित ग्रन्थ, अभिलेख पुरातात्विक स्थलहरू, स्मारकहरू तथा कुनै ऐतिहासिक महत्वको वस्तुको अन्वेषण संरक्षण जीर्णोद्वार गर्न अति आवश्यक र कर्तव्य हुन आउँछ । यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका लागि विभिन्न निकायहरूको महत्वपूर्ण भूमिका देखिन्छ । विभिन्न निकायहरूलाई संरक्षणको जिम्मेवारी छ भनेर मात्र सम्पदाहरूको संरक्षण हुन सक्दैन । तसर्थ सम्पदाहरू संरक्षण कार्यका लागि सम्पूर्ण नेपालीहरूको कर्तव्य हुन आउँछ ।

खासगरी सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका लागि नीतिगत रूपमा विभिन्न ऐनहरू र तिनीहरूको कार्यान्वन गर्ने निकायहरू देखिन्छन् । प्राचीन स्मारक ऐन २०१३ निर्माण भएपछि सांस्कृतिक सम्पदाहरू संरक्षण गर्ने महत्वपूर्ण भूमिका

सरकारको पुरातत्व विभागको देखिन्छ । यद्यपि सम्पदाहरूसँग सम्बन्ध राख्ने अन्य निकायहरू र उनीहरूको भूमिका पनि महत्वपूर्ण हुन आउँछ । गुठी संस्थान स्थानीय निकायहरू विभिन्न संघ संस्थाहरूको पनि भूमिका देखिन्छ । नेपालका सांस्कृतिक सम्पदाहरूलाई विश्व समुदायको आँखाबाट हेर्नको लागि संयुक्त राष्ट्रसंघको युनेस्को पनि ब्रह्माण्डीय मापदण्ड अनुरूप सम्पदा संरक्षण हुनु पर्नेमा युनेस्को नेपाललाई झकझकाइरहेको पाइन्छ । यद्यपि सांस्कृतिक सम्पदाहरू संरक्षण हुनका लागि विद्यमान चुनौति एवम् समस्याहरू पनि छन् ।

जुन-जुन निकायहरूबाट नेपालका सांस्कृतिक सम्पदाहरू संरक्षण भए तापनि पर्याप्ता चाहिँ छैनन् । प्रभावकारी ढंगबाट नेपालका सम्पदाहरूलाई कानूनी एवम् संस्थागत रूपमा व्यवस्थित गर्न सकिएको छैन ।

नेपालका अनगिन्ती सांस्कृतिक सम्पदाहरू लोपोन्मूख अवस्खम्बाा छन् । विभिन्न स्थानहरूमा भएका सम्पदाहरूको विवरण तथा अभिलेखसम्म राख्न नसकिएको अवस्था छ । सांस्कृतिक सम्पदाहरू संरक्षण गर्नका लागि कानूनी अस्पष्टता र जटिलता पनि त्यतिकै देखिन्छ । सम्पदाहरू संरक्षण गर्नका लागि बनेका ऐन नियमहरू पनि प्रभावकारी ढंगबाट कार्यान्वयन हुन नसकेको अवस्था छ । सांस्कृतिक सम्पदाहरू संरक्षण कार्यमा राजनीतिक प्रतिबद्धताको अभाव पनि मुख्य समस्या देखिन्छ । जनचेतनाको अभावले गर्दा पनि सांस्कृतिक सम्पदाहरूमा ह्रास आएको पूर्वजहरूले निर्माण गरेका विभिन्न धार्मिक धरोहरका स्थलहरूसँगसँगै सम्बन्धित परम्परागत गुठीहरू र निकायहरू भए तापनि तिनीहरूलाई व्यवस्थापन र चेतनाको अभावले उनीहरूको जिम्मेवारी घटिरहेको अवस्था छ ।

प्राकृतिक विपत्तिहरूले पनि बेला बेलामा सम्पदाहरू नष्ट भएका घटनाहरू पाइन्छन् । भुइँचालोले पुऱ्याएको क्षति, आगलागि, हुरी बतासले ढाल्नु, काठका वस्तुहरू धमिराले खानु, विभिन्न किरा फट्यांग्राले क्षति पुऱ्याउनु, ओस तथा चिस्यानले क्षति पुग्नु, कालगतिले जीर्ण हुनु, स्मारकमा रुख, विरुवा, झारपात, उम्रिएर पुऱ्याउने क्षति आदि पनि गम्भीर समस्याको रूपमा देखा परेका छन् ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण कार्यमा देखा परेका समस्या एवम् खतराहरूलाई दृष्टिगत गर्दा प्राकृति जन्मकारणभन्दा मानव जन्म कारणहरूले सम्पदाहरूको संरक्षण हुन सकिरहेको छैन ।

यसर्थ मूर्त सांस्कृतिक सम्पदाहरू हुन् या अमूर्त सांस्कृतिक सम्पदाहरू ती दुवै किसिमका सम्पदाहरूको सही रूपले अध्ययन र विश्लेषण गरी यिनीहरूको संरक्षण हुनु आजको आवश्यकता हो । सांस्कृतिक सम्पदाहरूका विभिन्न विधाहरूलाई पहिचान गरी सही र तथ्यपरक विवरण जीर्णोद्वार, पुनः निर्माण सूची तयार, लागत संकलन आदि कार्य गर्नु सम्बन्धित निकायहरू र आम नेपालीहरूको कर्तव्य हो । प्रभावकारी ढंगबाट सांस्कृतिक सम्पदाको संरक्षण गर्नका लागि राष्ट्रिय नीति तयार गरी सोही अनुरूप कार्ययोजना तयार गर्नु आजको प्रमुख आवश्यकता हो ।

प्रस्तुत अध्ययन “बमविरविकटेश्वर शिवालय” पनि उपत्यकामा रहेका सांस्कृतिक सम्पदाहरूमध्ये महत्वपूर्ण स्थल पर्न आउँछ । सांस्कृतिक रूपमा महत्वपूर्ण यस स्थलको सही रूपमा अध्ययन र विश्लेषण यहाँ रहेको मन्दिर तथा सत्तलहरूको उचित रूपमा संरक्षण हुनु आवश्यक छ । साथै यस परिसरमा रहेका स्मारकहरू चोरी हुन सक्ने सम्भावनाबाट बेलैमा जोगाउन सकेको खण्डमा यसको महत्व चिरकालसम्म रहन सक्दछ । यसर्थ यस स्थलमा पनि सम्बन्धित निकायहरूको ध्यान र स्थानीय बासीहरूको चेतनाको खाँचो छ ।

## ५.२ जीर्णोद्वारको समयमा गरिएका मुख्य कार्य

- तेश्रो पेटीमा लगाइएका बुट्टे इँटाहरू पुराना सवै झिकेर लगाइएका ।
- पेटी माथिको चौवीसवटा खम्बा रहेको लकासिँ काठ खोलेर हेर्दा कामै नलाग्ने गरी कुहिएको फेला परेको हुँदा सबै नयाँ फेरेको ।
- खम्बाहरू फट्टिएको ठाउँमा मिलाएको दक्षिणतर्फ नयाँ काठको चारवटा खम्बाहरू फेरेको तथा खम्बा र गारो बीच प्रदक्षिणा पथका सवै दलिन नयाँ राखेको ।

- गर्भगृहको बाहिरी र भित्री दुवै गारो स्क्रीनिङ्ग (Screening) गरी पुनः दचीअप्पा लगाएको ।

- उत्तरतर्फ नागवेली बुट्टा र हराइरहेको तीनवटा नागनागिनीका मूर्ति राखिएको ।

- आठवटै ढोकाहरू बिग्रेको ठाउँमा मर्मत गरी ढोकाको लकासिँ फेरेको, ढोकाको दायाँ, वायाँ रहेका ट्वाकल सिंहहरू मध्ये आठवटा नयाँ राखेको ।

- गर्भगृहको भूँइ र प्रदक्षिण पथ दुवैमा सतह मिलाई तेलिया इँटा छापेको ।

- गर्भगृहभित्रको गारोमा पनि बीसवटा काठको खम्बा देखिएको थियो । तर गारो भत्काउने क्रममा उत्तर र दक्षिण ढोकाको दुई-दुई कुनामा गरेर अरु चारवटा खम्बा भेटियो । यी खम्बाहरू पहिले नदेखिने गरी गारोले छोपेको थिए । हाल भने केही भाग देख्न सकिन्छ । गर्भगृहको गारो र खम्बामा माथिका तीन शिखरको भार समानरूपमा पर्नु पर्नेमा खम्बाले चाहिँ कुनै भार नलिएको तथ्य खम्बा मुनि कतै ढुङ्गा वा इँटा नभेटिई, माटो मात्र फेला पऱ्यो । यसले गर्दा शिखरहरूको बोझ गारोमा मात्र अत्याधिक पर्न गई गारोहरू भुक्क भएको चर्किएको र फाटेको हुन सक्छ । यसै कारणले गर्दा पश्चिमपट्टिको शिखर माझतिर केही ढल्केको जस्तो देखिन्छ । बाहिर पेटीमाथि चौवीसवटा खम्बाहरू भएजस्तै भिज्ञ गर्भगृह पनि चौविसवटा खम्बाहरू भेटियो । गर्भगृहमा देखिने बीसवटा खम्बाहरू मध्ये सोह्रवटा नयाँ फेरिएको छ भने चारवटा पुरानै जोडेर राखिएको छ । अहिले बीसवटै खम्बाहरू मुनि ढुङ्गाहरू राखिएका छन् ।

- तीनवटै लिङ्गको जलहरी उत्तरतर्फ फर्केको छ । जलहरीबाट पानी जाने निकाश
  (प्वाल) पनि तीनवटैमा पत्ता लागेको हुँदा पानी जम्ने समस्या छैन ।

- कृष्ण देवतासँग सम्बन्धित टुँडाल पाँचवटा र कुशल दुईवटा हराएको हुँदा नयाँ बनाइ राखिएको छ । त्यस्तै जस्ताको छाना हटाई पुरानै स्वरूपको झिँगटी

छाना छाइएको छ । छानाको भिरालो कम हुने हुँदा छाना माथिको भुँइलाई दुई सल माथि उठाइएको छ ।

- सम्पूर्ण काठका ढोका, खम्बा, कुँशल टुँडाल तथा सुन यो लम्वाको गजुर र त्रिशूल आदिको रसायन उपचार गरिएको छ । त्यस्तै शिखरहरूको चर्किएको भाग मर्मत गर्ने, झारपात विरुवा मार्न रसायन राख्ने तथा शिखरको माथिल्लो भाग र देवलमा चुना पोत्ने कार्य पनि गरिएको थियो ।

## ५.२.१ पुरातत्व विभागको संलग्नता

देशका राष्ट्रियस्तरमा रहेका सम्पदा र स्मारकहरूको संरक्षण, रेखदेख र जीर्णोद्वार गर्ने जिम्मा पुरातत्व विभागले उठाएको हुन्छ । पुरातत्व विभागले आफ्नो जिम्मेवारी स्वरूप विभिन्न पुरातात्विकस्थल स्मारकहरूको संरक्षण र सम्वर्द्धन गर्ने गर्दछ । यस बमवीरविकटेश्वर शिवालयमा पनि जीर्ण भएका भग्नावशेषहरूको जिर्णोद्वार कार्य आ.व. २०५८/५९ मा सम्पन्न गर्ने लक्ष्य लिई संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको  नीति, योजना अनुसार पूर्वाधार विकास महाशाखा र पुरातत्व विभाग मिली कुल रकम रु. २०,१७,५६१/१९ मा जीर्णोद्वार कार्य सम्पन्न भयो ।

१. इन्द्रभक्तेश्वर महादेवको मन्दिर र दुई तले सत्तल ।

२. लक्ष्मीनारायण मन्दिर तथा दुई तले सत्तल

३. श्री कृष्ण, बलभद्र र सुभद्रा रहेको जगन्नाथ मन्दिर

४. सेतो महादेव मन्दिर

५. गुणभुवनेश्वर महादेव मन्दिर तथा दुई तले सत्तल

६. पञ्चलिङ्गेश्वर महादेव मन्दिर

७. वाग्मती हनुमान घाट स्थित श्री रामचन्द्र, सीता, नरसिँह मन्दिर तथा सत्तलहरू

८. राधाकृष्ण मन्दिर तथा सत्तलहरू हाल भत्केकाले नरहेका ।

१. इन्द्रभक्तेश्वर महादेव मन्दिरको अवस्था सामान्य भएपनि सो मन्दिर पछाडिको सत्तलको दयनीय अवस्था देखिन्छ । छाना नभएको गारो चौतर्फी भत्किरहेको र उक्त क्रम जारी नै रहेको कलात्मक टुँडाल हराइसकेको तथा झ्याल कुनै पनि वेला खसी नष्ट हुन सक्ने अवस्खम्बाा रहेको देखिन्छ ।

२. लक्ष्मीनारायण मन्दिर साधारणतया ठिकै देखिन्छ तर सत्तलको हकमा ज्यादै जीर्ण रहेको देखिन्छ । ठाउँ ठाउँमा झिँगटी खसिरहेको तथा गारो पनि भत्कने क्रम जारी रहेको देखिन्छ ।

३. श्री कृष्ण, सुभदा, बलभद्र मन्दिर हाल ठिक अवस्खम्बाा रहेको वि.सं. २०४९ सालमा पूर्व अध्यक्ष स्व. जनार्दन विक्रम राणाको अध्यक्षतामा गठित समितिबाट जीर्णोद्वार भएको ।

४. सेतो महादेव मन्दिरको अवस्था जीर्ण रहेको छत प्वाल पर्नुको साथै उक्त मन्दिर जीर्णोद्वारको पर्खाइमा रहेको ।

५. गुण भुवनेश्वर मन्दिरको अवस्था जीर्ण रहेको एवम् छत प्वाल पर्नुको साथै उक्त मन्दिरमा सत्तलको हकमा झिँगटीको छाना पूरै खसी सकेको गारो भत्किएको तथा भत्कने क्रम जारी नै रहेकोले कलात्मक झ्यालको कलात्मक काठहरू सडिसकेकोले खस्ने अवस्खम्बाा रहेको देखिन्छ ।

६. पञ्चलिङ्गेश्वर महादेवको मन्दिर निम्न रहेको देखिन्छ । मन्दिर केही समय अगाडि भक्तजनहरूबाट केही हकसम्म जीर्णोद्वार भएकोले सामान्य अवस्खम्बाा रहेको देखिन्छ ।

७. वाग्मती हनुमानघाट श्री राम मन्दिरको पूर्व अध्यक्ष स्व. जनार्दनविक्रम राणाज्यूले उक्त मन्दिरको छाना ज्यादै जीर्ण भई झिँगटीहरू ठाउँ ठाउँबाट खसिरहेको हुँदा पूजाआजा, भजन गर्न नसकिने अवस्था देखिन्छ ।

८. राधाकृष्ण मन्दिर भत्किएर भगवान्को मूर्ति अलपत्र मिल्काई फालिएको हुँदा राम मन्दिरका पुजारी स्व. जगन्नाथ दासले राम मन्दिरमा ल्याई राखेका छन् । सत्तलको

हकमा उक्त सत्तलको कलात्मक झ्याल, ढोका, टुँडालहरू सम्पूर्ण चोरी भई नष्ट भई हाल केही पनि नभएको देखिन्छ ।

## ५.२.२ गुठीसंस्थान

कुनैपनि मन्दिर र मन्दिरसँग सम्बन्धित चाडपर्व, पर्वपूजा सांस्कृतिक कार्यक्रम सम्पन्न गर्ने प्राय मन्दिरहरूमा गुठीको व्यवस्था गरिएको हुन्छ जसले गुठीयारहरूसँग बेलाबेलामा मन्दिरहरूमा हुने यस्ता चाडपर्व सांस्कृतिक महोत्सव, या कुनै गुठी भित्रकै मानिसलाई आपतविपत परेको बेला यस्ता गुठी संस्थानहरूले ठूलो मद्दत गर्दछन् र यस्ता ठूला ठूला पर्वपूजा सवै रमाइलोसँग विना समस्याको समाधान गर्न यस्ता गुठीसंस्थानहरू खडा गरिएका हुन्छन् । यस्ता गुठीसंस्थानले आ-आफ्नो क्षेत्रको समस्या बुझी महत्वपूर्ण भूमिका निभाउने गर्दछ ।

यस बमवीरविकटेश्वरमा पनि यही नाममा गुठी संस्थान खडा गरिएको छ यस गुठीसंस्थानले यहाँको नित्यपूजा, पूजामा लाग्ने जति खर्च छ त्यस्तै वार्षिक पूजा, चाडपर्व, भैपरी आउने गुठीयारहरूको समस्यालगायत यस गुठीसंस्थानले यस बमवीरविकटेश्वर शिवालयको पुरातत्व विभाग संस्कृति उड्डयन तथा परराष्ट्र मन्त्रालय मिली यस मन्दिरका विग्रिएका, भत्किएका, चर्किएका भागहरूको जीर्णोद्वार गर्ने काम भएको छ । त्यस्तै कति सत्तल र मन्दिरहरूको भाग यस गुठीसंस्थान स्वयंले आफ्नो गुठीको लागतमा पनि जिर्णोद्वार गर्ने काम गरेको छ । हाल आएर त्यहाँ रहेका जति पनि पानी चुहिने, गारो चर्केको, बस्न नहुने भएका सत्तलहरू छन् तिनीहरूको व्यवस्थापनका साथै जीर्णोद्वार कार्य त्यहाँको गुठीसंस्थानले गर्न लागेको छ ।

## ५.२.३ सम्बन्धित व्यक्तिहरूको भूमिका

कुनैपनि मन्दिर, पुरातात्विक सम्पदा संरक्षण र सम्वर्द्धन गर्न गुठी मात्रले नगरी व्यक्ति स्वयंले आफनो स्वइच्छाले यस्ता वस्तुहरूको संरक्षण गर्न इच्छुक भइ आफूले सक्ने श्रम धन लगाएको हामी धेरै ठाउँमा देख्न सक्छौ ।

त्यस्तै यस बमवीरविकटेश्वर शिवालयको जीर्णोद्धार अवस्खम्बाा रहेका मन्दिर, सत्तल आदिको संरक्षण एवम् जीर्णोद्धार विभिन्न व्यक्तिहरूबाट पनि भएका छन् । मन्दिर जीर्णोद्धार गर्ने क्रममा करिव ७५० टन बोझ भएको शिखरहरूलाई नभत्काई गर्भगृहको दलिन तथा खम्बाहरू फेर्ने कार्य ज्यादै जटिल र सम्वेदनशील थियो तसर्थ त्यस्तो जीर्णोद्धार कार्यलाई सफलतापूर्वक सफल पार्न मुख्य भूमिका निभाउनु भएकाले जे.वि. निर्माण सेवाका श्री काजीराम अधिकारी, त्यस्तै जीर्णोद्धारको क्रममा कार्य परियोजना प्रमूख भई जिम्मेवारी वहन गर्ने मौका प्रकाश दर्नालज्यू, यस्ता जीर्णोद्धार इञ्चिनियरिङ्ग कार्यको लागि रमेश थपलिया त्यस्तै जिर्णोद्धार गर्ने क्रममा फोटोग्राफी गर्नुहुने ओम श्रेष्ठ त्यस्तै आफै स्वयम् पैसा लगानी गरी जीर्णोद्धार कार्य गर्नुहुने यस गुठीसंस्थानका अध्यक्ष श्री राजविक्रम राणाज्यू हुनुहुन्छ । यो मन्दिरको जिर्णोद्धार कार्य रु. २०,१७,५६१/९८ को लागतमा सम्पन्न गरिएको थियो (दर्नाल, २०३५ : ३०) ।

हाल आएर मन्दिर प्राङ्गणभित्रका जतिपनि पानी चुहिने, गारो चर्केका सत्तलहरूको जीर्णोद्धार कार्य हुदै आएको छ त्यसको सम्पूर्ण श्रेय यस संस्थाका अध्यक्ष श्री राजविक्रम राणाज्यूलाई नै जान्छ । उहाँले यस कार्यको लागि आफ्नो पैसा पनि लगानी गर्दै हुनुहुन्छ ।

# छैंठौं अध्याय

# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

नेपालको सांस्कृतिक सम्पदाहरूको आधार नै हाम्रा अनगिन्ती स्मारकहरू, परम्परा र चाडपर्वहरू हुन् जसले नेपाल र नेपाली हुनुमा गौरवान्वित बनाएका छन् । यी सम्पदाहरूले विश्वसामु हामीलाई परिचित गराएका छन् ।

नेपाली संस्कृतिको विशिष्टता नै धर्म कला र वास्तुकलामा आधारित छ । कला र धर्म एक अर्कामा परिपुरक रूपमा भएता पनि यिनीहरूको छुट्टाछुट्टै विधा छन् । धार्मिक पृष्ठभूमिमा हाम्रो कला विकास हुदै आएको पाइन्छ । पश्चिमी मुलुकहरूको कलामा लौकिकपना पाइन्छ । बाह्य सुन्दरतालाई महत्व दिएर कलामार्फत प्रस्फुटन गरिएको पाइन्छ । नेपाली कलाकारले धार्मिक विषयवस्तुलाई महत्व दिएर कलाकृति बनाउने परम्परा प्राचीनसमय देखि हालसम्म निरन्तर छ ।

प्रस्तुत अध्ययन “बमविरविकटेश्वर” शिवालयको सांस्कृतिक अध्ययन” पनि उपत्यकाका सांस्कृतिक सम्पदाहरू स्थलहरूमध्ये एक महत्वपूर्ण स्थल मानिन्छ । यहाँ भएका अनगिन्ती स्मारकहरू यस स्थलको सामाजिक,धार्मिक र सांस्कृतिक महत्व बढाएका छन । यस स्थलमा विभिन्न समयमा गरिने संस्कारहरू र पर्वहरू र उत्सवहरूले सांस्कृतिक संरक्षण र परम्परालाई निरन्तरता दिएको छ ।

यस स्थलको ऐतिहासिक महत्व त्यति नभएता पनि सांस्कृतिक दृष्टिकोणबाट यस स्थलको महत्वमा प्रकाश पारिएको छ । यस बमविरविकटेश्वर शिवालय र आसपासका विभिन्न स्मारकहरूले Tangible पक्षलाई महत्व राख्दछन्  भने सँगसँगै यहाँ सम्पन्न गरिने विभिन्न संस्कारहरू र चाडपर्वहरूले Intangible पनलाई उजागर पार्दछन । मन्दिर मुख्य रूपमा शैव धर्मसँग सम्बन्धित भएपनि यहाँ अन्य स्मारकहरूले वैष्णवको पर्खालकै रूपमा चारैतिर रहेका सत्तलहरूले यस स्थलको महत्व अझ बढाएको देखिन्छ । यस मन्दिरको वास्तुकला शाहकालीन वास्तुकलाको प्रतिनिधित्व

गर्दछ । मन्दिरको मुख्य देवता शिवलिङ्ग रहेको छ । यस मन्दिरमा दैनिक रूपमा गरिने नित्यपूजा, पूजासामग्रीहरू मन्दिर सँगै सम्वन्धित पर्वहरू आदिले मन्दिरको महत्व बढाएको छ ।

यो स्थल काठमाडौं उपत्यकाको मुटुमा भएतापनि संरक्षण र सम्बर्द्धनमा पछाडि परेको देखिन्छ । यहाँ मन्दिरमात्र नभएर आसपासका विभिन्न स्मारकहरूलाई उचित रूपमा सम्बन्धित पक्षहरूले संरक्षणमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

प्रस्तुत अध्ययले मूर्त र अमूर्त दुवै दृष्टिकोणबाट अध्ययन र विश्लेषण गर्दै यस स्थलको सांस्कृतिक महत्वलाई उजागर पारेको छ । यस अध्ययनबाट यस अध्ययनको क्षेत्रसँग सम्बन्धित अन्य सांस्कृतिक स्थलहरू अध्ययन गर्न र महत्वमाथि प्रकाश पार्न सहयोग पुऱ्याउने छ ।

- यस मन्दिरको प्रमुख विशेषतामा एउटै पेटिका एउटै जगमा निर्मित तीनवटा फरक फरक मन्दिर र तीनवटा गर्भगृहमा रहेका शिवलिङ्ग स्थापना गरिनु हो ।
- यो मन्दिरका शिखरहरूमा विचको दायाँ-बायाँ भन्दा मोटाइमा पनि ठूलो र अग्लो छ । दायाँ-वायाँका साना हुनाको मुख्य उद्देश्य यस मन्दिरलाई चारैतिरबाट हेर्दा नछेकियोस् भन्ने हो ।
- बीचको शिखरको माथि चारैतिर गवाक्ष राखिएको छ र यही शिखरको गर्भगृहभित्र रहेको शिवलिङ्ग दायाँ-वायाँका शिवलिङ्गहरू भन्दा आकारमा अलि ठूलो र यसैलाई मूख्य शिवलिङ्गको रूपमा पूजा गर्ने चलन छ ।
- तीनवटा शिललिङ्गको नामबाट यस मन्दिरको नामाकरण गरिएको छ ।

## ६.२ सुझाव

यो अध्ययनको यस बमविरविकटेश्वर मन्दिरको विविधपनहरूबाट विश्लेषण गर्दै यहाँको सांस्कृतिक, सामाजिक र ऐतिहासिक महत्व माथि प्रकाश पार्नमा नै यो अध्ययन केन्द्रित छ । यो स्थल नेपालको एक महत्वपूर्ण धार्मिक र सांस्कृतिकस्थल भएको हुनाले यस स्थलमाथि ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ । कुनै व्यक्ति

विशेषको नामबाट मन्दिरको निर्माण गरिएको भए तापनि यसले व्यक्ति, वंश र परिवारको भावनालाई मात्र प्रतिनिधित्व नगरेर सबैको भावनालाई व्यक्त गरिएको पाइन्छ । यसर्थ सबैको भावनाको कदर गर्ने यस स्थलका केही समस्या देखिन्छन । यस्ता समस्याहरूलाई औंल्याउदै यस स्थलको महत्वलाई अझ महत्व बढाउनु पर्ने देखिन्छ । यस स्थलको सांस्कृतिक महत्वलाई अझ बढाउने र संरक्षण गर्न, केही सुझावहरूको आवश्यकता देखिन्छ । यस अध्ययनसँग सम्बन्धित केही सुझावहरूलाई निम्न रूपमा प्रस्तुत गरिन्छ :

- यस बमविरविकटेश्वर शिवालयको अनुसन्धानात्मक अध्ययनको आवश्यकता छ ।
- प्राचीन इतिहास र यस स्थलको महत्व वीचको सम्बन्ध विस्तार गर्नुपर्दछ ।
- मुख्य मन्दिरको आधिकारिकतालाई प्रस्टाउनु पर्दछ ।
- निर्माणकर्ताको महत्वलाई ध्यान दिदै सम्बन्धित पक्षहरूलाई सहभागिता जनाउनु पर्दछ ।
- मन्दिरसँगै सम्बन्धित व्यक्ति र अन्य पक्षहरूवीच सुमधुर सम्बन्धको आवश्यकता देखिन्छ ।
- यस मन्दिरलाई व्यवस्थित तरिकाले संचालन गर्नु पर्ने आवश्यकता छ ।
- मन्दिरसँगै सम्बन्धित संस्कारहरू चाड, पर्वहरू र अन्य उत्सवहरूलाई व्यवस्थित तरिकाले संचालन गरिनुपर्छ ।
- समय-समयमा जीर्णोद्वार भए पनि पूर्ण जीर्ण अवस्था नपुगी जीर्णतर्फ उन्मुख भएको अवस्खम्बाात्र जीर्णोद्वार भए उचित संरक्षण हुन सक्छ ।
- जीर्णोद्वार कार्यमा सम्बन्धित व्यक्तिहरू, संस्कृति मन्त्रालय भएका विभिन्न सांस्कृतिक कार्यहरू (पूजा, संस्कार, पर्वहरू) लाई अभिलेखिकरण गरी यिनीहरूको महत्व बढाउनु पर्दछ ।

अन्तमा, प्रस्तुत अध्ययन ‘बमविरविकटेश्वर शिवालयको सांस्कृतिक अध्ययन’ बाट यस स्थलको विविध सांस्कृतिक पक्षहरूलाई सकेसम्म केन्द्रित रही विश्लेषण गर्दै सांस्कृतिक महत्वलाई बढाइएको छ ।

# परिशिष्ट

## परिशिष्ट क

अन्तवार्ता प्रश्नावलीको नमूना

नामः उमेरः

ठेगानाः शिक्षाः

पेशाः धर्मः

**प्रश्नावलीको नमूना**

१) तपाईको नाम के हो ? र कहाँ बस्नु हुन्छ ?

२) तपाईको पेशा के हो ?

३) बमबहादुर राणा र तपाईको सम्बन्ध के हो ?

४) यो मन्दिर निर्माण गर्न कसको देन छ ?

५) मन्दिर ऐतिहासिकता थाहा छ ?

६) यो मन्दिर बनाउनुको कारण थाहा छ ?

७) बमबहादुर राणाले मन्दिर किन बनाउनु भयो ?

८) तपाई कतिको यहाँ संलग्नता हुनुहुन्छ ?

९) के-के कुराहरूमा संलग्न हुनुहुन्छ ?

१०) यस मन्दिरमा के के कामहरू गरिन्छन ?

११) मन्दिरका सत्तलहरूमा को-को बस्दै आएका हुन् र किन ?

१२) तपाईहरू यहाँ कहिले देखि बस्दै आउनुभएको र किन ?

१३) यहाँ बसेर के गर्नु हुन्छ ?

१४) तपाइँहरूलाई यहाँ बसेबापत केही गर्नुपर्छ ?

१५) तपाइँहरूलाई खान र अरु आवश्यकताहरू कसैले व्यहोर्नुहुन्छ वा आफैले गर्नुहुन्छ ?

१६) मन्दिरको पूजा कसले गर्दछ ?

१७) पुजारीहरू कति जना हुनुहुन्छ ?

१८) पूजाका विधिहरू के-के हुन् ?

१९) पूजाका सामग्रीहरू के-के हुन् ?

२०) कुन-कुन पर्वहरू र संस्कारहरू गरिन्छन् र कहिले ?

२१) यो मन्दिरको जीर्णोद्धार कहिले र कसले गऱ्यो ?

२२) सत्तलको जीर्णोद्धार कहिले र कसले गऱ्यो ?

२३) यहाँका मूर्तिहरू चोरी भएका छैनन् ?

२४) मुर्तिहरूको हेरचाह कसले गर्दछ ?

२५) यस शिवालय कसको रेखदेखमा सञ्चालित छ ?

२६) यहाँको अध्यक्ष को हुनुहुन्छ ?

२७) उहाँहरूको व्यवहार तपाईंहरूप्रति कस्तो छ ?

२८) पहिलेका अध्यक्षज्यू र हालको अध्यक्षज्यूमा के फरक पाउनु भयो ?

२९) यहाँको सञ्चालक समितिमा कतिजना सदस्यहरू कार्यरत हुनुहुन्छ ?

३०) गुठीका सदस्यहरूबाट तपाईंले पूर्ण सहयोग पाउनु भएको छ ?

३१) यहाँ रहेको कार्यालयले यस मन्दिरको के-के काम गर्छ ?

३२) गुठीबाट उठ्ने रकमले यहाँको सम्पूर्ण पर्वहरू, सांस्कृतिक कार्यक्रमहरू गर्न पुग्छ ?

३३) यहाँको नित्यपूजा र बासी पूजा गर्न त्यति खर्चले धान्छ त ?

३४) पुरातत्व विभागले यस मन्दिरको जीर्णोद्वारलाई कत्तिको सहयोग पुऱ्याएको छ ?

३५) हालसम्म भएको जीर्णोद्वारमा तपाईंको आफ्नो खर्चबाहेक अरु व्यक्ति र संस्थाबाट सहयोग आयो कि आएन ?

३६) तपाईंलाई पुरातत्व विभाग र अरु संस्थाले के गरिदियोस् जस्तो लाग्छ ?

३७) तपाईंले भविष्यमा यो मन्दिर नीजिकै रूपमा राख्न चाहनुहुन्छ वा सर्वसाधारणका लागि पनि खुल्ला राख्न चाहनुहुन्छ ?

३८) तपाईंहरू यहाँबाट दिइएको तलबबाट सन्तुष्ट हुनुहुन्छ त ?

३९) भविष्यका लागि शिवालयलाई के गर्दा राम्रो हुन्छ र यसको दिगो समाधान खोज्नुभएको छ ?

४०) यस मन्दिरलाई अझ व्यवस्थित गर्न के गर्नु पर्दछ जस्तो लाग्छ ?

# सन्दर्भ ग्रन्थसूची

**नेपाली पुस्तकहरू**


कार्की, जया, (२०३६), **राणाकालीन नेपालको ऐतिहासिक घटनावली,** काठमाडौंः मानव श्रोत विकास अनुसन्धान केन्द्र ।

कोइराला, कुलचन्द्र, (२०५०), **नेपालका आराध्यदेव श्री पशुपतिनाथ,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

खत्री, प्रेमकुमार, (२०४४), **नेपाली समाज र संस्कृति,** काठमाडौं, साझा प्रकाशन ।

खत्री, प्रेमकुमार, (२०५८), **नेपाली धर्म र समाज,** काठमाडौंः एम.के. प्रकाशन ।

दाहाल, पेशल, सोमप्रसाद खतिवडा (२०५९), **अनुसन्धान पद्धति** भोटाहिटी, काठमाडौंः एम.के. प्रकाशन ।

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, (२०५४), **नेपालको पौराणीक इतिहास,** कीर्तिपुरः नेपाल एसियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

पोखरेल, चिरञ्जीवी शर्मा (अनु), (२०४५), **नेपाल माहात्म्य,** ललितपुरः साझा प्रकाशन ।

पौड्याल, वीणा, (२०५६), **नेपाली मूर्तिकला र चित्रकला**, कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि. वि. ।

पौड्याल, वीणा, (२०६०), **सर्वेश्वर महादेव**, काठमाडौंः डा.ठाकुरनाथ पन्त स्मृति गुठी कीर्तिपुर ।

मिश्र, मदनमोहन, (२०४३), **नेपाली संस्कृतिमा शिव महिमा,** ललितपुरः साझा प्रकाशन ।

मुनंकर्मी, लीलाभक्त, (२०४१), **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन,** भक्तपुरः श्रीमती भवानी कुमारी मुनंकर्मी ।

रेग्मी, जगदीशचन्द्र, (२०२६), **लिच्छवि संस्कृति,** वाराणसीः हिन्दुविश्वविद्यालय ।

रेग्मी, जगदीशचन्द्र, (२०३३), **शाहकालीन कला र वास्तुकला,** ललितपुरः साझा प्रकाशन ।

रेग्मी, जगदीशचन्द्र, (२०३९), **नेपालको धार्मिक इतिहास,** काठमाडौंः रत्न पुस्तक भण्डार ।

वाङ्गदेल, लैनसिंह, (२०३९), **प्राचीन नेपाली मूर्तिकलाको इतिहास,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

## अंग्रेजी पुस्तकहरू

Fleming, Robert and Linda, Fleming, (1978), **Kathmandu Valley**, Bombay: Allied Publishers Pvt.

Gupta, Ramesh.S. (1980), **Iconography of the Hindu, Buddhists, and Jains**, Bombay: D.B. Taraporevala sons and co.pvt. Ltd. (210 Dr.Dadabhai.Naoroji Road).

Hutt, Michael, (1994), **Nepal**: **A Guide to the Art and Architecluture of the Kathmandu Valley**, Scotland, Kiscadale Publications/an imprint of Paul Strachan- Kiscadale.

Majupuria, Trilok Chandra and Rohit Kumar, (2004), **Religious in Nepal**, India: M. Devi Lashkar (Gwalior).

Majupurias, Rohit Kumar and Trilokchandra, (2005), India: Gods Goddesses and Religious Symbols of Hindusim, Buddhism and Tantrism.

Pal, Pratapaditya, (1974), The Art of Nepal, Netharland: E.J. Brill.

## नेपाली पत्रपत्रिकाहरू

अमात्य, साफल्य, (२०५०), "वाग्मतीः सांस्कृतिक सम्पदाको भण्डार", **मधुपर्क**, काठमाडौं, वर्ष २६, अंक ३, पूणांक २८९, पृष्ठ ८ ।

दर्नाल, प्रकाश (२०६१), "पचलीस्थित बमविरविकटेश्वर महादेव मन्दिर जीर्णोद्वार", **प्राचीन नेपाल**, अंक १५५, पृ.३२-५३ ।

श्री ५ को सरकार, (२०६१), "नेपाल अधिराज्यको संक्षिप्त परिचय", काठमाडौंः श्री ५ को सरकार सूचना विभाग, सूचना तथा संचार मन्त्रालय ।

# परिशिष्ट घ

## बमविरविकटेश्वर शिवालयमा गरिने वार्षिक पूजाहरू

| तिथी | महिना | कार्य |
|---|---|---|
| अक्षय तृतीया | वैशाख | यस शिवालय र टेकु पचली भैरबमा सर्वत र सातु बाड्ने चलन छ र ८ जनालाई १-१ माना चिउरा दिने त्यस्तै ग्ह्वेश्वरी बम रामेश्वरमा पनि पूजा र सर्वत सातु बाँड्ने चलन छ । |
| शुक्ल अष्टमी | श्रावण | यस शिवालयमा र खीर बाँड्ने तथा चिउरा स्वास्थ्य मिठाई बाँड्ने त यस्तै बम रामेश्वर मृगस्थलीमा पनि खीर, चिउरा सख्खर मिठाई बाँड्ने चलन छ। |
| जनै पूर्णिमा | भाद्र | यस दिन तिन देवलमा शिवलिङ्ग पूजाआजा गर्ने त्यस्तै वमरामेश्वर मृर्गस्थलीमा पनि पूजा आजा गर्ने चलन छ । |
| कृष्णा अष्टमी | भाद्र | यस दिन यस मन्दिरमा रहेको भगवान् श्री कृष्णको पूजा र हलुवापुरी भण्डार वितरण । |
| | भाद्र | हरेक वर्ष भाद्र महिनामा पशुपतिनाथको मन्दिरमा गई तयही वर बसी मुकुट धुलाउन वाणालाई बोलाई धुन लगाउन पर्ने । |
| हरितालिका (तृतिया) | भाद्र | प्राय भाद्र महिनामा मनाइने यस दिनलाइ तीज पनि भनिन्छ । यस दिन यस शिवालय वरिपरि वत्ती बाल्ने र पूज ागर्ने चलन छ । |
| औशी | कार्तिक | प्राय कार्तिक महिनाको औशिका दिन मनाइने पर्व लक्ष्मी पूजा, यस दिन राम मन्दिरको हनुमानलाई नयाँ बस्त्र पहिराई तेल लगाउने र पूजा गरी हनुमान जयन्ति मनाउने चलन । |

| | | |
|---|---|---|
| बसन्त पञ्चमी(श्री पञ्चमी) | माघ | प्राय माघ महिनामा पञ्चमीका दिन मनाईने चाड वसन्त पञ्चमी हो । यस दिन वमरामेश्वर मृगस्थलीमा होम, पूजा पाठ, गरि हण्डी बाढ्ने तथा वाद्रलाई धान र मकै खुवाउने चलन छ । |
| | फागुन | यस दिन यस गुठीबाट भद्रकाली तोरण पूजाका लागि चार मुरी धान दिन पर्ने चलन छ । |
| अचला सप्तमी | फागुन | यस मन्दिरको वर्ष बन्धन (होम, यज्ञ) पूजा गरी सवै इष्टमित्र वोलाई खुवाउने नयाँ कपडाको झल्लर टाग्ने, घण्टा र बसाहालाई तेल दल्ने । |
| शुक्ल अष्ठमी | फागुन | यस दिन गुहेश्वरी माईको पूजा गरि बलि दिने र भगवान् पशुपतीनाथ पूजा गरि प्रसाद बाँडने चलन छ । |
| बाला चर्तुदशी | फागुन | शिवरात्रीका दिन टेकुमा साधु सन्तलाई मुडा बाड्ने र सख्खर चिउरा तथा हलुवा पुरी वाड्ने सोहि दिन भण्डारा ख्वाउने त्यस्तै पचली भैरवमा मुडा र दुइमाना तेल दिने सोहि दिन पशुपति मृगस्थलिमा मुडा बाढ्ने र चिउरा,सख्खर बाड्ने भोलिपल्ट औंशिका दिन एक माना चिउरा १० जना पुजारीलाई बाड्ने गरिन्छ । |
| राम नवमी | चैत्र | राम नवमीका दिन यस मन्दिरको राम मन्दिरमा पूजा तथा नयाँ वस्त्र चढाउने र हलुवा पुरी बाढ्ने गरिन्छ । |
| | चैत्र | चैत्र महिनाको घोडे जात्राका दिन भद्रकाली पूजाको लागि वोका सहित पूजा सामान दिने चलन । |
| बैकुण्ठ चर्तुदशी | चैत्र | यस दिन गुहश्वरीमा जोर सिंहको पर्व बर्षवन्धन पूजा तथा तेल दल्ने तथा वत्ती बाल्ने चलन छ । |

# परिशिष्टहरू

## परिशिष्ट क

वंश वृक्ष

## परिशिष्ट ख

यक्ष विक्रम ताम्रपत्र

## परिशिष्ट ग

बमविरविकटेश्वर महादेवको उत्तरतर्फ प्राङ्गणमा रहेको वि.सं. २००७ सालको अभिलेख

## परिशिष्ट घ

बमविरविकटेश्वर शिवालयमा गरिने वार्षिक पूजाहरू

# चित्रफलक

## चित्र नं. १



बमवीरविकटेश्वर शिवालय (फोटोः सुरेश लाखे)

## चित्र नं. २



मुख्य मन्दिरको पछाडिको भाग

**चित्र नं. ३**



शिवलिङ्गको दायाँ भाग




शिवलिङ्गको प्रमुख (वीचको) भाग




शिवलिङ्गको बायाँ भाग

चित्र नं. ४



शिवलिङ्गको हातेचित्र

चित्र नं. ५



**मुख्य मन्दिरको हाते चित्र (चित्रः राजकुमार महर्जन)**

चित्र नं. ६



बमबहादुर राणा (फोटोः राजविक्रम कुँवर राणा)

चित्र नं. ७



मूख्य मन्दिर भित्रको शिवलिङ्ग



मन्दिर प्राङ्गणभित्र रहेको त्रिशूल

चित्र नं. ८



मुख्य मन्दिर चढ्ने सिँढीसँगै दायाँ वायाँ राखिएको घण्ट, मण्डप र वेदी





मन्दिर प्राङ्गणभित्र रहेका साना साना शिवलिङ्गहरू

चित्र नं. ९



**मुख्य मन्दिर प्राङ्गणमा रहेका गणेश, विष्णु, देवी र सूर्यका साना मन्दिरहरू**

## चित्र नं. १०





**मन्दिर प्राङ्गणमा रहेका जीर्णोद्वार गर्न लागिएको सत्तल (फोटोः संजिव महर्जन)**

चित्र नं. ११





मुख्य मन्दिर प्राङ्गणको जीर्ण अवस्खम्बाा रहेको सत्तल

## चित्र नं. १२



मुख्य मन्दिर प्राङ्गणको जीर्णोद्वार गरिएको सत्तल



शिवालयको मुख्य पूजा पर्वहरूमा हवन कुण्ड

**चित्र नं. १३**







**यस शिवालय परिसरमा रहेका राम मन्दिर र हनुमानको मूर्ति र राम पादुका**

**चित्र नं. १४**





**मन्दिर परिसरभित्र रहेका शिवलिङ्गका मन्दिरहरू**

चित्र नं. १५



मन्दिर परिसरभित्र रहेका शिव  मन्दिर



मन्दिर परिसरभित्र रहेका जगन्नाथ मन्दिर

**चित्र नं. १६**




**मन्दिर परिसरमा रहेको राम मन्दिरको सत्तल**



**मन्दिर परिसरमा रहेको भत्किसकेको मन्दिरको सत्तल**

चित्र नं. १७



यस शिवालयको सत्तलमा बस्ने वृद्धाहरूका साथमा सोधकर्ता

चित्र नं. १८



यस मन्दिरको सत्तलमा बस्ने सन्तहरू

चित्र नं. १९






यस मन्दिरको सत्तलमा बसेका किरियापुत्रीहरू

चित्र नं. २१



किरियापुत्रीले पूजा गर्ने ढिकुरो

चित्र नं. २१











बमविरविकटेश्वर शिवालय प्राङ्गणमा रहेको सत्तलको काष्ठ टुँडाल मूर्तिहरू

चित्र नं. २३









बमविरविकटेश्वर शिवालयको प्राङ्गण र मन्दिरको आसपास रहेका विभिन्न देवीदेवताका मूर्तिहरू


चित्र नं. २४






यस

शिवालयमा बम सन्ततिद्वारा राख्न लगाइएको शिलालेख


Kathmandu valley
N
6 0 6 Kilometers
by Indra paneru cdg GIS lab TU


NEPAL
Kathmandu valley
N
200
0
200 Kilometers